# सन्धिखर्क नगरपालिकाको

## प्रथम आवधिक नगर विकास योजना

आर्थिक वर्ष २०७८।७९ देखी २०८२।८३

सन्धिखर्क नगरपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची

२०७८

## दुई शब्द

दोस्रो विश्व युद्ध पश्चात विश्वमा जनचेतनाको अभिबृद्धि भई राजनीतिक तथा आर्थिक विकासमा नागरीकहरुले आफ्नो अधिकारको माग थालेको पाइन्छ । नेपालमा पनि त्यही समयमा नेपाली जनताले आफ्नो अधिकारको लागि एकतन्त्रीय राणा शासनको विरुद्ध आन्दोलन गरेर वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना गरेको थियो । यद्यपी उक्त प्रजातान्त्रिक शासन व्यवस्था माथी विभिन्न समयमा अपहरण भएको हुँदा नेपालमा धेरै पटक आन्दोलन गर्नु परेको इतिहास छ । वि.सं. २०४६ सालको जनआन्दोलनले पूनःस्थापना गरेको वहुदलिए शासन व्यवस्था पूनःअपहरण भए पछि वि. सं. २०६२।६३ सालको दोस्रो जनआन्दोलनले नेपालमा संघीय गणतन्त्रीक शासन व्यवस्था स्थापना गरेको हो । यही आन्दोलनको वलमा बनेको जननिर्वाचित संविधानसभाबाट “नेपालको संविधान” निर्माण भई लागु भए पश्चात संविधान अनुसार राज्यको पूनःसंरचना गरी संघ, प्रदेश र स्थानीय सरकारको गठन गरिएको छ । यी तीनै तहको सरकारले एक आपसमा तादत्म्यता हुने गरी आवधिक तथा वार्षिक योजना बनाई योजनाबद्ध विकास गर्नु पर्ने कानूनी व्यवस्था गरिएको छ ।

स्थानीय सरकारको जनताको घर दैलोको सरकार भएकोले स्थानीय जनताको आबस्यकता र चाहना अनुसार योजना बनाउनु एक चुनौतिपूर्ण कार्य हो । संविधानको भावना अनुसार नेपालको पन्ध्रौं योजनामा उल्लेख **समृद्ध नेपाल, सुखी नेपाली**को सोच तथा लक्ष्य, दिगो विकास लक्ष्य, प्रदेश योजनाको लक्ष्यसंग तादत्म्यता हुने गरी **सन्धिखर्कको रहर, स्मार्ट सहर** भन्ने सोच पूरा हुने गरी आवधिक योजना बनाएको छ । योजनाहरुबीचको तादत्म्यता मिलाउने मुख्य आधार सहकारीता, सहअस्तित्व र समन्वय हो । यसबाट नगरपालिकाले नगरबासीको आबस्यकता र चाहना संबोधन हुने अपेक्षा गरेको छु ।

भनिन्छ नेपाल धनी देशको गरीव जनता भएको मुलुक हो । विश्व मानचित्रमा नेपाल प्राकृतिक, मानवीय, सामाजिक आदी स्रोतका आधारमा सम्पन्नशाली भएर पनि नेपाली जनताको आर्थिक तथा सामाजिक विकास वाञ्छित मात्रामा हुन सकेको छैन । उक्त सन्दर्भमा यस नगरपालिका

भित्रका स्रोत साधनको उच्चतम परिचालन गरी योजना कार्यान्वयनबाट नगरबासीको समृद्धि र सुख प्राप्ती हुने अपेक्षा गरेको छु । यो योजना कार्यान्वयन गर्न स्थानीय जनता, जनप्रतिनिधियो योजना तर्जुमाका कममा सहभागी स्थानीय जनता, नगरपालिकाका संपूर्ण जनप्रतिनिधि, जिल्ला समन्वय समिति, प्रदेश सभासद, स्थानीय बुद्धिजीवी, नगरपालिका तथा जिल्लाका कर्मचारी वर्ग लगायत सम्पूर्ण महानुभावमा हार्दिक धन्यावाद दिन चाहन्छु । यो योजना बनाउन प्राविधिक सहयोग सहयोग गर्ने नेपाल ट्रेडका सञ्चालक उदय भट्टराई, सहजकर्ता एवं योजना दस्तावेज लेखन कार्य गर्नु हुने डा. बुद्धि मान श्रेष्ठ का साथै कृष्ण लेकाली र एस.पी. ज्ञावली लगायत सबैलाई हार्दिक धन्यावाद दिन चाहन्छु ।

कमल प्रसाद भुसाल

नगर प्रमुख

सन्धिखर्क नगरपालिका

अर्घाखाँची, लुम्विनि प्रदेश ।

# विषय सूची

दुई शब्द ........ i
विषय सूची ........ iii
शब्द संक्षेप ........ viii
परिच्छेद १: परिचय ........ 1
१.१ पृष्ठभूमी ........ 1
१.१.१ उद्देश्य ........ 4
१.१.२ योजना तर्जुमा विधि ........ 4
१.१.३ योजना तर्जुमा सिमा ........ 6
१.२ सन्धिखर्क नगरपालिकाको वस्तु स्थिति विवरण ........ 7
१.२.१ जनसंख्या विवरण ........ 7
१.२.२ भौगोलिक स्थिति ........ 11
१.२.३ आर्थिक विकास स्थिति ........ 16
१.२.४ सामाजिक विकास स्थिति ........ 22
१.२.५ भौतिक पूर्वाधार ........ 25
१.३ सन्धिखर्क नगरपालिकाको विकासको समीक्षा ........ 30
१.४ आवधिक योजनाको सीमा ........ 31
परिच्छेद २: प्रादेशिक योजना ........ 33
२.१ पृष्ठभूमी ........ 33
२.२ चुनौति र अवसर ........ 34
२.३ योजना खाका ........ 39
२.३.१ सन्धिखर्क नगरपालिकाको सोच ........ 39
२.३.२ सन्धिखर्क नगरपालिकाको प्रथम आवधिक योजनाको लक्ष्य ........ 43
२.३.३ परिमाणात्मक लक्ष्य ........ 43

२.३.४ सन्धिखर्क नगरपालिकाको उद्देश्य ........ 50
२.३.५ सन्धिखर्क नगरपालिकाको रणनीति ........ 50
२.४ समष्टिगत आर्थिक लक्ष्य र खाका ........ 53
२.४.१ आर्थिक बृद्धिदर ........ 53
२.४.२ लगानीको आबस्यकता र स्रोत ........ 53
२.४.३ सार्वजनिक स्रोत व्यवस्था ........ 56
२.४.४ अन्तर सरकारी वित्त ........ 58
२.४.५ स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु ........ 59
२.४.६ रणनीति ........ 59
परिच्छेद ३: समष्टिगत आर्थिक नीति ........ 60
३.१ सार्वजनिक वित्त ........ 61
३.१.१ सार्वजनिक खर्च ........ 61
३.१.२ राजस्व ........ 61
३.१.३ वैदेशिक सहायता परिचालन ........ 64
३.१.४ सार्वजनिक ऋण ........ 64
३.२ सार्वजनिक, नीजी र सहकारी साझेदारी ........ 64
३.३ वैदेशिक लगानी ........ 64
३.१.३ राजस्व प्रक्षेपण ........ 64
३.१.४ राजस्व बाँडफाँड ........ 65
परिच्छेद ४: आर्थिक क्षेत्र ........ 68
४.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन ........ 68
४.१.१ कृषि विकास ........ 69
४.१.२ पशुपन्छी विकास ........ 74
४.१.३ खाद्य सुरक्षा तथा पोषण ........ 76

४.१.४ सिँचाई ..... 77
४.१.५ भूमी व्यवस्था ..... 80
४.१.६ जलस्रोत ..... 82
४.१.७ वन तथा वनस्पति सम्पदा ..... 84
४.१.८ खनिज सम्पदा ..... 87
४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन ..... 87
४.२.१ उद्योग ..... 87
४.२.२ वाणिज्य ..... 89
४.२.४ पर्यटन ..... 90
परिच्छेद ५: सामाजिक क्षेत्र ..... 92
५.१ जनसंख्या तथा बसाइँसराइ ..... 92
५.२ शिक्षा ..... 95
५.३ स्वास्थ्य तथा पोषण ..... 99
५.४ खानेपानी तथा सरसफाइ ..... 101
५.५ युवा ..... 103
५.६ महिला ..... 104
५.७ बालबालिका तथा किशोरकिशोरी ..... 106
५.८ ज्येष्ठ नागरिक ..... 108
५.९ अपांगता भएका व्यक्तिहरु ..... 110
५.१० खेलकुद ..... 111
परिच्छेद ६: पूर्वाधार क्षेत्र ..... 113
६.१ ऊर्जा ..... 113
६.१.१.जलविद्युत ..... 113
६.२ यातायात पूर्वाधार ..... 115

६.२.१.सडक ........ 115
६.२.२ केबल कार, रज्जुमार्ग तथा अन्य यातायात ........ 118
६.२.३ यातायात व्यवस्थापन ........ 118
६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार ........ 119
६.४ शहरी तथा वस्ती विकास ........ 122
परिच्छेद ७: लोकतन्त्र र सुशासन ........ 124
७.१ राष्ट्रिय एकता ........ 125
७.२ सुरक्षा ........ 126
७.३ शान्ति र सुव्यवस्था ........ 127
७.४ नेतृत्व निर्माण ........ 129
७.३ शान्ति र सुव्यवस्था ........ 131
७.५ न्याय प्रणाली ........ 132
७.८ प्रशासकीय सुशासन ........ 134
७.१० वित्तीय सुशासन ........ 138
परिच्छेद ८: अन्तर सम्बन्धित विषय ........ 141
८.१ तथ्यांक प्रणाली ........ 142
८.२ गरिबी निवारण ........ 145
८.३ श्रम तथा रोजगारी ........ 147
८.४ वातावरण ........ 148
८.५ जलवायु परिवर्तन ........ 150
भू-क्षय तथा बाढीपहिरा ........ 150
८.६ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरु ........ 150
परिच्छेद ९: योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन ........ 151
९.१ योजना तर्जुमा ........ 151

९.२ आयोजना बैंक ........................................................................ 152
९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था ........................................................................ 153
९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय ........................................................................ 157
९.५ जोखिम व्यवस्थापन ........................................................................ 159
९.६ अनुगमन तथा मूल्यांकन ........................................................................ 160
अनूसूची ........................................................................ 169
आयोजना र लागत अनुमान, कार्यान्वयन ........................................................................ 185

# शब्द संक्षेप

| | |
|---|---|
| नपा | नगरपालिका |
| अत: | अन्तत |
| % | प्रतिशत |
| ० | डिग्री |
| मि. | मिटर |
| क्र.सं. | क्रम संख्या |
| स.न.पा. | सन्धिखर्क नगरपालिका |
| ने.रा. | नेपाल राष्ट्र |
| नं. | नम्बर |
| प्रा.लि. | प्राइभेट लिमीटेड |
| वि.सं. | विक्रम संवत |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| आ.व. | आर्थिक वर्ष |

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमी

सन् १९२८ बाट विश्वमा योजनाबद्ध विकासको थालनी भएको पाइन्छ। तर दोस्रो विश्व युद्ध पश्चात मात्र जनचेतनामा अभिबृद्धि भई सन् १९६० को दशक पछि विकेन्द्रीकरणको सिद्धान्तको आधारमा स्थानीय सरकारलाई स्थानीय विकासको अधिकार हस्तान्तरण भएको हो। तत् पश्चात स्थानीय तहको योजना बनाउन विभिन्न देशमा विभिन्न मोडलहरु अवलम्बन गरिएको पाइन्छ। दोस्रो विश्व युद्ध पश्चात मानिसको चेतनामा बढेको लहर संगै मानिसहरुबाट अधिकारको माग हुँदा विकेन्द्रीकरणको प्रादुर्भाव भएको हो। यसले मानिसमा आफ्नो विकास आफै गर्नु पर्दछ भन्ने धारणाको विकास भएको र यस अनुसार आर्थिक तथा सामाजिक विकासको अधिकार क्रमशः तल्लो तहमा हस्तान्तरण हुँदै गएको पाइन्छ।

नेपालमा पनि वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएको हो। प्रजातन्त्रको पून:स्थापनाका लागि विभिन्न समयमा आन्दोलनहरु भएका छन् । वि.सं. २०४६ सालको ऐतिहासी जनआन्दोलन पश्चात प्रजातन्त्रको पून:स्थापना भएको र सोही राजनीतिक अधिकारले बढाएको जनचेतना संगै वि.सं. २०६२।६३ को दोस्रो आन्दोलनले बनाएको संविधान सभाले वि.सं. २०७२ सालमा नेपालको वर्तमान संविधान बनाएको हो। यही संविधान अनुसार नेपालको संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रको आर्थिक तथा सामाजिक विकास गर्नका लागि आवधिक योजना बनाउनु पर्ने कानूनी व्यवस्था रहेको छ। यहि कानूनी व्यवस्था र सन्धिखर्क नगरपालिकाको चाहना अनुसार यो पञ्चवर्षिय आवधिक योजना बनाइएको हो।

सन्धिखर्क नगरपालिका इतिहास, संस्कृति, भूगोल आदिका आधारमा नेपालका स्थानीय तहहरु मध्ये आर्थिक तथा सामाजिक दृष्टिले खास किसिमको चरित्र भएको नगरपालिका हो। यो नगरपालिका अन्तर्गत अर्घा, रजस्थल र खाँचीकोट जस्ता प्रसिद्ध ऐतिहासिक कोटहरु रहेको, रामायण र महाभारत कालसंग सम्बन्धित केहि स्थानहरु र पाणिनी ऋषिको तपोभूमि पनि रहेको जनश्रुति पनि पाइन्छ।  तराई र पहाडको संगमस्थल जस्तो देखिने यस

नगरपालिकाले तराईका बुटवल भैरहवा र पहाडको अर्घाखाँची, गुल्मी लगायतका जिल्लाको आर्थिक कृयाकलापमा जोड्ने काम गरेको छ। यसबाट नगरपालिकाले दिगो योजनाबद्ध आन्तरिक र वाह्य आर्थिक कृयाकलापबाट पर्याप्त फाइता लिन सक्ने देखिन्छ।

आवधिक योजना पूर्व निर्धारण गरिएको साधनको आधारमा पूर्व निर्धारण गरिएको साध्य प्राप्त गर्न बनाइएको दस्तावेज हो। साधनको पूर्वानुमानको आधार नगरपालिकाले विगत पाँच वर्षमा परिचालन गरेको राजस्व हो भने नगरपालिको पूर्व निर्धारण गरिएको साध्य नगरभित्रका टोल तथा वस्तीका जनता र जनप्रतिनिधिको आस्यकता र चाहना अनुसार छनौट गरिएको आयोजना कार्यान्वयनबाट प्राप्त प्रतिफल हो। साध्य टोल तथा वस्तीको स्थानीय जनताबाट संकलन गरिएका आयोजनालाई नगरपालिकाको सोच, लक्ष्य, नीति तथा कार्यक्रममा जोडी रणनीति र कार्यनीति अनुसार कार्यान्वयन भई प्राप्त हुने अपेक्षा गरिएको छ। यस आवधिक योजना कार्यान्वयनको स्थितिलाई भरपर्दो बनाउन अनुगमन र मुल्यांकनको ढाँचा समेत निर्धारण गरिएको छ।

सरकारको योजनामा साधन अन्तर्गत उपलब्ध भौतिक वस्तु र राजस्व तथा ऋण पर्दछ भने साध्य अन्तर्गत सरकारको सोचका आधारमा निर्धारण गरिएको लक्ष्य पर्दछ। लक्ष्य प्राप्तीका लागि सरकारले अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना बनाउने गर्दछ। आवधिक योजना मध्यकालीन योजना हो यसमा अल्पकालीन योजनाको अनुभव र दीर्घकालीन योजनाको मार्गदर्शनको आधारमा पूर्वाधार निर्माण लगायत योजना कार्यान्वयनमा देखिएको कमी कमजोरी कम गराउने उद्देश्य राखी लक्ष्य किटान गरिएको हुन्छ। आवधिक योजना योजनाबद्ध तरीकाले आर्थिक विकास गर्नका लागि अतिआबस्यक मानिन्छ। आवधिक योजना बनाउन Top Down र Bottom Up Approach अपनाउन सकिन्छ। Bottom Up Approach वस्ती देखि केन्द्र सम्म सहभागीतत्मक प्रकृया अपनाई योजना तर्जुमा गरिने विधि हो। संघीय संरचना भएको देशमा यो विधि प्रयोग गर्ने उपयुक्त संस्थागत आधार स्थानीय सरकारलाई मानिन्छ। स्थानीय सरकारले वस्ती तथा टोलबाट स्थानीय जनताको आबस्यकता र चाहना अनुसारको योजना संकलन गरी त्यसको विश्लेषणको आधारमा आयोजनाहरुलाई प्राथमीकीकरण गरेर आर्थिक तथा सामाजिक विकास योजना बनाइएको हुन्छ।

नेपालमा स्थानीय तहको योजना बनाउन संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का आधारमा योजना बनाउन राष्ट्रिय योजना आयोगले स्थानीय योजना दिर्ग्दशन, २०७५ बनाई सोही मोडलमा योजना बनाउन स्थानीय सरकारलाई उपलब्ध गराइएको छ।

नेपालको संविधानको अनूसूची ८ मा स्थानीय स्तरका विकास योजना र परियोजनाहरु सम्बन्धि एकल अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरका विकासका लागि आवधिक, वार्षिक योजना बनाई कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय योजना बनाउन सहजीकरण गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगले सुझाएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ उल्लेख गरिएको योजना ढाँचामा एकरुपता कायम हुने गरी यो योजना बनाउन प्रयास गरिएको छ । वास्तवमा आवधिक विकास योजना समन्वयकारी योजना हो । यसले दिर्घकालीन योजना र वार्षिक योजनालाई जोडनेछ भन्ने अपेक्षा गरिएको छ ।

नेपालमा सन् १९६० देखि नै विकेन्द्रीकरणको सिद्धान्त लागु गरिएको भएतापनि स्थानीय तहमा राजनीतिक, आर्थिक र प्रशासनीक अधिकार थिएन वि.सं. २०४६ मा भएको जनआन्दोलन पश्चात बनेको नेपालको संविधान, २०४७ अनुसार बनेको स्थानीय स्वायत्त शासन ऐन २०५५ लागु भएपछि मात्र निक्षेपण (devolution) र सन्नीकटता (subsidiarity) को सिद्धान्त अनुसार स्थानीय तहमा अधिकार प्रदान भएको हो । यसले स्थानीय जनताको आबस्यकता र चाहना अनुसार योजना तर्जुमा गर्ने र कार्यान्वयनको अधिकार पनि दिएको थियो । उक्त ऐन र नियमावलीमा स्थानीय तहमा आवधिक योजना बनाउनु पर्ने व्यवस्था गरिएको थियो । यस अनुसार स्थानीय तहमा वित्तीय विकेन्द्रीकरणको/वित्तीय संघीयताको सिद्धान्त अनुसार स्रोत साधनको हस्तान्तरणको आकार पनि बढाउदै लगिएको र योजनाबद्ध विकास प्रकृयाको थालनी भएको हो ।

वि.सं. २०६२।६३ मा भएको दोस्रो जनआन्दोलन पश्चात बनेको संविधान सभाले बनाएको नेपालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको मुल संरचना हुने र संविधान र कानुन बमोजिम राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ५६(२) मा राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहमा हुने व्यवस्था गरेको छ र धारा ५७ (४) को अनुसूची ८ मा स्थानीय तहको २२ वटा एकल अधिकार उल्लेख गरी ती अधिकार को प्रयोग संविधार र गाउँ सभा र नगर सभाले बनाएको कानून बमोजिम हुने व्यवस्था गरिएको छ । यसका साथै अनुसूची ९ मा १५ वटा साझा अधिकार क्षेत्र उल्लेख गरिएको छ । संविधानको अनुसुची ८ र ९ मा व्यवस्था गरिएको अधिकारको कार्यान्वयनको लागि बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४(२४) मा स्थानीय सरकारले आवधिक योजना बनाउनु पर्ने व्यवस्था गरिएको छ । संविधान अनुसार बनेको यही ऐनमा व्यवस्था गरिएको स्थानीय तहको अधिकारहरुको आधारमा नगरपालिकाले आवधिक योजना बनाई पहिलो पटक कार्यान्वयन गर्न लागिएको हो ।

स्थानीय तह स्थानीय जनताको घर दैलोको सरकार हो जसले स्थानीय जनताको जन्म देखि मृत्यु सम्मको सवालमा सेवा प्रवाहका साथै स्थानीय विकास कार्य गर्नु पर्दछ । ती कामहरुलाई जरुरी (essential), तोकिएको (assigned) र एजेन्सी (agency) गरी तीन भागमा विभाजन गर्न सकिन्छ। यद्यपी ती सबै कामहरु स्थानीय तहको सामाजिक तथा आर्थिक विकास गर्नका लागि गरिन्छ ।

यो योजना बनाउँदा पहिले नै निधारण गरिएको सोच वा सपनामा सहमती भए अनुसार त्यसैको आधारमा लक्ष्य निर्धारण गरिएको छ । लक्ष्य प्राप्तीको लागि उद्देश्य निर्माण गरिन्छ । लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि नीति, रणनीति बनाइएको हुन्छ । नीति तथा रणनीति कार्यान्वयनको लागि स्रोत साधनका आधारमा कार्यक्रम र आयोजना छनौट गरी कार्यान्वयन, अनुगमन र मुल्यांकनको आधार समेत तय गरिएको छ ।

### १.१.१ उद्देश्य

संन्धिखर्क नगरपालिकाको आवधिक योजना बनाउनु यस अध्ययनको मुख्य उद्देश्य हो । यस नगरपालिकाले आवधिक योजना बनाउनुको उद्देश्य नगरपालिकाको समग्र विकासलाई योजनाबद्ध रुपमा सम्पन्न गर्नु रहेको छ । योजना बद्ध विकासबाट नगरपालिकामा उपलब्ध साधन र स्रोतको उच्चतम प्रयोग भई जनताको आस्यकता र चाहनालाई क्रमशः सम्बोधन हुनुको साथै दिगो विकास लक्ष्य र पन्ध्रौं योजनाको लक्ष्य प्राप्त हुने अपेक्षा गरिएको छ । नगरपालिको आवधिक योजनाको विशिष्ट उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

- राष्ट्रिय लक्ष्य तथा उद्देश्यहरु संग परिपूरकको सम्बन्ध राखी सन्धिखर्क् नगरपालिका भित्रको विद्यमान गरीवी, बेरोजगारी र असमानता घटाई नगरवासीको जीवन स्तरमा सकारात्मक परिवर्तन गर्नु ।
- यस आवधिक योजना आ.व.२०७८/७९ देखि २०८२/८३ सम्म ५ वर्षका लागि नगरपालिकाको समष्टिगत सामाजिक तथा आर्थिक विकास गर्न उपलब्ध तथ्याङ्क सूचकका आधारमा प्रक्षेपण गरिएको बजेट अनुसार कार्यक्रम, कार्ययोजना तथा परियोजनाहरु छनौट गर्नु ।

### १.१.२ योजना तर्जुमा विधि

प्रत्येक स्थानीय तहहरुले विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि नीति, योजना तथा कार्यक्रमहरु बनाउन अत्यावश्यक आधारभूत तथ्याङ्क, सूचना वा विवरण संकलन, विश्लेषण तथा व्यवस्थापनका न्यूनतम विषयहरुमा एकरुपता र स्तरीयता कायम गरी तथ्याङ्क संकलनका पद्धति, प्रक्रिया, औजार तथा प्रक्रियाहरु निर्धारण गरी स्तरीय ढाँचामा

विवरण तयार पार्नु पर्ने व्यवस्था रहेको छ । संविधान तथा कानूनमा उल्लेखित काम, कर्तव्य र अधिकारहरुको व्याख्या र स्थापीत प्रकृया अनुसार स्थानीय तहको विस्तृत र खण्डीकृत तथ्याङ्क सहितको उपलब्ध वस्तुगत विवरणको आधारमा आधारभूत प्रक्रिया, विधि प्रयोग गरी निर्मित फारामहरु प्रयोग गरी सहभागीताको आधारमा वस्ती तह देखि स्थानीय जनताको आबस्यकता र चाहना अनुसार योजना संकलन गरिएको थियो र सोही योजना र द्बितियक वस्तुगत विवरणको आधारमा यो आवधिक योजना तर्जुमा गरिएको छ ।

स्थानीय सरकारको लक्ष्य संघ र प्रदेश सरकारको सपना अनुसार निर्धारण गरिएको लक्ष्य संग तादत्म्यता हुने गरी निर्धारण गर्ने प्रयास गरिएको छ । किनभने स्थानीय विकास योजना राष्ट्रिय विकासको जगको रुपमा रहने भएकोले संघ, प्रदेश र स्थानीय सरकारबीच अन्तरसम्बन्ध महत्वपूर्ण रुपमा लिइन्छ । योजनामा आर्थिक तथा सामाजिक विकासका वहुआयामीक क्षेत्रलाई समेट्नु पर्ने भएकोले यसलाई व्यवस्थीत गर्न विभिन्न विषयगत क्षेत्रहरुलाई समुहिकृत गरिएको छ । स्थानीय योजना तर्जुमा गर्दा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास गरी ५ वटा विषयगत क्षेत्रमा समुहिकृत गर्नु पर्ने व्यवस्था गरिएको छ । विषयगत क्षेत्र अनुसार योजना बनाउनको लागि स्थानीय वस्तुगत स्थितिको यथार्थ विवरण राखी भौतिक, प्राकृतिक, धार्मिक, शैक्षिक, साँस्कृतिक, सामाजिक, मानवीय श्रोत साधनहरुको तथ्याङ्कको विश्लेषण र प्रस्तुती संलग्न गरिएको छ । स्थानीय तहको योजना तर्जुमा तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजा मूलक, सहभागितामूलक र प्रभावकारी बनाउन योजना आयोगको ढाँचा अनुसार बनाइएको छ ।

यो आवधिक योजना दस्तावेज तयार पार्दा संविधानको अनुसूची ८ मा भएको स्थानीय तहको अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४अनुसार स्थानीय सरकारको काम, कर्तव्य र अधिकार, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मुख्य आधारको रुपमा लिइएको छ । संविधान तथा कानूनमा भएको व्यबस्थालाई कार्य रुपमा उतार्नका लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, अर्थमन्त्रालयको कार्य विस्तृतिकरण लगायतका दस्तावेजलाई सन्दर्भ सामाग्रीको रुपमा लिइएको छ । साथै निर्देशिकाले समावेश गर्नुपर्ने भनी तयार पारेको तथ्याङ्क संकलन सूची र विश्लेषणमा औंल्याइएको सबैजसो विषयवस्तुहरु र ढाँचा बमोजिम तथ्याङ्क तथा अन्य सूचनाहरु संकलन गरी यसमा समेट्ने प्रयास गरिएको छ ।प्रमुखरुपमा यो दस्तावेज तयार गर्ने सन्दर्भमा देहायका अध्ययन विधि तथा प्रक्रियाहरु अवलम्वन गरिएको थियो ।

१. सर्वप्रथम सहमतीय आवधिक योजना कार्यशाला गोष्ठीको आयोजना गरी सरोकारवालाहरुलाई यस सम्बन्धी अभिमुखीकरण गराउनुको साथै सहभागीहरुबाट आवधिक योजना बनाउने प्रतिवद्धता जाहेर गरी विषयगत योजना तर्जुमा समिति समेत गठन गरिएको थियो ।

२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ लाई आधार मानी पार्श्वचित्र तयार गर्न तथ्याङ्क संकलन चेकलिष्ट तयार गरी सो संग सम्बन्धित श्रोतहरुबाट द्वितीयक तथ्याङ्क संकलन गरिएको थियो ।

३. उपलव्ध भएका तथ्याङ्कहरुको सर्वप्रथम वस्तुगत र विषयगत आधारमा प्रारम्भिक विश्लेषण गरिएको थियो ।

४. विषयगत आधारमा सुक्ष्म विश्लेषण गरेपछि समष्टिगत सूचकहरुलाइ ध्यानमा राखी समष्टिगत विश्लेषण गरिएको थियो ।

५. विश्लेषणबाट प्राप्त सूचनाहरु सरोकारवालाहरु संग छलफल गरी नगरपालिकाको पार्श्वचित्र परिमार्जन गरिएको थियो ।

६. पार्श्वचित्र तयार भएपछि सो आधारमा सहभागीतात्मक पद्दती अनुसार आवधिक योजनाको लक्ष, उद्देश्यहरु, समष्टिगत र विषयगत नतिजाहरु निर्धारण तथा कार्यान्वयन योजना तयारी एवं प्राथमिकता प्राप्त कार्यक्रमहरुको पहिचान गरिएको थियो ।

७. विभिन्न चरणको सहभागितात्मक गोष्ठिबाट तयार भइ अन्तिम रुप दिइएको योजना दस्तावेज (भाग २) को मस्यौदा माथि विभिन्न विषय विज्ञहरु, विषयगत योजना तर्जुमा समितिहरु, नगरपालिका स्थित कार्यालयहरुका कर्मचारीहरु संग आबस्यक छलफल गरिएको थियो ।

### १.१.३ योजना तर्जुमा सिमा

आवधिक योजना दिर्घकालीन योजना र वार्षिक योजना बीच पुलको रुपमा काम गर्ने भएकोले यसलाई ग्लु को रुपमा मात्र लिनु पर्दछ। आवधिक योजनाको कार्यान्वयनको मुल आधार वार्षिक योजना हो । त्यसैले आवधिक योजनाबाट वार्षिक योजना बनाउँदा तथ्यांकहरुको अध्यावधिक गर्नु पर्दछ जसले आवधिक योजनाको लक्ष्यमा के कस्तो स्थिति छ भन्ने देखाउँदछ। त्यसैले योजना तर्जुमा गर्दा ती सबै पक्षको विश्लेषण गरिएको छैन । योजनाको मुख्य कडिको रुपमा रहने बजेट अनुमानमा पनि परिवर्तन हुन सक्दछ। यसलाई मध्यकालीन खर्च संरचनाले निर्देशित गर्नु पर्दछ। यस आवधिक योजनामा समाबेश भएका कार्यक्रम, योजना राष्ट्रिय र प्रदेश योजनाको सूचक संग तादत्म्यता मिल्नु पर्दछ साथै नेपालले स्वीकार गरेको दिगो विकास लक्ष्यलाई आत्मसाथ गर्नु पर्दछ। तर स्थानीय तहमा कतिपय तथ्यांक भरपर्दो नभएकोले तादत्म्यता मिलाउन सकिएको छैन ।

## १.२ सन्धिखर्क नगरपालिकाको वस्तु स्थिति विवरण

सन्धिखर्क नगरपालिकाको हालको स्थिाति वस्तुस्थिति विवरणमा उल्लेख गरिएको छ । यही विवरणलाई मुख्य आधार बनाई यस नगरपालिकाको आवधिक विकास योजना बनाइएको छ । नगरपालिकाको कार्यक्षेत्र भित्रको भौगोलिक सीमा भित्रको हालको आर्थिक तथा सामाजिक र वातावरणिय विकास स्थितिका आधारमा भविस्यको लक्ष्य निर्धारण गरी योजना बनाउन उक्त विवरणको अहं महत्व छ । तसर्थ, सन्धिखर्क नगरपालिकाको भौगोलिक, आर्थिक, सामाजिक, वातावरणीय लगायतको संक्षिप्त विवरण तल उल्लेख गरिएको छ ।

### १.२.१ जनसंख्या विवरण

मानिसको सामाजिक तथा आर्थिक विकास गर्नका लागि योजना बनाइन्छ । तसर्थ विकासका लागि मानिस साधन र साध्य दुबै हो । मानिसद्वारा मानिसको लागि विकास गर्ने भएकोले साधन र साध्य हुन गएको हो । जनसंख्या भन्नाले निर्धारित भौगोलिक सीमानाभित्र निश्चित समयमा बसोबास गर्ने व्यक्तिहरुलाई बुझाउँछ । सन्तुलित विकासका लागि जनसंख्याको महत्वपूर्ण स्थान रहेको हुन्छ । उच्चतम जनसंख्या स्थानगत क्षेत्रमा भएको खण्डमा त्यस क्षेत्रको विकासमा महत्वपूर्ण टेवा पुग्दछ । जनसंख्याको आकार तथा जनघनत्व सन्तुलित विकासका लागि आवश्यक हुन्छ । अतः एउटा देशको जनसंख्याको आकार, बनावट र वितरणमा जन्म, मृत्यु, बसाईसराईले देशको आर्थिक तथा सामाजिक विकासमा असर पारेको हुन्छ । निश्चित सीमानाभित्रको सामाजिक तथा आर्थिक विकासका लागि जनसंख्याको आकार, बनावट र वितरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ बिकासका लागि योजना बनाउँदा उच्चतम जनसंख्याको आकार, बनावट र वितरणलाई ध्यान दिनु वाञ्छनीय हुन्छ ।

संन्धिखर्क नगरपालिकाको वडागत आधारमा जनसंख्या सम्बन्धी अध्ययन गर्दा यहाँको कुल जनसंख्या ५१२५६ रहेको छ । जसमा पुरुषको कुल जनसंख्या २७१३८ रहेको छ भने महिलाको कुल जनसंख्या २४११७ जना रहेको तथ्याङ्कले देखाएको छ ।कुल जनसंख्या मध्ये सबैभन्दा बढी जनसंख्या वडा नम्बर १ र त्यसपछि वडा नम्बर २ मा रहेको देखिन्छ । अन्य वडाहरुमा सामान्यतया समान जनसंख्या वितरण भएको देखिन्छ । कुल जनसंख्या मध्ये ५२.९ प्रतिशत पुरुष रहेका छन् । मानिसको उमेर तथा लिंगले देशको आर्थिक विकासमा ठुलो प्रभाव पारेको हुन्छ । नेपालमा आर्थिक रुपले सक्रिय जनसंख्याको उमेर १६ देखि ५९ वर्ष मानिएको छ । धेरैजसो स्थानमा उत्पादन तथा उत्पादकत्वको दृष्टिले पुरुष जनसंख्या बढी प्रभावकारी भएको मानिन्छ । संन्धिखर्क नगरपालिकाको उमेरको आधारमा जनसंख्या तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी जनसंख्या २०-२४ वर्षउमेर समूहका

मानिसहरु ५०७७ रहेका छन् । लैङ्गिक अनुपात ११२.५रहेको देखिन्छ भने कुल घरधुरी संख्या ९३२३ र औषत परिवार संख्या ५.२५ रहेको छ ।जम्मा जनसंख्या ५१२५६ मध्ये ५१८ जना अपाङ्गता भएका मानिसहरु रहेका छन् । सामाजिक सुरक्षा भत्ता सेवा प्राप्त गर्दै आएका विभिन्न वडाका जम्मा ५३६४ जना रहेका छन् ।

**तालिका नं. १.१: सन्धिखर्क नगरपालिकाको घरधुरी जनसंख्या क्षेत्रफल**

| वडा नं. | घरपरिवार संख्या | पुरुषको संख्या | महिलाको संख्या | जम्मा जनसंख्या | क्षेत्रफल (व.कि.मी.) |
|---|---|---|---|---|---|
| १ | १६०६ | ४०७९ | ३८३० | ७९०९ | १२९.४२ |
| २ | १३४९ | ३६११ | ३३६० | ६९७१ | |
| ३ | ३९२ | १०२७ | ९४३ | १९७० | |
| ४ | ७१६ | २०५६ | १९९७ | ४०५३ | |
| ५ | ६५८ | १९२४ | १६८१ | ३६०५ | |
| ६ | ८६२ | २३६१ | २१६५ | ४५२६ | |
| ७ | ९५६ | २४१९ | २२२१ | ४६४० | |
| ८ | ८९३ | २२९८ | २१७३ | ४४७१ | |
| ९ | ७६५ | २०३७ | १८६० | ३८९७ | |
| १० | ७२९ | २०४२ | १९०२ | ३९४४ | |
| ११ | ८६५ | २३३० | २१०६ | ४४३६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | ८५० | २२६८ | २०५२ | ४३२० | |
| जम्मा | १०६८६ | २८४५२ | २६२९० | ५४७४२ | १२९.४२ |


सन्धिखर्क नगरपालिका
वडा वितरण नक्सा
जिल्ला: अर्घाखाँची
मालारानी गाउँपालिका
छत्रदेव गाउँपालिका
भूमिकास्थान नगरपालिका
पाणिनी गाउँपालिका
शितगंगा नगरपालिका
सन्धिखर्क नगरपालिका
वडा ९
वडा १०
वडा ११
वडा १२
वडा ८
वडा २
वडा ३
वडा १
वडा ४
वडा ५
वडा ७
वडा ६
N
सङ्केत
वडा सिमाना
गाँउपालिका/नगरपालिका सिमाना
स्केल: १:९५,०००
२,१०० १,०५० ० २,१०० ४,२०० ६,३०० ८,४००
मिटर
प्रक्षेपण: मोडिफाईड युनिभर्सल ट्रान्सभर्स मर्केटर, स्फेरोइड: एभरेस्ट १८३०, उत्पति: ८४° वेशान्तर पूर्व, स्केल फ्याक्टर: ०.९९९९
४१२००० ४२१०००
तयार गर्ने:
पाथवे नेपाल प्रा.लि., इन्स्टिच्युट अफ हिमालयन रिसर्च एण्ड इन्टिग्रेट डेभलपमेन्ट प्रा.लि. र भुगोल इन्जिनियरिङ कन्सल्ट्यान्ट् प्रा.लि.

चित्र नं. १.१

### १.२.२ भौगोलिक स्थिति

भौगोलिक बनावटले आर्थिक विकास, सामाजिक विकास, भौतिक विकास, वातवरणीय विकसका लागि महत्पूर्ण भूमीका खेल्दछ। देश विकासलाई सन्तुलित र दिगो बनाउनका लागि भौगोलिकता अनुसारको, प्रादेशिक आयाम (spatial dimension) को आधारमा, योजना बनाउनु पर्ने हुन्छ। भूगोल अनुसार विभिन्न स्थानीय र प्रदेशमा साधनको उपलब्धता र आवश्यकताहरु फरक फरक हुन्छन्। उपलब्ध साधनको उच्चतम प्रयोग गरी स्थानीय जनताको चाहना, आवश्यकता र प्राथमिकता बमोजिम विकास निर्माण कार्य सञ्चालन गर्न र स्थानीय जनतालाई छिटो र सर्वशुलभ सेवा प्रदान गर्न देशलाई राजनीतिक/प्रशासनिक दृष्टिले स्थानीय सरकारको गठन गरिएको हुन्छ। सो बमोजिम साधनको पूर्वानुमान गरी योजना तर्जुमा गर्नका लागि स्थानीय सरकारको भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन बारे विश्लेषण गर्न आवश्यक हुन्छ। यस्तो सूक्ष्म विश्लेषणमा आधारित प्रादेशिक योजनाले राष्ट्रिय योजनाका लक्ष्यहरुको प्राप्तिका लागि बल पुर्‍याउँछ।

सन्धिखर्क नगरपालिका कुल १२९.४२ वर्ग किलोमिटरमा फैलिएको छ। २७° ५३′२३″देखि २८° ०२′ २५″ उतारी अक्षांश र ८३° ०३′२७″ देखि ८३°१३′ १३″ पुर्बी देशान्तर सम्म फैलिएको छ। यस नगरपालिकामा औषत वर्षा १५०० मि. मि. सम्म भएको छ भने अधिकतम तापक्रम ३५ डिग्री से. र न्यूनतम तापक्रम ३ डिग्री से. सम्म रहेको पाइएको छ। नदि नालाहरुमा खाँची खोल, घट्टेखोला, जिरेखोला, सुपाखोला, भद्रेखोला आदि रहेका छन्। काठमाण्डौबाट करीव ३८३ कि.मि. पश्चीममा सन्धिर्खक नगरपालिका रहेको छ भने बुटवलबाट करिव ११५ कि.मी. उत्तर-पश्चीममा रहेको छ। सन्धिर्खक नगरपालिका समुन्द्र सतह देखि सरदर ७९५ देखि २१६२ मिटर उचाइमा छ। यस नगरपालिकामा मुख्य गरी बदी खोला, काची खोला, वला खोला, वडा खोला, छर्दि खोला, लाम्ची खोला, हुरलुक खोला, बर खोला, वाहा खोला, सुपा खोला आदिहरुको बहाव रहेको हुँदा यी खोलाहरुबाट नगरपालिका बासीहरुलाई प्रभाव पर्ने गरेको देखिन्छ।

**तलिका नं. १.२: नगरपालिकाको भू-क्षेत्रको भिरालोपनको अवस्थिति**

| भिरालोपन | नगरपालिकाको कुल क्षेत्रफलको प्रतिशत | कैफियत |
|---|---|---|
| १°-५° | ३.९ | सामान्य समथर जमिन |
| ५°-३०° | २५.९ | मध्यम तिव्र भिरालो |
| ३०° -४०° | ४०.४० | तीव्र भिरालो |
| ४०-५०° | २७.७० | अति तीव्र भिरालो |
| अन्य | १.१ | नदी खोला |
| | | |


सन्धिखर्क नगरपालिका
अवस्थिति नक्सा
जिल्ला: अर्घाखाँची
मालारानी गाउँपालिका
छत्रदेव गाउँपालिका
सन्धिखर्क नगरपालिका
भूमिकास्थान नगरपालिका
पाणिनी गाउँपालिका
शितगंगा नगरपालिका
सङ्केत
खोला
गाँउपालिका/नगरपालिका सिमाना
स्केल: १:९५,०००
मिटर
तयार गर्ने:
पाथवे नेपाल प्रा.लि., इन्स्टिच्युट अफ हिमालयन रिसर्च एण्ड इन्टिग्रेट डेभलपमेन्ट प्रा.लि. र भुगोल इन्जिनियरिङ कन्सल्ट्यान्ट प्रा.लि.
चित्र नं. १.२


सन्धिखर्क नगरपालिका
SLOPE नक्सा
जिल्ला: अर्घाखाँची
४१२०००
४२१०००
N
मालारानी गाउँपालिका
छत्रदेव गाउँपालिका
सन्धिखर्क नगरपालिका
भूमिकास्थान नगरपालिका
पाणिनी गाउँपालिका
शितगंगा नगरपालिका
३१०००००
३०९५०००
३०९००००
३०८५०००
सङ्केत
गाँउपालिका/नगरपालिका सिमाना
सन्धिखर्क सिमाना
SLOPE (डिग्रीमा)
< १०
१० - १५
१५ - २५
२५ - ३०
> ३०
स्केल: १:९५,०००
२,१०० १,०५० ० २,१०० ४,२०० ६,३०० ८,४००
मिटर
प्रक्षेपण: मोडिफाईड युनिभर्सल ट्रान्सभर्स मर्केटर, स्फेरोइड: एभरेस्ट १८३०, उत्पति: ८४" देशान्तर पूर्व, स्केल फ्याक्टर: ०.९९९९
तयार गर्ने:
पाथवे नेपाल प्रा.लि., इन्स्टिच्युट अफ हिमालयन रिसर्च एण्ड इन्टिग्रेट डेभलपमेन्ट प्रा.लि. र भुगोल इन्जिनियरिङ कन्सल्ट्यान्ट् प्रा.लि.
चित्र नं. १.३


नदी तथा खोलाहरु
सन्धिखर्क नगरपालिका
जिल्ला: अर्घाखाँची
४१२००० 
४२१०००
मालारानी गाउँपालिका
छत्रदेव गाउँपालिका
सन्धिखर्क नगरपालिका
भूमिकास्थान नगरपालिका
पाणिनी गाउँपालिका
शितगंगा नगरपालिका
N
सङ्केत
खोला / नदी
गाँउपालिका / नगरपालिका सिमाना
स्केल: १:९५,०००
२,१०० १,०५० ० २,१०० ४,२०० ६,३०० ८,४०० मिटर
प्रक्षेपण: मोडिफाईड युनिभर्सल ट्रान्सभर्स मर्केटर, स्फेरोइड: एभरेस्ट १८३०, उत्पति: ८४° देशान्तर पूर्व, स्केल फ्याक्टर: ०.९९९९
तयार गर्ने:
पाथवे नेपाल प्रा.लि., इन्स्टिच्युट अफ हिमालयन रिसर्च एण्ड इन्टिग्रेट डेभलपमेन्ट प्रा.लि. र भुगोल इन्जिनियरिङ कन्सल्ट्यान्ट् प्रा.लि.

चित्र नं. १.४

### १.२.३ आर्थिक विकास स्थिति

आर्थिक विकास निरन्तर रुपमा एक पछि अर्को थपिदैजाने मानिसले चहेको अबस्था हो । मानिसले चहेको अबस्था सकारात्मक परिवर्त सहितको अन्नत विकास प्रकृया हो । यस्तो चाहना स्थान, समय, समुदाय, संस्कृति अनुसार फरक फरक हुन सक्दछ । त्यसैले एउटै देशको भिन्न ठाउँमा बसोबास गर्ने मानिसको आवश्यकता र चाहना भिन्न भएको पाइन्छ। त्यसैले भिन्न ठाउँमा बसोबास गर्ने मानिसको आबस्यकता र चाहना परिपूर्ति गर्न स्थानीय विकास सम्बन्धि धारणा विकसीत हुदै गएको पाइन्छ । स्थानीय विकास सम्बन्धि धारणाले ठाउँअनुसार मानविय चहनालाई परिपूर्ति गर्न सहज भएको छ। तसर्थ स्थानीय विकासको सिद्धान्त मानवीय इच्छा चाहनाअनुसार विकास गर्न महत्वपूर्ण छ। स्थनीय विकास एउटा निरन्तर प्रक्रिया हो जसमा स्थानीय जनताको निरन्तर रुपमा एक पछि अर्को गरि उत्पन्न हुने आकांक्षा स्थानीय सरकार मार्फत पूरा गरिएको हुन्छ। यसका लागि तोकिएको नीति र सिद्धान्त अनुसार सरकार, नीजि क्षेत्र र नागरीक समाज स्थानीय जनताको आर्थिक, सामाजिक विकासका लागि लागेको हुन्छन् ।

स्थानीय विकास आधारभुत रुपमा वहुआयामीक धारणा सँग सम्बन्धित छ। यसले संयुक्त रुपमा आर्थिक, सामाजिक, संस्कृतिकर वातावरणीय पक्षको परिवर्तनलाई एक आपसमा सम्बन्धित बनाउँदछ । यसलाई एउटा तरीकाको रुपमा हेरिन्छ । यसले मानिसको जीवनस्तर सुधार गर्न, स्थानीय पूर्वाधारको विकास गर्न, स्थानीय स्रोतको व्यवस्थापन र प्रभावकारी परिचालन गर्न, स्थानीय तहमा रोजगारीको अबसर सिर्जना गर्न, सामान्य जनतालाई शसक्त बनाउन, स्थानीय सम्पत्तिको संरक्षण गर्न, बजार असफलतालाई कम गर्न, सहसम्बन्धलाई बलियो बनाउन, स्थानीय विकास आयोजनालाई परिणाम मुखी बनाउन मद्दत गर्दछ । अतः आर्थिक विकास योजना तर्जुमा गर्दा विकास सम्बन्धि लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यक्रम, आयोजना, स्रोत आदीको स्पष्ट पहिचान वा विवरण उल्लेख हुन आस्यक पर्दछ ।

**कृषि तथा पशु विकास**

यस नगरपालिकाको कुल भूमीको ३८.३२ हेक्टर (१३ प्रतिशत) कृषि योग्य जमीन रहेको छ। कृषि र पशुपालनलाई हामी ग्रामीण समुदायमा बस्ने धेरै मानिसहरुको जनजीवनको आधार मान्दछौं । कृषि र पशुपालन एक अर्कोमा अन्तर सम्बन्धित हुन्छन् । किनकी खेतीपातीका लागि ग्रामीण भेगमा गाई वस्तुको मल प्रयोग गरिन्छ । मल नभएमा उत्पादन नहुने भएकाले जग्गा जमिन धेरै भएका किसानहरुले बाध्य भएर पशुपालन पनि

धेरै गरेको पाइन्छ। खेतीपातीबाट गाईवस्तुलाई पराल पनि हुने हुदाँ र गोरु राँगा बिना खेतीपाती असम्भव भएकाले ग्रामीण भेगमा धेरै मानिसहरुले कृषि तथा पशुपालनलाई मुख्य पेशा तथा व्यवसायको रुपमा अंगालेको पाइन्छ। यस नगरपालिकामा धेरै जसो गाई, गोरु, भैंसी, राँगो, बाखा, भेडा, हाँस, कुखुरा आदि पाल्दै आएको पाइएको छ।

संन्धिखर्क नगरपालिकाको भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकारको माटो पाईन्छ तथापि अधिकांश भूभागमा फुस्रो एवं चिम्ट्याईलो दोमट माटोको बाहुल्यता रहेकोले धान, मकै, गहुँ, आलु, भटमास, केरा, मेवा, कोदो, दलहन, गहत, मस्याङ्ग, मास, रहर, वर्षे फलफूल, आँप आदि बालीहरु उत्पादन गरिन्छ। संन्धिखर्क नगरपालिका कृषि क्षेत्रको लागि अत्यन्तै उपयुक्त क्षेत्र मानिन्छ। संन्धिखर्क नगरपालिकामा लगाईने मुख्य बालीहरुमा धान, गँहु, मकै, तरकारी बाली, तेलहन, नगदे तथा दलहन बाली पर्दछन्। यहाँ खाद्यान्न बाली अन्तरगत धान, गँहु तथा मकै जस्ता बालीहरु कुल कृषि योग्य क्षेत्रको करीब ७५ प्रतिशत जमिनमा लगाउने गरिएको छ भने तोरी, सूर्यमुखी जस्ता तेलहन बालीहरु १५ प्रतिशत जमिनमा लगाएको देखिन्छ। यसैगरी तरकारी बाली अर्न्तगत काउली, प्याज, आलु जस्ता खेतीहरु सिजन अनुसारको हुने हुँदा यसलाई पनि लगाएको देखिन्छ भने मास, मुसुरो जस्ता दलहन बाली पनि लगाउने गरिएको छ।

साधारणतया सन्धिखर्क नगरपालिकाभित्र तरकारी बाली, फलफुल तथा खाद्यान्न बालीमा विभिन्न रोग तथा किरा लाग्ने गरेको पाईएको छ। खासगरी यहाँका विभिन्न वडा तथा बस्तीहरुमा तरकारीमा लाग्ने रोगमा विशेषगरी लाई, खुम्रे, डडुवा, ढुसी तथा गवारो राते जस्ता रोग देखा परेको छ भने फलफुल खेती तर्फ लाग्ने रोगमा लाई, सुन्तलाको पात पहेँलो हुनु, फल झर्ने, फल कुहिने तथा फुल झर्ने जस्ता रोग लाग्ने गरेको देखिन्छ। खाद्यान्न बालीमा डडुवा, लाइ, ढुसी, गवारो, पात सुक्ने, पतेरो आदि जस्ता रोगहरु लाग्ने गरेको देखिन्छ।

पशुपालन, सन्धिखर्क नगरपालिकाको ग्रामीण क्षेत्रका मानिसहरुको मुख्य पेशा हो। आफुलाई चाहिने दुध उपभोग गरी बाँकी रहेको दुध विभिन्न डेरीहरुमा बिक्री गरी आय आर्जनको राम्रो श्रोत बनेको छ साथै बालीमा लगाउने मलको आपूर्तिमा पनि यसले मद्दत पुऱ्याएको छ। वन जंगलको कमी, सुख्खा हावापानी, सिंचाईको असुविधा, चरन क्षेत्र एवं घाँसपातको कमी आदि विविध कारणले गर्दा पशुपालन व्यवसायमा पछि परेको देखिएको भएतापनि गाई पालन, बाखा पालन एवं भैसी पालनमा केही राम्रो स्थिति भएको पाईन्छ। पशु सेवाकेन्द्र स्थापना गरी यस नगरपालिकाका कृषकलाई विभिन्न सेवा उपलब्ध गराउदै आइरहेको छ। संन्धिखर्क नगरपालिकामा मुख्यगरी पालन हुने पशुहरु यस प्रकार छन्।

**गाई :** स्थानीय गाईहरुको संख्या घटेपनी उन्नत जातको गाईपालनमा भने अक्रासन बढ्दो छ ।

**भैंसी :** गाईको तुलनामा भैंसीको व्यवस्थापन गर्न कठिनाई हुने भएकोले भैंसी पालनको क्रम घट्दो देखिन्छ साथै शहरन्नोमुख गाउँहरुमा जग्गा जमिनहरु घडेरीको रुपमा विकास भइरहेकोले पशुको संख्यामा वृद्धि हुन सकेको छैन ।

**बाखा :** मासुको लागि खसी बोका उत्पादन भइरहेका कारण बाखा पालनमा कृषकको आकर्षण देखिन्छ ।

**बंगुर** : शहरी क्षेत्रमा खेर गइरहेका खाद्य वस्तुहरुको सदुपयोग हुने, सानो क्षेत्रमा पनि पाल्न सकिने, शारिरीक तौल छिटो वृद्धि हुने भएकोले बंगुर पालनमा किसानको आक्रासन बढ्दो क्रममा छ ।

**कुखुरा** : मासु खानको लागि कुखुराको बजार माग बढिरहेको हुँदा यहाँका बसिन्दाहरु पनि कुखुरा पालनतर्फ आर्कषक बनेको पाइन्छ ।

संन्धिखर्क नगरपालिकाको समग्र तथा वडा अनुसारको व्यवसायिक पशुपंक्षी पालनको तथ्याङ्कलाई हेर्दा मुख्य रुपमा यस नगरपालिका भित्र विभिन्न किसिमको ४७ वटा फार्महरु संचालनमा रहेको पाईएको छ । पार्श्वचित्र अनुसार ३० वटा पशुपालन सम्रूह र १४ वटा एग्रोभेट तथा विउविजन केन्द्ररहेको छ । सन्धिखर्क नगरपालिका भित्र पशुहरुमा लाग्ने मुख्य रोगमा खोरेत, नाम्ले जस्ता रोगहरु लाग्ने गरेको पाइन्छ, भने पंक्षीहरुमा लाग्ने मुख्य रोगमा आखाँ पाक्ने, नाम्ले, रानी खेत, गंभारो तथा वर्डफ्लू हुन ।

यस नगरपालिकामा विभिन्न कृषि फर्महरु दर्ता भएकाछन् जसमा, १. पोल्ट्री फर्म -१४, २. बाखा फर्म -१०, ३. बंगुर फर्म - ५, ४. फलफुल तथा कृषि फर्म - १३, ५. दुग्ध उत्पादन फर्म -३२ रहेका छन् । मौसम अनुसार यस नगरपालिकामा उत्पादन हुने मुख्य तरकारी क्षेत्रफल, उत्पादन तल उल्लेख गरिएको छ ।

**तालिका नं. १.३: सन्धिखर्क नगरपालिकाको तरकारी उत्पादन**

| क्र.सं. | विवरण | क्षेत्रफल हेक्टर | ०७४/७५ मेट्रिक टन | ०७४/७५ मेट्रिक टन | कैफियत |
|---|---|---|---|---|---|
| १. | हिउँदे | ७८० | ११३३० | ११४४९ | |
| २. | वर्षे | ४५१ | ५६३० | ५७५५.६ | |
| ३. | बेमौसमी | २३० | २६०० | २६२१.६ | |
| ४. | आलु | ६९० | ५५४० | ५७३३.८ | |
| ५. | उत्पादकत्व | | ८.०२% | ८.२५% | |
| **नगरपालिकाको मुख्य निर्यातमूलक बालीहरु**<br>१. सुन्तला २. अदुवा ३.बेसार ४.कफी ५.तरकारी ६.मह | | | | | |

**स्रोतः** सन्धिखर्क नगरपालिका, २०७८

**घरपरिवारको आयस्तर र गरिवीको स्थिति**

आयस्तरलाई औषत आम्दानीबाट हेर्न सकिन्छ । यसले सामान्यतया यस नगरपालिकामा बसोबास गर्ने नागरिकको औषत जीवन स्तर कस्तो छ भन्ने कुरा देखाउँदछ । संन्धिखर्क नगरपालिकाका नगरबासीहरुले विभिन्न पेशा व्यवसाय गरेर प्रति महिनाको आम्दानी औषत आय हो । नगरबासीको आयमा स्थानीय रुपमा काम गरी कमाएको वा परिवारका सदस्य नगर बाहिर गई कमाएर घरमा पठाएको आय पर्दछ । यहाँका बासिन्दाहरुको मुख्य पेशा कृषि रहेको र कृषि बाहेक यहाँका मानिसहरुले बैदेशिक रोजगार, व्यापार व्यवसाय र सीपयुक्त कामहरु पनि गर्दै आएको सर्वेक्षणले देखाएको छ ।

प्राप्त विवरण अनुसार संन्धिखर्क नगरपालिकाका मानिसहरुले मासिक रुपमा औषत रु १०००० भन्दा कम कमाउनेको परिवार संख्या ३९५३ रहेको देखिन्छ । १०००० देखि २०००० सम्म आम्दानी गर्नेको घरपरिवारको संख्या १६७८ रहेको छ । त्यसैगरी २०००० देखि ३०००० सम्म कमाउने

परिवार संख्या १५७२ रहेको छ । यस अनुसार ७० हजार माथि कमाउनेको संख्या ४९१ रहेको छ । समग्रमा सन्धिखर्क नगरपालिकाको ८७८ घरपरिवारको मासिक आम्दानी ५०००० भन्दा बढी रहेको छ ।४१ प्रतिशत घर परिवारको मासिक आम्दानी रु. १०००० भन्दा कम रहेको देखिन्छ ।

संन्धिखर्क नगरपालिकामा ३९११ घरपरिवार बचतको हिसाबले दयनीय अवस्थामा छन् । जसले मासिक रुपमा कत्ति पनि पैसा बचत गर्न सक्दैनन । १४७७ घरपरिवारको औषत मासिक बचत ५०० देखि १००० गर्ने गरेको पाइएको छ भने १००० देखि २००० सम्म बचत गर्नेको संख्या ६६० मात्र रहेको छ । यस्तै यस नगरपालिकामा १०००० भन्दा माथि मासिक बचत गर्नेको घरपरिवारको संख्या १७३४ रहेको छ ।

खाद्यान्न उपलब्धताको स्थितिलाई हेर्दा संन्धिखर्क नगरपालिकाभित्र वर्षभरी नै खान पुग्ने र बचत सम्म हुने परिवार संख्या १४०२ रहेको छ र यो कुल घरपरिवार संख्याको १४.४ प्रतिशत हुन आउँछ । यस्तै यसमा उत्पादन गर्दै नगर्ने परिवार संख्या २२५४ रहेको र यो कुल परिवार संख्याको २३.२ प्रतिशत हुन आउछ ।

यस नगरपालिकामा १५ देखी २४ वर्ष उमेर समूहको जनसंख्या जम्मा १००३२ रहेको छ । यो नगरपालिकाको कुल जनसंख्याको १९.५७ प्रतिशत हो । यसैगरि २५ देखी ५९ वर्ष उमेर समूहको जनसंख्या जम्मा २४०१८ रहेको छ । यो नगरपालिकाको कुल जनसंख्याको ४६.८६ प्रतिशत हो ।

सन्धिखर्क नगरपालिकामा काठ र दाउरा इन्धनको प्रमुख स्रोतको रुपमा प्रयोग गरिएको छ । यहाँ काठ र दाउरा प्रयोग गर्नेको संख्या ६३९० रहेको छ । त्यस्तै मट्टितेल र एल.पी. ग्याँसको प्रयोग गर्ने घरपरिवार क्रमशः ५ र ३३२३ परिवार रहेको छ ।

**श्रम तथा रोजगारी**

लुम्बिनि प्रदेशको आवधिक योजना (श्रम सर्भेक्षण २९१७१८) अनुसार यस प्रदेशमा बेरोजगारीको दर ११.२ प्रतिशत रहेको छ जसमध्ये शहरी क्षेत्रमा १२ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.१ प्रतिशत रहेको छ । त्यस्तै महिला ११.९ प्रतिशत र पुरुष १०.८ प्रतिशत बेरोजगार रहेको छ ।

यस नगरपालिकाका धेरै जसो मानिसहरु कृषिमा संलग्न रहेको पाइन्छभने केही युवाहरुको दैनिक ज्यालादारी नै रोजगारको मुख्य स्रोत रहेको पाइन्छ । केही युवाहरु निजी तथा संस्थागत नोकरी तथा आफ्नो व्यापार व्यवसाय तर्फ आकर्षित छन् । नगरपालिकाको कुल ६४२८ जनसंख्या विदेशमा रोजगारी तथा उच्च शिक्षाका लागि गएको तथ्याङ्कले देखाएको छ । कुल जनसंख्याको झण्डै १३ प्रतिशत नगरपालिका बाहीर रहेको छ ।

**उद्योग व्यापार तथा खानी क्षेत्रको स्थिति**

यस नगरपालिकाको कुल भूमीको २० प्रतिशत जमीन व्यवसायीक क्षेत्रले ओगटेको छ । यस नगरपालिका भित्र बसोवास गर्ने बासिन्दाहरु विभिन्न किसिमका व्यवसायजस्तै किराना पसल, होटल व्यवसायी, कपडा पसल, खाजा घर चिया पसल आदि संचालन गर्ने गरेको पाइन्छ । विषेशगरी संन्धिखर्क नगरपालिकामा निर्यात तथा आयात हुने सामाग्रीहरु मध्ये खाद्यान्न अन्तर्गत दाल, चामल, नुन, बेसार, तेल, लगायत लत्ता कपडा, तरकारी तथा दुग्ध पदार्थको आयात निर्यात हुने गरेको देखिन्छ ।

**पर्यटन**

पर्यटकका लागि मनोरम स्थलका रुपमा चिनिएका सन्धिखर्क नगरपालिकामा रहेका प्रमुख होटल, रिसोर्ट तथा रेष्टुरेन्टको संख्या जम्मा २२१ रहेका छन् । समुन्द्र सतह देखि करिब ७९५ देखि २१६२ मिटर उचाईमा अबस्थित यस नगरपालिकाको हावापानीमा बिबिधता पाइन्छ । यहाँ रहेका विभिन्न प्रकृति प्रदत्त उपहारले यस क्षेत्रको गरिमालाई अझ बढी उजागर गरेको छ ।केहि समथर भूभाग रहेको सन्धिखर्क लगाएतका ठाउँमा न्यानो जलबायु पाइन्छ भने नरपानी, खाँचीकोट लगाएतका अलि अग्लो भूभागमा चिसो हावापानी पाइन्छ । औसत रुपमा यो नगरपालिका समशितोष्ण (Sub tropical) प्रदेशमा पर्दछ । याँहाको तापक्रम ६.५ देखि ३५° सेन्टिग्रेड र औसत बार्षिक बर्षा २२०० मि. मि. सम्म रहेको छ ।

उत्कृष्ट परम्परागत मान्यता एवं चालचलनका कारण प्राचिन आर्य सभ्यता र हिमाली संस्कृतिको समेत धनी रहेको नेपाली जनजीवन साँच्चै अनौठो र रोचकपूर्ण रहेको छ भने तिनीहरूको आस्थाका केन्द्र मठमन्दिर, गुम्बा र स्मारकहरू पर्यटकका लागि थप आकर्षणका केन्द्रका रूपमा रहेका छन् । बुद्धको जन्मस्थल लुम्विनी, हिन्दूहरूका आराद्यदेव पशुपतिनाथ, मुक्तिनाथ, दामोदरकुण्ड, गोसाइकुण्ड, स्वर्गद्वारी, जनकपुरधाम, खप्तड आश्रम, बराहक्षेत्र लगायतका स्थानहरूले नेपालमा धार्मिक पर्यट्नको बलियो सम्भावना देखाएका छन् ।

परम्परागत रुपमा मनाइने चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, राम नवमी, शिवरात्री, फागु पुर्णिमा, नया वर्ष, बुद्ध जयन्ति, जनै पुर्णिमा, नाग पञ्चमी, माघे संक्रान्ती, साउने संक्रान्ती, कृष्ण जन्माष्टमी, चैते दशैं, हरिशयनी एकादशी, हरिवोधनी एकादशी, कुशेऔंसी तथा अन्य चाडपर्वहरु परम्परागत रुपमा मनाइन्छ भने वकर/ईद, विश्वकर्मा पुजा, क्रिसमस डे, आदि जाति विशेषमा मनाइने गरिन्छ । विशेषगरी संन्धिखर्क नगरपालिकामा मुख्य हिन्दु धर्मावलम्वीहरुले दशैँ तथा तिहार पर्व विशेष रुपमा मनाउने गर्दछन् । दशैं तथा तिहार बाहेक संन्धिखर्क नगरपालिकाका बासिन्दाहरुले

मातातिर्थ औंसी, बुद्ध जयन्ती, गुरुपुर्णिमा, साउने संक्रान्ती, नागपञ्चमी, जनै पुर्णिमा, कृष्णाअष्टमी, तीज, सोह्र श्राद्ध, धान्य पुर्णिमा, स्वस्थानी ब्रत, माघे संक्रान्ती, ल्होसार, श्रीपञ्चमी, महाशिवरात्री, जखनी पूजा, फागुपुर्णिमा, चैते दशैं आदि पर्वहरु पनि मनाउँछन् ।

### १.२.४ सामाजिक विकास स्थिति

**शिक्षा**

घरधुरी सर्वेक्षण २०७६ अनुसार यस नगरपालिकाको कुल साक्षरता ७८.७६ प्रतिशतरहेको सर्वेक्षणले देखाएको छ । यस नगरपालिकामा जम्मा ४२ वटा विद्यालय रहेको छ । कक्षाकोठामा आधारीत पठन सीप परीक्षण (CB-Gra) कुनै पनि विद्यालयमा नभएको देखिन्छ । एकीकृत पाठ्यक्रम जम्मा ७ वटा विद्यालयमा मात्र लागु भएको छ भने इन्टरनेट सेवा जम्मा १ वटा विद्यालयमा उपलब्ध भएको देखिन्छ । कुनै पनि विद्यालयमा छुट्टै प्राधान्याध्यापक दरबन्दि भएको देखिदैन । यस नगरपालिकामा जम्मा २५१८ (छात्र १४८९, छात्रा १०२९) भएकोमा आधारभूत शिक्षा पुरा गर्ने विद्यार्थी ६२८, छात्रवृत्ती वा सुविधा पाउने विद्यार्थी १०७६, दिवा खाजा खाने विद्यार्थी ३५ रहेका छन् । कक्षा ९ मा प्राविधिक विद्यालयमा पढ्ने विद्यार्थी देखिएन भने कक्षा ११ मा विज्ञान विषय पढ्ने विद्यार्थी ४२५७ रहेको देखिन्छ । ने.रा.सरस्वती आ.वि.स.न.पा-६ भुवनडाडाँ बाहेक सबै विद्यालय शान्ती क्षेत्र भएको देखिन्छ । ११ विद्यालयमा विद्यालय सुधार योजना अद्यावधिक र बालमैत्री शिक्षँण विधिको प्रयोग नभएको देखियो भने सबै विद्यालयमा बाल क्लब गठन भएको देखिन्छ । यस नगरपालिकाका विद्यालयहरुले जम्मा १४४ विद्यार्थीलाई दलित, अपाङ्ग, विपन्न, जेहेन्दार र अन्य सुविधा उपलब्ध गराएको देखिन्छ । नगरपालिकाको पार्श्व चित्रमा सबै स्कूलहरुको स्वीकृत दरबन्दी संख्या १४५ र कार्यरत शिक्षक दरबन्दी ३२६ रहेको र विषयगत शिक्षक कम रहेको देखिन्छ । विद्यार्थी भर्नादरको तुलनामा निरन्तरता दर र उतिर्णदर कम रहेको छ ।

यस नगरपालिकाको साक्षरतालाई आगामी दिनहरुमा द्रुतगतिमा अगाडी बढाउनका लागि सरोकारवाला निकायहरुसंग समन्वय गरी शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु संचालन गर्नुपर्ने सन्धिखर्क नगरपालिकाको आवश्यकता रहेको छ ।

**स्वास्थ्य**

यस सन्धिखर्क नगरपालिका भित्र वस्ने अधिकांश घरपरिवारहरुले बिरामी हुंदा सरकारी अस्पतालको सेवामा निर्भर रहेका हुन्छन भने केहि मात्रामा नीजि अस्पतालमा जाने गरेको पनि देखिन्छ । स्वास्थ्य संस्था र संख्या तथा दरबन्दी तलको तालिका अनुसार रहेको देखिन्छ ।

**तालिका नं. १.४: नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संख्या**

| स्वास्थ्य सेवा | संख्या |
|---|---|
| अस्पताल | १ |
| स्वास्थ्य चौकी | ६ |
| उप-स्वास्थ्य चौकी | ० |
| नगर सामूदायिक स्वास्थ्य इकाइ | २ |
| क्लिनिक | ९ |
| बर्थिङ सेन्टर | ४ |
| खोप सेवा केन्द | २६ |
| स्वास्थ्य कर्मी स्विकृत दरबन्दी | ३० |

**स्रोतः** सन्धिखर्क नगरपालिका, २०७८

यस नगरपालिकाको ८ वटा वडामा मात्र स्वास्थ्य कर्मी रहेको देखिन्छ। सन्धिखर्क नगरपालिकामा ५ वर्ष मुनिका वालवालिका जम्मा ३७२९ रहेकोमा सो मध्ये ६८२ वालवालिकाले वि.सि.जि.खोप, ७७८ वालवालिकाले पेण्टा भ्यालेण्टु, ७७८ वालवालिकाले पोलियो तेश्रो, ६८३ वालवालिकाले दादुरा/रुबेल र ७५५ जना वालवालिकाले जापानिज इन्सेफ्लाइटिस खोप लिएको पाइएको छ।

नगरवासीमा देखिएको मुख्य रोगहरु ग्यास्टिक, रुघाखोकी, ज्वरो, मद्युमेह, रक्तचाप, दम, झाडा, पखाला, जुका, निमोनिया, क्षय रोग रहेको देखिन्छ। सुरक्षित मातृत्व सम्बन्धी अध्ययन गर्दा यस नगरपालिकामा गर्भावस्थामा, प्रसुती अवस्थामा, र सुत्केरी पछिको ६ हप्ता भित्र कुनै पनि महिलाको मृत्यु नभएको देखिएको छ र नवजात शिशु मृत जन्म पर्नि नभएको देखिएका छ। यस्तै जन्मेको २८ दिनभित्रका नवजात शिशुको मृत्यु पनि नभएको देखिएका छ। यस नगरपालिकामा परिवार नियोजनको साधनमा महिला र पुरुष दुवैले अस्थायी साधन प्रयोग गर्ने गरेको छ।

**तलिका नं.१.५: जनसंख्या विश्लेषण**

| **जनसंख्या स्थिति** | **५४,७४२** |
|---|---|
| प्रजनन दर | २.२३ प्रतिशत |
| जन्मदर | ०.५३ प्रतिशत |
| औषतआयु (महिला र पुरुष) | ६८ वर्ष |
| मृत्यु -मातृ, वाल, शिशु मृत्युदर) | ०.५ प्रतिशत |
| बसाइसराइ | ५ प्रतिशत |
| जनघनत्व प्रति वर्ग किलोमिटर | १६६ |

**स्रोतः** सन्धिखर्क नगरपालिका, २०७८

**खानेपानी तथा सरसफाई**

सन्धिखर्क नगरपालिकामा बसोवास गर्ने अधिकांश घरपरिवारमा धाराको पानीको सुविधा रहेको देखिन्छ । सन्धिखर्क नगरपालिकामा धेरैजसो घरपरिवारमा निजी तथा सार्वजनिक धाराहरु रहेको र यहाँ खानेपानीको सुविधा प्रसस्त रहेको पाइयो । धारामा पानी नआउदा मानिसहरु घरबाट टाढा रहेको जरुवा वा मूलको पानी प्रयोग गर्ने गरेको पाइयो । उपलब्ध तथ्याङ्क अनुसार यस नगरपालिकामा खानेपानीको सुविधा घरमै उपलब्ध भएको घरपरिवार संख्या ४२६३ रहेको छ ।

सन्धिखर्क नगरपालिकामा खानेपानी सुविधाको अवस्थालाई हेर्दा यहाँ प्रसस्त जलभण्डार रहेका छन् । तर सन्धिखर्क नगरपालिकामा प्रयोग हुने पानीको मुख्य स्रोत भनेको व्यक्तिगत धारा रहेको छ । यहाँ व्यक्तिगत धारा प्रयोग गर्ने घरपरिवार संख्या जम्मा ४२६३ रहेको छ । यस्तै सार्वजनिक धारा प्रयोग गर्ने घरपरिवार संख्या ३४८२ रहेको छ । अन्य खानेपानीको स्रोतमा मूलको पानी तथा ईनार कुवा पनि रहेको छ ।

सन्धिखर्क नगरपालिकाभित्र बस्ने ९७३२ घरपरिवार संख्या मध्ये ९५६४ (९८.३ प्रतिशत) परिवारले शौचालयको रुपमा चर्पी प्रयोग गर्ने गरेको देखिन्छ भने १६८ परिवारले चर्पी प्रयोग नगर्ने गरेको देखिन्छ ।

यस नगरपालिकामा जतातत‍ै खुल्ला क्षेत्र भएका कारणले गर्दा ८४८८ घरपरिवारले खोला, कूलोतथा खुल्ला स्थानमा जथाभाबी फोहर  फाल्ने गर्ने गरेको पाइएको छ । फोहोर फाल्ने ठाँउको उचित व्यवस्थापन नहुदा तथा यस सम्वन्धी चेतना कम हुदा फोहोरकै कारणवाट विभिन्न किसिमका रोग लाग्ने गरेको पाइन्छ ।

### १.२.५ भौतिक पूर्वाधार

**सडक**

सामान्यता भौतिक पूर्वाधार भन्नाले सडक बाटो भनी सम्झन्छन् । सन्धिखर्क नगरपालिका भित्र पक्की, ग्राभेल तथा कच्ची सडक र आ.सी.सी. सहितको सडक रहेको अवस्था छ । जसमा जम्मा ४४ कि.मी. पक्की सडक रहेको छ भने करिब ५९ कि.मी ग्राभेल सडक विस्तार भएको छ ।

तालिका:१.६ निर्माणाधिन नगरस्तरीय सडकहरु

| वडानं. | सडकको किसिम | अनुमानित लम्बाइ कि.मी. | सडकको औसत चौडाइ (मि.) | सडकले सेवा पुग्न सक्ने वडा तथा बस्तीहरु | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | कालो पत्रे | - | - | - | - |
| | ग्राभेल | - | - | - | - |
| | कच्ची तथा धुले | - | - | - | - |
| २ | कालो पत्रे | १० | ७ मिटर | बजारक्षेत्र | ४०,००० |
| | ग्राभेल | १५ | ७ मिटर | कुर र खोयाखोला | २००० |
| | कच्ची तथा धुले | १०० | ७ मिटर | भलामडाँडा, कुर, व्यहोरे | ५०,००० |

| वडानं. | सडकको किसिम | अनुमानित लम्बाइ कि.मी. | सडकको औसत चौडाइ (मि.) | सडकले सेवा पुग्न सक्ने वडा तथा बस्तीहरु | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| ३ | कालो पत्रे | - | - | - | - |
| | ग्राभेल | - | - | - | - |
| | कच्ची तथा धुले | ३० कि.मी. | - | - | - |
| ४ | कालो पत्रे | ३ कि.मी | - | मिया गाउँ देखि रानीपोखरा | - |
| | ग्राभेल | | - | - | - |
| | कच्ची तथा धुले | ५० कि.मी | - | - | - |
| ५ | कालो पत्रे | ५ | ४ मी. | - | - |
| | ग्राभेल | | - | - | - |
| | कच्ची तथा धुले | १०० कि.मी. | ३ मी | - | - |
| ६ | कालो पत्रे | - | - | - | - |
| | ग्राभेल | - | - | - | - |
| | कच्ची तथा धुले | २५ कि.मि. | ४ मी. | वडा नं. ६ | १९०० |
| ७ | कालो पत्रे | - | - | - | - |
| | ग्राभेल | - | - | - | - |
| | कच्ची तथा धुले | - | - | - | - |
| ८ | कालो पत्रे | - | - | - | - |

| वडानं. | सडकको किसिम | अनुमानित लम्बाइ कि.मी. | सडकको औसत चौडाइ (मि.) | सडकले सेवा पुग्न सक्ने वडा तथा बस्तीहरु | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| | ग्राभेल | ९ कि.मी. | ५ मी. | किमडाडा, धारापानी, ठाकावाङ, प्युष | १०,००० |
| | कच्ची तथा धुले | १५ | ४ मी. | किमडाडा | ६,००० |
| ९ | कालो पत्रे | - | - | - | - |
| | ग्राभेल | - | - | - | - |
| | कच्ची तथा धुले | - | - | - | - |
| १० | कालो पत्रे | - | - | - | - |
| | ग्राभेल | ८ कि.मी | - | घामपानी, मिनीकोट, हराका थाना रुण्डी, बाखार्ने, गच्छेगैरा, पोर्त | - |
| | कच्ची तथा धुले | ४० कि.मि. | - | सम्पूर्ण वडा नं. १० मा पर्ने | |
| ११ | कालो पत्रे | | - | - | - |
| | ग्राभेल | | - | - | - |
| | कच्ची तथा धुले | ३० कि.मी. | - | - | - |
| १२ | कालो पत्रे | ३ कि.मी | ४ मी. | खरेडागी, धुलाबारी बजार | - |
| | ग्राभेल | ७ कि.मी | ४ मी. | | - |

| वडानं. | सडकको किसिम | अनुमानित लम्बाइ कि.मी. | सडकको औसत चौडाइ (मि.) | सडकले सेवा पुग्न सक्ने वडा तथा बस्तीहरु | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| | कच्ची तथा धुले | ५ कि.मी | ४ मी. | | |
| जम्मा | | ४५५ कि.मी. | ५३ मी. | | १०९,९००। |

स्रोत:सन्धिखर्क नगरपालिका, २०७६

### सूचना प्रविधि तथा सञ्चार क्षेत्रको स्थिति

नेपाल टेलिकम प्रा.लि. तथा एनसेल प्रा.लि. मार्फत सन्धिखर्क नगरपालिकामा विभिन्न दूर सञ्चार सेवाहरु उपलब्ध रहेका छन् । सञ्चार प्रणालीमा हुलाक, निजी कुरियर, टेलिफोन, फ्याक्स तथा इन्टरनेट जस्ता आधुनिक सञ्चार सुविधाहरु पीन सन्धिखर्क नगरपालिकामा उपलब्ध रहेका छन् । साथै यस्ता सेवा ठाउँ-ठाउँमा खुलेका साइबर क्याफेहरु, होटल, लज, विद्यालय र क्याम्पसहरुमा पनि उपलब्ध रहेकाले दुर सञ्चार सेवामा सर्वसाधारणको पहुँच सजिलो भएको छ । नेपाल टेलिकम प्रा.लि.को नमस्ते र स्काई मोबाईलका साथै ईमेल, ADSL, PSTN line, फ्याक्स आदि सेवाहरु र एनसेल प्रा.लि.को मोबाईल सेवा प्रयोग गरिरहेका छन् ।

### विद्युत

सन्धिखर्क नगरपालिकाको कुल जनसंख्या मध्य प्रायजसो परिवारमा बत्तीको सेवा उपलब्ध छ । सन्धिखर्क नगरपालिकामा बसोबास गर्ने बासीहरुले राष्ट्रिय प्रसारण मार्फतको विद्युत सेवा प्रयोग गरेका छन् । जस अनुसार ९५६४ परिवारले राष्ट्रिय प्रसारणबाट विद्युत सेवा प्राप्त गरेका छन् । यो संख्या सन्धिखर्क नगरपालिकाको कुल घरपरिवार संख्याको ९८.३ प्रतिशत हुन आउदछ । त्यस्तै १६८ घरपरिवारमा विद्युत सेवा उपलब्ध छैन ।

### आवाश

यस नगरपालिकाको कुल भूमीको २० प्रतिशत बसोबास क्षेत्रले ओगटेको छ ।

## वन तथा वातावरण

सन्धिखर्क नगरपालिकामा पाइने प्रमुख प्रजातीहरुमा सल्ला, कटुस र चिलाउने पर्दछन् । सन्धिखर्क नगरपालिका अन्तर्गत पर्ने वन क्षेत्रहरु जुन जैविक विविधताले महत्वपुर्ण मानिन्छ, उक्त क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा चिराईतो, जटामसी, पाखनवेद, कुरिलो, सतिवयर, नूनढिकी, झ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल आदि हुन् । तर यी जडिबुटीको व्यवसायिक प्रयोजनका हिसाबले प्रयोग भएको भने पाँइदैन । बाढी पहिरो नदी कटान, हुरीवतासबाट सम्भावीत जोखिमको अबस्था

## वन्य जन्तु तथा पशुपंक्षी सम्बन्धी विवरण

सन्धिखर्क नगरपालिकामा पाइने मुख्य जनावरहरूमा सालक, चितुवा, बँदेल, खरायो, स्याल, रतुवा, मृग, बादर आदि छन् भने चराचुरूङ्गीमा काग, परेवा, चिवे, कालिज, लाटोकोसेरा, भंगेरा, मैना, सुगा, बाज, ठेउवा, जुरेली, फिस्टा, तित्रा, , चिल, गिद्ध, वनकुखुरा, ढुकुर जस्ता पंक्षी पाईन्छन् । गोहोरो, सर्प, छेपारो, माउसुली जस्ता सरीसृप, भ्यागुतो जस्ता उभयचर, विच्छी, फट्यांग्रा, वन मौरी, अरिङ्गाल, बारूलो र विभिन्न जातका अन्य किराहरू पाईन्छन् । यी अमुल्य श्रोतहरुको स्थानीय समूह परिचालन गरेर मात्र संरक्षण गर्न सकिने छ र गरिदै आएको पनि छ ।

तालिका वि.सं. २०७७ सालको भू–उपयोगको स्थिति

तलिका नं. १.७

| **विवरण** | **क्षेत्रफल (हेक्टरमा)** | **क्षेत्रफल (प्रतिशतमा)** |
|---|---|---|
| जंगल(Total Forest Area) | ४९०६ | १२ |
| झाडी(Shrub)सामुदायिक वन | ३१४ | २४ |
| खेतीयोग्यजमिन(Agricultural Land) | | ४८.५ |
| बन नभएको क्षेत्र | ८०६८.२८ | |
| **जम्मा(Total Area)** | | |
| *स्रोतःसन्धिखर्क नगरपालिका, २०७६* | | |

**संस्थागत क्षमता**

यस नगरपालिकामा संगठानीक संरचना अनुसार कर्मचारी तोकि काम भइ रहेको छ ।यस नगरपालिकाले आबस्यकता अनुसार ऐन, नियमावली, कार्यविधि, निर्देशिका बनाएकोछ । सन्धिखर्कनगरपालिकामा हाल १२ वटा बैंकले बैंकिङ्ग सेवा प्रदान गर्दै आएको पाइएको छ ।

## १.३ सन्धिखर्क नगरपालिकाको विकासको समीक्षा

आर्थिक विवरणमा अर्थतन्त्रको समग्र आर्थिक चरित्र चित्रण उल्लेख भएको हुन्छ । समष्टिगत आर्थिक चरित्रमा कुनै पनि अर्थतन्त्र संघ, प्रदेश वा स्थानीय तहको आर्थिक स्थिति जस्तै औषत आय, औषत खर्च, रोजगारी, उपभोग आदी पर्दछन् । आर्थिक योजना तर्जुमा गर्दा वर्तमान समष्टिगत आर्थिक स्थितिबारेको विवरण उल्लेख हुन आबस्यक हुन्छ ।

आर्थिक विकासले सामाजिक सांस्कृतिक परिवर्तनको सवालमा कायपलटरुपी भुमिका खेल्दछ । आर्थिक हैसियतले सामाजिक परिवर्तनको गति र दिशालाई पथपर्दशन गर्दछ । राम्रो र मजबुद आर्थिक अबस्था भएको समाजमा नयाँ नयाँ परिवर्तनरुपी क्रियाकलापलाई सजिलै आत्मसाथ गर्न सकिन्छ । अन्य विकासको तुलनामा आर्थिक विकास नेतृत्वदायि विकास हो । प्रत्येक सामाजिक प्राणि मानवको संवेदशील मानसपटलमा आर्थिक तत्वले घच्घचाई रहेको हुन्छ । वास्तवमा सामाजिक क्रियाकलापको केन्द्रबिन्दु नै आर्थिक विकास हो । आर्थिक हैसियतकै आधारमा सामाजिक व्यबहार, मुल्य मान्यता, क्रियाकलाप, सम्बन्धको दायरा तथा अन्य अबस्थाको विकास हुन्छ । जब मानिस आर्थिक रुपले सम्पन्न हुन्छ तब शिक्षा, स्वास्थ्य, सञ्चार, पोषण लगाएतका क्षेत्रमा उसको पहुँच विस्तार हुन्छ, परिणम स्वरुप समाजलाई हेर्ने वैज्ञानिक दृष्टिकोण र मान्यताको विकास हुन्छ । नयाँ मान्यता, संस्कार व्यबस्था र व्यवहारलाई आत्मसाथ गर्न समाजका मानिसहरु घनिभुत भएर लाग्छन । जसले गर्दा सामाजिक परिवर्तनको गति तिब्र बन्दै जान्छ । यसरि आर्थिक विकासले सामाजिक परिबर्तनमा प्रमुख स्थान ओगटेको छ । यसै अनुरुप यस क्षेत्रको आर्थिक विकासका सिमा तथा स्रोतहरुको विबरण लाई तल प्रस्तुत गरिएको छ ।

**आर्थिक अन्तरसम्बन्ध**

सन्धिखर्क नगरपालिकाको अन्तरसम्बन्ध विशेषगरी छिमेकी जिल्ला तथा गाउँपालिका/नगरपालिकाहरु लगायत  कपिलवस्तु, रुपन्देही, पाल्पा, गुल्मी, दाङ्ग, पोखरा, नारायणघाट काठमाण्डौं, ललितपुर तथा भारतसंग बढी मात्रामा रहेको छ । यहाँका मानिसहरु दैनिक रोजगारी लगायत अन्य कारोवारको लागि नगरपालिका भित्रैका स्थानीय बजार लगायत जिल्ला सदरमुकाम तथा बुटवल, कपिलवस्तु, दाङ्ग, पोखरा, नारायणघाट, इन्डिया जाने गर्दछन् । यस ठाँउमा उत्पादित कृषिजन्य वस्तुहरुको बिक्री वितरणका लागि छिमेकी गा.पा. लगायत, कपिलवस्तु, बुटवल, भैरहवा, सम्म हुने गरेको देखिन्छ । नगरपालिकालाइ चाहिने अन्य कृषि सामाग्री, खाद्य सामाग्री लगायत दैनिक आवश्यकताका वस्तुहरुको आयात भने मुलतः कपिलवस्तु, बुटवल, पोखरा, नारायणघाट, काठमाण्डौं तथा भारत र अन्य जिल्लाहरुबाट नै हुने गरेको देखिन्छ ।

यस नगरपालिकाका मानिसहरुको गतिशिलता विश्लेषण गर्दा शिक्षा, स्वास्थ्य/औषधोपचार, रोजगारी र व्यापारको शिलशिलामा आफ्नै नगरपालिका भित्रैका स्वास्थ्य चौकी देखि लिएर छिमेकी जिल्ला शहरहरु रुपन्देहिको बुटवल तथा भैरहवा, चितवन, दाङ्ग, बाँकेको कोहलपुर, नेपालगँज, तथा संघिय राजधानिका काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म तथा भारतका बिभिन्न स्थानहरुसम्म हुने गरेको देखिन्छ । सदरमुकाम संन्धिखर्कको साथै कपिलवस्तु, रुपन्देही, दाङ्ग, बाँके, ललितपुर, भक्तपुर, काठामाण्डौ लगायतका ठाँउहरुमा र विभिन्न देश विदेशका स्थानहरुमा यहाँका मानिस रोजगार, व्यापार/व्यवसाय, शिक्षा, स्वास्थ्यसेवा र अन्य प्रयोजनका लागि जाने मुख्य स्थानहरु हुन् । ठुलो संख्यामा यहाँका मानिसहरु रोजगारका लागि विशेष गरेर नेपालका विभिन्न ठाँउहरु, खाडी मुलुक लगायत समुन्द्रपारी सम्म जाने गरेको पाइन्छ ।

सहस्राब्दी विकास लक्ष्यले बालबालिका विकासका लागि लिएको लक्ष्य तथा गन्तव्य (लक्ष्य २: गन्तव्य ३:) सन् २०१५ सम्ममा सबैले प्राथमिक शिक्षा पाएका हुनेछन् । लक्ष्य ३: गन्तव्य ४: सन् २०१५ सम्ममा शिक्षाका सबै तहमा लैङ्गिक विभेद अन्त्य भएको हुनेछ । त्यसैगरी नेपाल सरकारले पनि सबै नेपालीलाई कम्तीमा साक्षर बनाउने नीति तथा रणनीति लिएको छ ।

## १.४ आवधिक योजनाको सीमा

भरपर्दो र बलियो तथ्याङ्कीय आधार नै वैज्ञानिक योजना पद्धतिको जग हो । उचित तहको पर्याप्त तथ्याङ्क र सूचनामा जति बढी योजना तर्जुमा प्रक्रिया आधारित हुन सक्यो त्यो योजना त्यति नै बढी वस्तुपरक र वैज्ञानिक हुन जान्छ । सामान्यतया आवधिक योजना बनाउँदा द्धितियक

तथ्यांकको प्रयोग गर्ने गरिन्छ। यो योजना बनाउनको लागि संन्धिखर्क नगरपालिकाको वस्तुगत विवरणलाई तथ्यांकको मुख्य स्रोतको रुपमा लिइएको छ। यद्यपी अन्य सम्बन्धित कार्यालयबाट पनि तथ्यांक संकलन गरिएको थियो।

यस वस्तुनिष्ठ तथ्यलाई सबै सरोकारवाला संस्थाले महसुस गरे तापनि नगरपालिकाको पहिलो पटक आवाधिक योजना तर्जुमा प्रक्रियाको थालनी भएकाले कतिपय तथ्याङ्कहरु हालसम्म नगरपालिका तहमा सृजना नै हुने नगरेको, भएका तथ्याङ्कको विश्वसनीयता बारे पनि प्रश्न उठ्ने गरेको, विभिन्न तहमा छरिएका श्रोत र संस्थाहरुबाट तथ्याङ्क संकलन गर्नुपर्ने भएकाले स्रोत नै पिच्छे तथ्याङ्कहरु बिरोधाभासपूर्ण रहेको, समेत रहेको एवं अन्य कतिपय व्यावहारिक कठिनाइहरुले गर्दा केहि महत्वपूर्ण तथ्याङ्कहरु अझै पनि पूर्ण रुपमा उपलब्ध हुन सकेनन्। त्यसैले निश्चित समयावधिमा योजना तर्जुमा प्रक्रियालाई अघि बढाउँदै जाँदा सोही क्रममा क्रमशः तथ्याङ्कहरु संकलन गरी व्यवस्थित गर्ने कार्य समेत साथसाथै अघि बढाइएको थियो। कतिपय तथ्याङ्कका हकमा श्रोत फरक परेको हुन सक्दछ। यस्ता फरक परेका तथ्याङ्कको उपलब्ध भएसम्मको श्रोत र आधार वर्ष खुलाई एकरुपता दिन प्रयास गरिएको छ।

विगत समयावधिमा अन्तिम समयसम्म पनि उपलब्ध भएसम्मका तथ्याङ्कहरु समावेश गर्ने क्रम जारी नै रहेको तथ्यलाई विचार गरी यो दस्तावेजका प्रयोगकर्ताले यस सन्दर्भ र स्थितिगत वाध्यता बुझ्नु जरुरी छ। कतिपय छुट हुन गएका र तयारीकै क्रममा रहेका तथ्याङ्कहरु जस्तै राष्ट्रिय जनगणनाबाट २०७८ को विस्तृत तथ्याङ्क उपलव्ध हुन बाँकी रहेकोले जनसंख्या सम्बन्धी तथ्याङ्क सम्बन्धमा सामान्य प्रकृया अबलम्बन गरी प्रस्तुत गरिएको छ।

# परिच्छेद २

# प्रादेशिक योजना

## २.१ पृष्ठभूमी

कुनै पनि सरकारले जनताको समग्र आर्थिक तथा सामाजिक विकासको स्थितिका आधारमा चाहेको अबस्थामा पुग्न योजना बनाएको हुन्छ। प्रादेशीक योजना तल्लो तहको सरकार अर्थात स्थानीय सरकार (subordinate government) ले बनाउने योजना हो । स्थानीय सरकारले स्थानीय जनताको आबस्यकता र चाहना अनुसार उनीहरुले चाहेको अवस्थामा पुग्ने गरी योजना बनाएको हुन्छ । भिन्न स्थानीय क्षेत्रमा बसोबास गर्ने जनताको समस्या, आबस्यकता र चाहना भिन्न हुन्छन् । प्रादेशीक योजना भिन्न स्थानीय सरकारको भिन्न प्रकृतिका समस्याहरु समाधान गर्न उपर्युक्त हुन्छ । किनकी स्थान विशेषको भिन्न समस्यालाई भिन्न तरिकाले समाधान गर्न सकिन्छ । त्यस्ता भिन्न स्थानीय समस्या समाधान गर्दै राष्ट्रिय लक्ष्यमा पुग्नु प्रादेशीक तथा स्थानीय विकास योजना बनाउनुको मुख्य उद्देश्य हो ।

नेपालमा संघ, प्रदेश र स्थानीय सरकारले संविधान तथा कानून अनुसार उपलब्ध स्रोतको आधारमा आ–आफ्नो योजना तर्जुमा गर्ने व्यवस्था रहेको छ । स्थानीय सरकारले योजना बनाउँदा भिन्नतामा एकरुपता (Uniformity in Diversity) का आधामा सन्तुलित विकास योजना बनाउनु पर्दछ । तसर्थ, यो आवधिक विकास योजनाले स्थानीय समस्या सम्बोधन गर्नुको साथै केन्द्र र प्रदेश सरकारको लक्ष्य तथा उद्देश्यलाई पनि सम्बोधन गर्नेछ भन्ने अपेक्षा गरिएकोछ । यसका लागि यो आवधिक योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको विकास योजनामा उल्लेख गरिएका मुख्य लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम संग सकेसम्म तादत्म्यता कायम हुने गरी आबधिक योजना बनाईएको छ । यसका अलावा नेपाल सरकारले अन्तराष्ट्रिय संघ, संगठन संग आवद्ध भई गरेका सन्धी सम्झौताहरु, जस्तै दिगो विकास लक्ष्य, लाई पनि ध्यानमा राखिएको छ । यो आवधिक योजनामा स्थानीय सोच, लक्ष्य, उद्देश्य, नीति, रणनीति विश्वव्यापी सोचमा स्थानीयता (Think Globally, Act Locally) को आधारमा निर्धारण गरिएको छ । स्थानीय सरकारले योजना बनाउँदा स्थानीय तहको आर्थिक कृयाकलपमा सघाउ पुर्याउने तुलनात्मक रुपमा कम गतीशील

साधनको उत्पादन, विकास र विस्तारमा बढी जोड दिनु पर्दछ । तसर्थ, स्थानीय योजना बनाउँदा सम्बन्धित स्थानीय सरकारलाई आइपरेका ती क्षेत्रको विकास र विस्तारमा आइपर्ने चुनौति र अवसरबारे विशेष ध्यान दिनु पर्दछ। यहि मान्यता अनुसार सन्धिखर्क नगरपालिकाको मुख्य चुनौति र अवसर उनीहरुको अनुभव र धारणाका आधरमा उनीहरुबाट नै संकलन गरिएको थियो ।

## २.२ चुनौति र अवसर

चुनौति एउटा अनिश्चितताको संगालो हो। यसलाई निश्चित बनाउन सकिने सवालहरुलाई समस्याको रुपमा लिइनु पर्दछ। समस्या समाधान गर्न सकिने तर मानिसले दुःख भोगिरहेको अबस्था हो । वास्तवमा कुनै पनि समस्यामा कारण र असर हुन्छन् । समस्यालाई अवसरका रुपमा बदल्न सकिन्छ । किनकी समस्याको नकारात्मक असर देखिन्छ र त्यसमा कुनै न कुनै कारण लुकेको हुन्छ । त्यस्ता नकारात्मक असर समाधान गरी सकारात्मक बनाउनु चुनौतिपूर्ण कार्य हो ।

स्थानीय जनताको वर्तमान अवस्था र चाहेको अबस्थालाई जोड्न यो आवधिक योजना बनाइएको हो । यसमा वर्तमान अबस्थामा गुज्रनु पर्नाका कारण र स्थानीय जनताले भोगेका कठिनाईलाई सम्बोधन गर्ने प्रयास गरिएको छ । यसका लागि साधन र साध्यबीचको सम्बन्धको आधारमा योजना बनाइएको छ । नगरपालिकाको आर्थिक तथा सामाजिक विकास योजना तर्जुमा गर्नको लागि नगरको विकासका चुनौति र अवसरहरु पहिचान स्थानीय जनताको सहभागीतामा पहिचान गर्ने प्रयास गरिएको छ। विकासका चुनौतिमा नगरपालिकामा उपलब्ध भएको स्रोत साधनको कसरि उच्चतम प्रयोग गरी नगरबासीको आबस्यकता र चाहना अनुसार आर्थिक समृद्धि र सामाजिक सुख प्रदान गर्ने भन्ने नै हो । यसका लागि योजना तर्जुमा तथा कार्यान्वयनमा आइपर्न सक्ने चुनौति र अवसरको विश्लेषण गर्ने प्रयास गरिएको छ। चुनौतिको सामना गर्न नगरको सोच, लक्ष्य र उद्देश्य निर्धारण गरी त्यसको प्राप्तीका लागि उपलब्ध स्रोत साधनको सकेसम्म उच्चतम प्रतिफल प्राप्त हुने गरी विनियोजन गरिएको छ। सन्धिखर्क नगरपालिका नेपालको लुम्वीनी प्रदेश अर्घाखाँची जिल्लामा अबस्थित पहाडी भूभागमा पर्दछ । यो नगरपालिकामा विभिन्न खद्यान्न, जडिबुटी, औद्योगीक कच्चा पदार्थ आदी प्रकृतिले निशुल्क रुपमा प्रदान गरेको छ । विश्व जनसंख्या र नेपालको जनसंख्याको आधारमा यस नगरपालिकामा औषत रुपमा बढी प्रतिशत मानिसको उमेर समूह आर्थिक रुपले सक्रिय जनसंख्यामा पर्दछ। यसरी हेर्दा नेपालको औषत जनसांखीक चरित्र संग यस नगरपालिकाको जनसंख्याको चरित्र मिल्दछ । तर नेपाली जनताको रोग, भोक र गरिबी हटाई समृद्ध नगर, सुखी नगर बासी

बनाउन जनताको आबस्यकता र चाहना अनुसारको योजना बनाउनु आफैमा चुनौति पूर्ण कार्य हो । यस्तो योजना तजुमा गर्न नेपालको संविधान र कानूनले स्थानीय तहलाई जिम्मेवार बनाएको छ । स्थानीय सरकारले संविधान तथा कानून अनुसार योजना तर्जूमा गर्न पाउने अधिकारलाई महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ । तर जनताको आबस्यकता र चाहना अनुसार कार्यान्वयन योग्य र लागत लाभको दृष्टिले प्रतिफलमा आधारित योजना तर्जुमा गर्नु चुनौतिपूर्ण कार्य हो । यसका लागि स्थानीय तहले भोग्नु परेको चुनौति र सम्भावनाहरु के के छन् पहिचान गर्न प्रयास गरिएको छ ।

यो नगरपालिका प्राकृतिक श्रोत साधन, सम्पदा, भू-बनौट तथा हावापानी, कला, साहित्य-संस्कृतिका दृष्टिकोणबाट सम्पन्नशाली रहेको पाउन सकिन्छ । भौतिक तथा प्राकृतिक साधन स्रोत अगतिशिल वस्तु हो यसलाई मानविय प्रयासले मात्र गतिशिल बनाउन सकिन्छ । यहाँ धेरै मानिसहरु बेरोजगारीका कारण कस्टपूर्ण जीवन विताउन बाध्य छन् । मानवीय स्रोतलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेको खण्डमा यस नगरपालिकाको विकासको सम्भावना धेरै छ भन्न सकिन्छ । यद्यपी वर्तमान आधुनिक उत्पादन प्रविधि, उत्पादकत्व, साधनको विविधिकरणका आधारमा उत्पादन प्रकृयामा आमुल परिवर्तन भएको छ। यसका लागि मौद्रिक पूँजीको आबस्यकता पर्दछ। मौद्रिक पूँजीलाई सीमान्त लागत लाभको दृष्टिबाट सन्तुलीत विकासलाई ध्यानमा राखी लगानी गर्नु पर्दछ । संविधान तथा कानूनले स्थानीय स्रोत परिचालनको लागि पर्याप्त अधिकार दिएको छ भने संघ र प्रदेशले पनि कानून अनुसार स्रोत हस्तान्तरण गर्नु पर्ने बाध्यकारी व्यवस्था गरेको छ । ती स्रोतहरुलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेको खण्डमा आवधिक रुपमा स्रोतको प्रभावकारी उपयोग गरी यस नगरपालिकालाई योजनामा परिकल्पना गरिएको निर्दिष्ट लक्ष्यमा पुर्‍याउन सकिने सम्भावना छ ।

यसरी हेर्दा सन्धिखर्क नगरपालिकामा प्रशस्त सम्भावनाहरू रहेता पनि यस्ता स्रोत साधनको उचित व्यवस्थापन तथा सदुपयोगको अभावले गर्दा सामाजिक, आर्थिक तथा मानवीय क्षेत्रहरूमा पछाडि रहेको छ । यस नगरपालिकामा रहेका सम्भावना र अवसरलाई उच्चतम रुपमा उपयोग गरी एक सक्षम र समुन्नत नगरपालिकाको रूपमा विकास गर्नु आजको मुख्य चुनौती हो । वास्तवमा स्रोत साधनमा धनी भएर पनि अर्थात, प्राकृतिक र मानवीय स्रोतमा धनी भएर पनि नेपाल आर्थिक तथा सामाजिक विकासका दृष्टिले धनी हुन नसक्नु आफैमा एउटा चुनौति हो ।

विश्वका जस्तै चीन, दक्षिण कोरीया, मलेशिया, सिंगापुर लगायतका देशहरुले छोटो समयमा धेरै ठूलो विकास गरी सकेको छ । यसबाट विश्वका

धेरै देशको अनुभव र उदाहरणहरुका आधारमा राजनीतिक संस्कार, सोच, परिपाटी, इच्छाशक्ति आदी कुराहरु पनि विकासका महत्वपूर्ण कारक तत्व हो भन्न सकिन्छ। अर्थराजनीतिका विज्ञहरुले वित्तीय संघीयतामा यसबारे व्यापक चर्चा गरेका छन्। जसलाई second generation fiscal federalism, refined fiscal federalism, market preserving federalism आदी सिद्धान्तको आधारमा व्याख्या गरिएको पाइन्छ। नेपालमा यी सिद्धान्तका आधारमा विकासका धेरै नीति, ऐन नियमहरु बनेको भएतापनि साझा दृष्टिकोण नबन्दा र योजनाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा जनताले चाहेको र देशको क्षमता अनुसारको विकास हुन सकेको छैन। यस अर्थमा सिद्धान्त अनुसारको योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयन नेपालको आर्थिक तथा सामाजिक विकासमा आजको महत्वपूर्ण चुनौति हुन गएको छ।

यस नगरपालिकाले आर्थिक तथा सामाजिक विकासलाई प्रभावकारी बनाउन साझा दृष्टिकोण तय गर्न आवश्यक छ। यस नगरपालिका भित्र रहेका पर्यटन, जलस्रोत, जडिबुटी, कृषि लगायत अन्य विभिन्न सम्भावनाहरुलाई उजागर गरी ती क्षेत्रका विज्ञहरुको विश्लेषणका आधारमा लगानीकर्ताहरु आकर्षित गरी सबै सम्भावनाहरुलाई चलायमान बनाउनु पर्दछ। यसका अलावा विभिन्न क्षेत्रहरु मध्ये कुनै खास क्षेत्रको विशेष विकास योजना तय गरी सन्धिखर्क नगरपालिकाको पहिचान दिन नसक्दा पनि योजनाहरु परिपक्व हुन सकेको छैन। त्यसैगरी एक गाउँ एक उत्पादन (One Village One Product) अवधारणालाई कार्यान्वयन गर्नु पनि चुनौतीको रुपमा रहेको छ।

नगरपालिकामा रहेका प्राकृतिक सम्पदाहरू मध्ये जलस्रोत पनि एक महत्वपूर्ण स्रोत हो। खोलानाला मा बगेर जाने जलस्रोतको सही सदुपयोग गर्न सक्ने वातावरण सिर्जना गर्न नसक्नु पनि महत्वपूर्ण चुनौतिको रुपमा लिन सकिन्छ। यस नगरपालिका भित्र वहने नदीहरुबाट सिचाई, खानेपानी तथा जलबिधुतको बिकासका धेरै सम्भावनाहरु छन्। ती नदीहरुको पर्याप्त सदुपयोग हुन सकेको छैन।

यस नगरपालिकामा पछिल्लो समयमा ग्रामीण सडकको व्यापक विकास भएको छ। यस नगरपालिका भित्रका बस्तीस्तरमा खनिएका सडक कच्ची तथा धुले सडक भएको हुँदा हिउँदमा मात्र यातायात संचालन हुन सक्छ। सडकको ट्र्याक खोल्ने मात्र काम भएको छ। यसरी हेर्दा पहाडी भूभागमा रहेको यस नगरपालिकामा सडकको सुविधा पुऱ्याउन सकेमा ग्रामीण बस्तीमा त्यस क्षेत्रको उत्पादनलाई बजारसम्म पुऱ्याउन सहयोग पुऱ्याई गरिबी न्यूनीकरणमा सहयोग पुग्ने सम्भावना रहेको छ। तर कच्ची तथा धुले सडकको स्तरोन्नती गरी पक्की बनाई बाह्रै महिना यातायात सेवा संचालन गर्नु अहिलेको प्रमुख चुनौती हो।

यस नगरपालिकाको विभिन्न भागहरूमा विविध हावापानी रहेकै कारण यहाँ बेमौसमी तरकारी खेती तथा अन्य किसिमका नगदेबालीहरूको खेती व्यवसायिक ढङ्गबाट सञ्चालन गर्न सकिने सम्भावनाहरू रहेका छन् । पकेट क्षेत्रहरूको समेत विकास गरी मौसमी तथा बेमौसमी तरकारी खेती तथा नगदे बालीको विकास गर्नसके बुटवल, भैरहवा लगायतका बजारमा पहुँच बढाइ नगरपालिकाको आर्थिक स्थितिमा व्यापक सुधार आउन सक्ने देखिन्छ । यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका अवसर र चुनौतिलाई नगर प्रोफाइलका आधारमा तल उल्लेख गरिएको छ ।

**नगरपालिकामा कृषिको चुनौती र समस्याहरु**

यस नगरपालिकामा होचा डाँडा, बेंसी, खोच तथा फाँटहरु रहेकाछन । जाँहा खेति गरिएको जमिन मध्ये करिब ८२ प्रतिशत जमिनको भिरलोपन ३०$^{\circ}$ भन्दा बढी रहेको छ । यस हिसाबले भिरालो खेति गरिने नेपालका विभिन्न ठाउँहरु मध्ये यो नगरपालिका पनि अग्रपन्तिमै पर्दछ । यद्यपी यहाँ गरिने कृषि प्रणाली भने अझै परम्परागत सैलिमै गर्ने गरिन्छ । बिभिन्न कारणहरुले गर्दा यहाँको कृषि दैनिक गुजारा चलाउन मै सिमित रहेको छ ।

परम्परागत खेती प्रणालीमा अपेक्षित सुधार हुन नसक्नु, जमिनको वितरण तथा उपयोगमा वैज्ञानिकिकरण हुन नसक्नु, गुणस्तरीय कृषि सामाग्रीको उपलब्धता हुन नसक्नु र कृषि प्रविधिको समुचित प्रयोग हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू हुन् । साथै पशुपालन व्यवसायलाई समुचित र वैज्ञानिक ढङ्गबाट सञ्चालन गर्नसके दुध तथा दुधजन्य उद्योगको विकास र भेंडा, च्याँग्रा पालनबाट मासु तथा ऊनको व्यवसाय सञ्चालन गर्न सकिने सम्भावना देखिन्छ तर उपयुक्त प्रविधि तथा दाना घाँस आदिको व्यवसायिकता नहुनु समस्याको रूपमा रहेको छ । वन क्षेत्रमा डाले घाँसको विकास तथा आवश्यक मात्रामा चरन क्षेत्रको विकास गर्नसके यस क्षेत्रबाट प्रशस्त रोजगारीको अवसर सिर्जना हुनसक्ने देखिन्छ । यसका अलावा उपयुक्त भू-प्रणालीको विकास तथा जडिबुटी र वनजन्य उद्योगहरूको विकास तथा विस्तार गर्न सकिने सम्भावना पनि रहेको छ ।

**नगरपालिकामा व्यापार तथा व्यवसायको सम्भावना**

साना तथा घरेलु उद्योगहरूको स्थापनाबाट केही हदसम्म रोजगारी तथा आयआर्जनका सम्भावनाहरू रहेका छन् । गाउँघरमा नै सञ्चालन गर्न सकिने खाद्य प्रशोधन व्यवसाय सञ्चालन गर्नसके ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । जिल्ला स्थित उद्योग वाणिज्य संघ, सरकारी निकाय, समुदायको साझा प्रयासबाट मात्रै यस क्षेत्रको विकास सम्भव रहेको छ ।

संन्धिखर्क नगरपालिकामा रहेको अर्को मुख्य संभावना र अवसर बोकेको क्षेत्र भनेको पर्यटन प्रर्वद्धन पनि हो । धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण मानिएको यस संन्धिखर्क नगरपालिकामा धार्मिक पर्यटकीय क्षेत्रको रुपमा सुपादेउराली मन्दिर, अर्घा मन्दिर, मथुराधाम, खाँचीकोट दरबार, अर्घा दरबार रहेका छन । पर्यटकीय क्षेत्रको रुपमा बिकाश गर्दा कतिपय भौतिक पुर्वाधारहरुको निर्माण गर्नु पर्ने हुन्छ । यसरी भौतिक पुर्वाधारहरु निर्माण गर्दा वातावरण माथि चरम अतिक्रमण भएको कुरा सार्वजनिक रुपमा उठ्ने गरेको पाइन्छ । विकास निर्माणका कार्य गर्दा दिगो विकासको अवधारणलाई आत्मासात गरी विकासका कार्य संचालन गर्नु आजको टड्कारो आवश्यकता हो । ताकि विकासले विनाशको रुप नलियोस । त्यसै गरि पर्यटकिय बिकासको लागी अर्को महत्वपूर्ण कुरो यातायात हो ।  तर सन्धिखर्क नगरपालिकामा त्यसको पर्याप्ततामा अलि कमिनै छ । महेन्द्र राजमार्ग जोड्ने सडकसंगको संजाल राम्रो भए ता पनि नगरपालिका भित्रका ग्रामिण  मार्गहरु कालोपत्रे हुनसकेका छैनन । तर पर्यटकिय बिकशकोलागी यी ग्रामिण सडकहरुको विस्तार  अत्यन्त अपरिहार्य छ । जसको माध्यमबाट पर्यटकहरुको आवगमनलाई सहज, सरल तथा सफल बनाउने छ । संन्धिखर्क नगरपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा रुपान्तर गर्नका लागि सबैले आ–आफ्नो क्षमता तथा जिम्मेवारीताको महशुस गरी योगदान गर्न सकेको खण्डमा संन्धिखर्क नगरपालिकाको चौतर्फी विकासको अवसर तथा प्रवल सम्भावना रहेको देखिन्छ ।

नेपाल एक बहुजातीय, बहुभाषी, बहुसांस्कृतिक तथा धार्मिक स्वतन्त्रता रहेको एक प्रजातान्त्रीक मुलुक हो । यस सन्र्दभलाई संन्धिखर्क नगरपालिकासंग तुलना गरि हेर्दा यस नगरपालिकामा पनि धेरै जातजाति तथा भाषाभाषीका मानिसहरुको बसोवास रहेकोले सांस्कृतिक रुपमा विविधता रहेको पाइन्छ । आ–आफ्नै जाति अनुसार रितिरिवाज चालचलन मुल्य र मान्यता रहेको भएता पनि एक अर्काको धर्म तथा सस्कृतिलाई सम्मान गर्ने गरेको पाईन्छ । नेपालमा हाल धर्म परिर्वतनको होड पनि चलेको पाइन्छ । आर्थिक प्रलोभनमा परी धर्म परिर्वतन गराई आफ्नो निहित स्वार्थ पुर्तिका लागि केही तत्वहरुले सक्रिय भुमिका खेलेका छन् । यसका साथै विदेशी संस्कृति प्रतिको मोहले पनि तिव्र रुपमा धर्म संस्कृति माथि प्रहार भइरहेको छ । यसको लागि पनि संस्कृतिको जर्गेना गर्नुपर्ने आवश्यकता देखिन्छ । समग्रमा संन्धिखर्क नगरपालिकामा उच्च स्तरको शिक्षाको

अध्ययनको पुर्वाधार न्यून रहेको हुँदा उच्च शिक्षाको लागी बुटवल, पोखरा, काठमाण्डौं, भक्तपुर, ललितपुर, भरतपुर, भारत तथा तेस्रो मुलुकसम्म जाने गरेको देखिन्छ ।

## २.३ योजना खाका

यस आवधिक योजनामा नगरपालिकाको चुनौति र अवसरलाई ध्यानमा राखी जनताको आबस्यकता र चाहना अनुसार योजनाको खाका बनाउने प्रयास गरिएको छ। योजनाको खाकामा आर्थिक तथा सामाजिक विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीतिक प्राथमीकता, सिद्धान्त, मान्यता, परमाणात्मक लक्ष्य, रणनीति जस्ता विषयहरु समावेश गरिएको छ। सन्धिखर्क नगरपालिकाको योजना बनाउँदा आफ्नै सोच अनुसार संघ र प्रदेश सरकारको परिमाणात्मक लक्ष्यलाई पनि ध्यानमा राखी योजनाको खाका बनाइएको छ।

### २.३.१ सन्धिखर्क नगरपालिकाको सोच

स्थानीय तहको सोच स्थानीय सरकारले चाहेको अबस्था वा परिदृष्टि हो । यसमा दीर्घकालमा स्थानीय सरकार कहाँ पुग्नेछ भन्ने सोच वा सपना निर्दिष्ट गरिएको हुन्छ । सन्धिखर्क नगरपालिकाको नगरबासीको मुख्य चाहना विश्ववजारमा उपलब्ध भौतिक तथा अभौतिक साधन र स्रोतको उपभोग गरी सन्तुष्ट जीवन यापन गर्नु हो । यसका लागि नगरपालिकाले दक्ष र प्रभावकारी रुपमा सेवा प्रवाह र विकास गर्न सकिने सोचमा आधारीत योजना बनाउनु पर्दछ । यस्तो सोच स्थनीय जनताको सामाजिक तथा आर्थिक विकास, पर्यवरणीय मैत्री र स्थानीय जनता केन्द्रीत परिदृष्टि हो । यसका अलावा स्थानीय योजना बनाउँदा निर्माण गरिने सोच राष्ट्रिय र प्रदेशको सोच संग तादत्म्यता हुने गरी बनाइनु पर्दछ । नेपालको दीर्घकलीन सोच **समृद्ध नेपाल, सुखी नेपाली** रहेकोमा लुम्बिनीय प्रदेशले **समृद्ध प्रदेशका खुशी जनता** सोच बनाएको छ। यसबाट संघ र प्रदेशको सोच समृद्धि र सुख भएको पाइन्छ। आवधिक योजना तर्जुमा कार्यशालहरुमा सन्धिखर्क नगरपालिकाले पहिले नै तय गरेको दीर्घकलीन सोचका आधारमा योजना बनाउने भन्ने सहमती भयो। यस नगरपालिकाको दीर्घकालीन सोच निम्न रहेको छ।

**सन्धिखर्कको रहर, स्मार्ट सहर**

यो दीर्घकालीन सोच पूरा गर्न संघ र प्रदेशको सोच संग तादत्म्यता मिलाउनु उपर्युक्त हुन्छ । स्थानीय निर्वाचनको समयमा सबै राजनीतिक दलले स्मार्ट सहर र गाउँ बनाउने सोच बनाएका थिए । त्यसैले स्मार्ट शब्द स्थानीय तहमा जनवोलिको शब्द र राजनीतिक दलहरुको घोषणपत्रलाई आधार मानी नगरपालिकाको सोच बनाइएको हो ।

**दीर्घकालीन लक्ष्य**

आवधिक योजनामा दीर्घकालीन सोचका आधारमा सूचना र प्रविधिमा आधारित स्मार्ट विकास योजना बनाउने प्रयास गरिएको छ । वास्तवमा स्मार्ट सहर हुनको लागि सूचना प्रविधिको आधारमा पर्यवरणीय सन्तुलन, दैवीप्रकोप नियन्त्रण र नगरबासीहरुको आर्थिक समृद्धि तथा सुख प्राप्त हुन आबस्यक छ । यसका लागि नगरपालिकाको दीर्घकालीन लक्ष्य भौतिक संरचनाको निर्माण, दैवीक विपत्ती र आर्थिक तथा सामाजिक विकास स्मार्ट भएको हुनेछ ।

दिगो विकास कार्यसूचीमा आर्थिक, सामाजिक र वातावरणीय गरी तीनवटा खम्बाहरु रहेका छन् (रायोआ, २०१७) । यी खम्बाहरु बलियो बनाउनका लागि समृद्धि, समानुपातिक वितरण र दिगो विकासका लक्ष्यहरु हासील हुने गरी योजना बनाउनु पर्दछ । सन् २०१५ मा संयुक्त राष्ट्र संघको सबै सदस्य राष्ट्रहरुले अनुमोदन गरेको सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकास लक्ष्य १७ वटा र २३२ वटा सूचक रहेका छन् । नेपालको लागि दिगो विकास लक्ष्यहरु, वर्तमान अवस्था र भावी मार्गचित्र, २०१६–२०३० लाई संघ, प्रदेश र स्थानीय सरकारले समन्वयको मुख्य आधार बनाउनु पर्दछ । नेपालले नेपालको वस्तुगत यथार्थ संग प्रत्यक्ष रुपमा सम्बन्धित नभएको लक्ष्य १४ बाहेक १६ वटा लक्ष्य अंगीकार गरेको छ र ती लक्ष्यहरु संग सम्बन्धित २४७ वटा सूचक थप गरी ४७९ सूचक निर्धारण गरेको छ । ती लक्ष्यहरु संग तादत्म्यता मिल्ने गरी नेपालको पन्ध्रौं आवधिक योजनामा विभिन्न लक्ष्यहरु निर्धारण गरी आवधिक योजना बनाइएको छ । १७ वटा दिगो विकास लक्ष्यलाई समूहीकृत गरी गरिबी र विपन्नत, आधारभूत सामाजिक सेवा, समानता समावेशिता तथा न्याय, आर्थिक बृद्धि रोजगारी उपभोग र वातावरण तथा जलवायु परिवर्तनलाई स्थानीय तहमा निम्न ५ वटा विषय क्षेत्रगत समिति रहेकाछन् । ती लक्ष्यहरुलाई निम्न समितिमा समुहिकृत गरिएको छ ।

**तालिका नं. २.१: विषयगत समितिको दिगो विकास लक्ष्य संगको सम्बन्ध**

| **विषय क्षेत्रगत समिति** | **योजनाको लक्ष्य** |
|---|---|
| आर्थिक विकास | दिगो विकास लक्ष्य नम्वर १, २, ८, १२ र पन्धौं योजनामा उल्लेखित आर्थिक विकास लक्ष्यका सूचांक अनुसारको लक्ष्य हासील गर्ने । |
| सामाजिक विकास | दिगो विकास लक्ष्य नम्बर ३, ४, ५, ६, १० र पन्धौं योजनामा उल्लेखित सामाजिक विकास लक्ष्यका सूचांक अनुसार लक्ष्य हासील गर्ने । |
| पूर्वाधार विकास | दिगो विकास लक्ष्य नम्बर ७, ९, ११ र पन्धौं योजनामा उल्लेखित पूर्वाधार विकास सूचांक अनुसार लक्ष्य हासील गर्ने । |
| वातावरण तथा विपद व्यवस्थापन | दिगो विकास लक्ष्य नम्बर १३ र १५ र पन्धौं योजनामा उल्लेखित वातावरण तथा विपद व्यवस्थापन सूचांक अनुरुप लक्ष्य हासील गर्ने । |
| संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | दिगो विकास लक्ष्य नम्बर १६ र १७र पन्धौं योजनामा उल्लेखित संस्थागत विकास सेवा प्रवाह तथा सुशासन सूचांकहरु हासिल गर्ने । |

पन्धौं योजना अवधिमा समृद्धि र सुख प्राप्ति गर्ने र समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने लक्ष्य राखिएकोको छ ।

**तालिका नं. २.२: विषयगत समिति अन्तर्गतका कार्यालयहरु**

आवधिक योजना तर्जुमा गर्नको लागि देहाय बमोजिमको विभिन्न विषय क्षेत्रहरू पहिचान गरी विषयगत समितिहरू गठन गर्नुपर्ने हुन्छ ।

| क्र.सं. | विषय क्षेत्रगत समिति | समिति सम्बन्धित उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक विकास | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, झोलुंगे पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, संचार |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन |
| ५ | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्यौंट |

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना) १३

## दीर्घकालीन नीति

- स्थानीय जनतालाई इन्टरनेट प्रविधिको ज्ञानबाट स्मार्ट बनाउन सहजीकरण गर्ने ।
- नगरपालिकाबाट हुने विकास र सेवा प्रवाह सम्बन्धि स्थानीय शासन स्मार्ट बनाउने ।
- स्थानीय साधनको परिचालनलाई स्मार्ट बनाउने ।
- स्थानीय अर्थतन्त्रलाई स्मार्ट बनाउने वातावरण निर्माण गर्ने ।
- स्थानीय जनताको उपभोग तथा विनिमय जस्ता जीवनयापनलाई स्मार्ट बनाउन उत्प्रेरीत गर्ने ।
- नगरपालिकाको वातावरण स्मार्ट बनाउने ।

### २.३.२ सन्धिखर्क नगरपालिकाको प्रथम आवधिक योजनाको लक्ष्य

नेपालको दिगो विकास लक्ष्य तथा पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य र लुम्बिनि प्रदेशको लक्ष्य समृद्धि र सुखसंग सम्बन्धित भएकोले त्यसै संग तादत्म्यता हुने गरी सन्धिखर्क नगरपालिकाको दीर्घकालीन सोचका आधारमा आबधिक योजनाको लक्ष्य निर्धारण गरिएको छ । यस आवधिक योजनाको मुख्य लक्ष्य तोकिएको समयमा सेवा प्रवाह र विकास निर्माण कार्य सम्पन्न गर्ने रहेको छ । यस अवधिमा सन्धिखर्क नगरपालिकाले स्थानीय जनताको आबस्यकता र चाहना अनुसार स्मार्ट सेवा प्रवाह गरी नगरबासीको जीवन समृद्ध र सुखी भएको हुनेछ ।

### २.३.३ परिमाणात्मक लक्ष्य

राष्ट्रिय र प्रदेशको लक्ष्य संग तुलनात्मक आधारमा सन्धिखर्क नगरपालिकाको समृद्धि र सुखका परिमाणात्मक लक्ष्य निम्न तालिका क र ख मा उल्लेख गरिएको छ । सन्धिखर्क नगरपालिका र मातहतका कार्यालयहरुबाट उपलब्ध तथ्यांकर प्रक्षेपणको आधारमा निर्धारण गरिएको हो ।

**क. समृद्धिका परिमाणात्मक सूचकहरु**

तालिका नं. २.३ परिमाणात्मक लक्ष्यहरु

| विकास लक्ष्य, गन्तव्य र सूचक | | | | |
|---|---|---|---|---|
| | | | सन्धिखर्क | |
| लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आव २०७४।७५ नेपाल | २०७६/०७७ | २०८२/०८३ |
| प्रतिव्यक्ति आय | अमेरीकी डलर | १०४७ | ९०० | ११०० |

| | | | | |
|---|---|---|---|---|
| गरिबीको अन्त्य | | | | |
| गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ४० | |
| अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ६८ | ८० |
| मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा | संख्या | २३९ | ०.५ | ०.२ |
| ५ वर्षमुनिका वाल मृत्युदर (प्रतिहजार जीवीत जन्ममा) | संख्या | ३९ | ०.३ | ०.१ |
| गुणस्तरीय, रोजगारमुलक र जीवनपयोग शिक्षा प्राप्त नागरीक | | | | |
| साक्षरता दर (१५ वर्षमाथी) | प्रतिशत | ५८ | ७० | ८० |
| युवा साक्षरता (१५ देखी २४) | प्रतिशत | ८५ | ९० | १०० |
| आधारभुत तह (१ देखी ८ मा खुद भर्नादर | प्रतिशत | ९२.३ | ९२ | ९८ |
| माध्यामीक तह (९ देखी १२ मा खुद भर्नादर | प्रतिशत | ४६ | ५२ | ७५ |
| उच्च शिक्षामा खुद भर्नादर | प्रतिशत | ९.५ | ४ | १५ |
| कामगर्ने उमेर समूहका प्राविधिक र व्यवसायीक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | २५ | १५ | ५० |
| उत्पादनशील र मर्यादीत रोजगारी | | | | |
| श्रम सहभागीता दर १५ वर्ष माथी | प्रतिशत | ३८.५ | ४० | ५० |
| बेरोजगारी दर | प्रतिशत | ११.४ | १६ | १० |
| सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तरआबद्धता | | | | |
| सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात | | | | |
| राष्ट्रिय र प्रादेशिक लोक मार्ग | कि.मी. | ६९७९ | | |

| | | | | |
|---|---|---|---|---|
| पूर्वाधारमा पहुँच तथा आबद्धता | | | १० | २० |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ९५ | ९८ |
| आधारभुत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ८८ | ७५ | ९० |
| उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २० | १५ | २५ |
| इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५५.४ | ४० | ८० |
| प्राथमिक क्षेत्र (कृषि, वन र खानि) | प्रतिशत | २७.६ | | |
| द्धितीयक क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत, ग्यास र पानी तथा निर्माण) | प्रतिशत | १४.६ | १५ | २० |
| तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ५७.८ | ४० | ५० |
| स्वच्छ उर्जाको उत्पादन तथा उपभोग | | | | |
| प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | १९८ | | |
| उर्जा उपभोगमा नवीकरण उर्जाको अनुपात | प्रतिशत | ५ | ०.५ | १ |
| व्यापार सन्तुलन | | | | |
| वस्तु तथा सेवाको निर्यात (जीडीपीको अनुपातमा) | अनुपात | ९ | ३ | ५ |
| वस्तु तथा सेवाको आयात (जीडीपीको अनुपातमा) | प्रतिशत | ५०.८ | ४० | ३० |
| राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व | | | | |
| सिँचाइयोग्य भूमी मध्ये वर्षभरी सिँचाइ सुविधा पुगेको भूमी | प्रतिशत | ३३ | २.८७ | ३.५ |
| प्रति पर्यटक खर्च (प्रति दिन) | | $४८ | २५०० | ३००० |

स्रोतः सन्धिखर्क नगरपालिका, २०७८

**ख. सुखका परिमाणात्मक सूचकहरु**

**तालिका नं.२.४ परिमाणात्मक लक्ष्यहरु**

| सिद्धार्थ नगरपालिकाको सुखका परिमाणात्मक सूचकहरु अनुसार दीर्घकालीन लक्ष्य | | | | | |
|---|---|---|---|---|---|
| | | | | सन्धिखर्क | |
| विकास लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आव २०७४।७५ नेपालको | प्रदेश | २०७६/०७७ | २०८२/०८३ |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | | ०.४८ | |
| नागरिक सन्तुष्टिको अनुभूति सूचकाङ्क | सूचकाङ्क | ४.७ | | | |
| बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | | २८.८ | १० |
| ५ वर्ष मुनिका कम तौल भएका वालवालिका | प्रतिशत | २७ | | ५ | २ |
| ३० मीनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ४९ | | ९० | ९८ |
| सुरक्षित तथा सुबिधा सम्पन्न आवास | प्रतिशत | | | ५० | ७० |
| सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४० | | ७५.८ | ९० |
| आधारभूत खानेपानी पुगेको जनसंख्या | प्रतिशत | ८९ | | | |
| उच्चमध्यम स्तरको खानेपानी पुगेको जनसंख्या | प्रतिशत | २१ | | १५ | २० |
| भौतिक तथा आधुनिक सम्पत्तिमाथिको पहुँच | प्रतिशत | | | | |
| आफ्ना स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | | ९० | ९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसंख्या | प्रतिशत | ४४ | | ५ | १० |
| सुरक्षिता, सम्य र न्यायपूर्ण समाजविभेद, हिंसा र अपराधमुक्त समाज | प्रतिशत | | | | |
| लैंगिक विकास सूचकांक | सूचकाङ्क | ०.८९७ | | | |
| लैंगिक असमानता सूचकांक | सूचकाङ्क | ०.४७६ | | | |
| जीवनकालमा शारीरीक वा मानसिक वा यौनहिंसा पिडित महिला | प्रतिशत | २४.४ | | १५ | १० |
| दर्ता भएका लैंगिक हिंसा लगायतका घटना | प्रतिशत | ८८.९ | | ९० | ९५ |
| सामाजिक संस्कृतिक विविधता | प्रतिशत | | | | |
| मातृभाषामा पठनपाठन हुने विद्यालय | प्रतिशत | २७० | | | |
| विश्व संपदा सूचीमा | प्रतिशत | १० | | | |
| सामाजिक सुरक्षा तथा संरक्षण | प्रतिशत | | | | |
| आधारभुत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | | १५ | ६० |
| राष्ट्रिय वा नपा बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ११.७ | | ८ | १२ |
| स्वस्थ र सन्तुलित पर्यवरण | प्रतिशत | | | | |
| प्रदुषणमुक्त र स्वच्छ वातावरण | प्रतिशत | | | | |
| उर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ७ | | | |
| वायु प्रदुषणको औषत मात्रा (पिपिएम २.५) | प्रतिशत | ५० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| पर्यवरणीय सन्तुलन र दिगो उपयोग | प्रतिशत | | | ३४ | ४० |
| वन जंगल घनत्व | रुख प्रति हे. | ४३० | | | |
| काठ उत्पादन | घनफिट -लाख | १९४ | | ५ | ७ |
| जलवायु परिवर्तन अनुकुलनशिलता | प्रतिशत | | | | |
| अनुकुलन योजना तयार भइ कार्यान्वयन भएको स्थानीय तह | संख्या | २१७ | | | |
| सुशासन | प्रतिशत | | | | |
| विधिको शासन | प्रतिशत | | | | |
| विधिको शासन सूचकांक | प्रतिशत | ०.५४ | | | |
| विश्वव्यापी प्रतिस्पर्धा सूचकांक | प्रतिशत | ५१.६ | | | |
| व्यवसाय सहजीकरण सूचकांक | प्रतिशत | ६३.२ | | | |
| भ्रमण तथा पर्यटन प्रतिस्पर्धि सूचकांक | प्रतिशत | ३.३ | | | |
| सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहीता | प्रतिशत | | | | |
| भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकांक | प्रतिशत | ३४ | | | |
| हेलो सरकारमा प्राप्त उजुरीको फर्छ्यौट | प्रतिशत | ४८.९ | | | |
| अनौपचारीक संस्था | प्रतिशत | ४९.९ | | | |
| लेखा राख्ने संस्था | प्रतिशत | ५२ | | | |
| सबल लोकतन्त्र | प्रतिशत | | | | |
| निर्वाचनमा मतदाताको सहभागीता | प्रतिशत | ६८.६७ | | ५८ | ६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| मुद्दा फैसला | प्रतिशत | ५६.५ | | ३५ | ५० |
| फैसला कार्यान्वयन | प्रतिशत | ३९ | | २५ | ३५ |
| राष्ट्रिय एकता, सुरक्षा र सम्मान | प्रतिशत | | | | |
| नेपालित्वको उच्चभावना | प्रतिशत | | | | |
| **राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरीक** | **प्रतिशत** | | | | |
| नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक | प्रतिशत | ३५ | | | |
| मानव तथा अन्य सुरक्षा | प्रतिशत | | | | |
| ५ वर्ष मुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६३ | | | |
| आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | ४८.२ | | | |
| आत्महत्या दर (प्रतिलाखमा) | प्रतिशत | १० | | | |
| विपद उत्थानशील समाज र अर्थतन्त्र | प्रतिशत | | | | |
| विपद घटनाबाट प्रभावित जनसंख्या | प्रतिशत | १७.१ | | | |
| विपद घटनाबाट मृत्यु हुने जनसंख्या | प्रतिशत | १.६ | | | |
| अत्याबस्यक वस्तु र सेवामा आत्मनिर्भरता | प्रतिशत | | | | |
| कुल आयातमा अत्यावश्य वस्तु (कृषि उपज, जीवजन्तु) को अंश | प्रतिशत | १४.७ | | | |

स्रोतः सन्धिखर्क नगरपालिका, २०७८

### २.३.४ सन्धिखर्क नगरपालिकाको उद्देश्य

सन्धिखर्क नगरपालिकालाई स्मार्ट शहर बनाउने सपना पूरा गर्न निर्धारण गरिएको समृद्धि र सुखको लक्ष्य प्राप्तीका लागि यस आवधिक योजनाको उद्देश्य सूचना तथा प्रविधिको उच्चतम प्रयोगबाट सामाजिक तथा आर्थिक विकास गर्नु रहेको छ। यसका मुख्य उद्देश्य निम्न बमोजिम रहेको छ।

**क. समृद्धि संग सम्बन्धित उद्देश्यहरु**

- कृषि तथा स्थानीय उद्योगलाई व्यवासायीकरण गरी गरिबीको अन्त्य गर्नु।
- स्थानीय अर्थतन्त्रमा सहयोगी मानव पूँजीको निर्माण गर्नु।
- उत्पादनका सम्पूर्ण साधनको उच्चतम प्रयोग गरी उत्पादकत्व बृद्धि गर्नु।
- नगरपालिका भित्र दिगो र स्थिर साधनको विकास र विस्तार गर्नु।

**ख. सुख संग सम्बन्धित उद्देश्यहरु**

- स्वस्थ, सुरक्षित, गतिशील समाजको निर्माण गर्नु।
- विभेद, हिंसा रहित, विविधताको प्रवर्द्धन तथा संरक्षण गरी सामाजिक सुरक्षा प्रदान गर्नु।
- स्वच्छ वातावरण, पर्यवरणीय सन्तुलन, विपद् उत्थानशील अर्थतन्त्रको निर्माण गर्नु।
- समुदायमा शान्ती र स्थिरता, स्वतन्त्रता, मौलिक हकको जगेर्ना हुने सहभागीतामुलक समाजको निर्माण गर्नु।
- कानूनी, सदाचारी, पारदर्शि र जवाफदेहिता भएको शासन सञ्चालन गर्नु।

### २.३.५ सन्धिखर्क नगरपालिकाको रणनीति

नेपालले अंगीकार गरेको दिगो विकास लक्ष्य, पन्धौं योजनाको लक्ष्य र प्रदेशको लक्ष्य संग तादत्म्यता हुने गरी निर्धारण गरिएको लक्ष्य हासील गर्न यो आवधिक योजनाको रणनीति निर्धारण गरिएको छ। यसका लागि सरकारी क्षेत्र लगायत निजी, सहकारी र सामुदायिक क्षेत्रलाई एक अर्काको परिपूरकका रुपमा परिचालन गर्ने रणनीति अवलम्वन गरिने छ।

### क. समृद्धि संग सम्बन्धित रणनीतिहरु

- **नगरपालिकाको तीव्र र दिगो आर्थिक विकास गर्ने ।**

नगरपालिका भित्रको आर्थिक कृयाकलापलाई व्यवसायीकरण गरी आर्थिक बृद्धि हासिल गरिनेछ । आर्थिक कृयाकलापलाई तिब्रता दिन सार्वजनिक क्षेत्रको प्रभावकारीताको अभिबृद्धि संगै नीजि, सहकारी र सामुदायीक क्षेत्रको सहभागीतालई प्रोत्साहन गरिनेछ। स्थानीय स्रोत साधनको तुलनात्मक लाभका आधारमा उच्चतम उपयोग गरिनेछ । निस्क्रीय रुपमा रहेका श्रम, पूँजी, जमीन र संस्थालाई विषय क्षेत्रगत आधारमा रणनीति बनाई गतीशील बनाइनेछ ।

- **नगरपालिकाको आर्थिक कृयाकलापमा सहयोगी मानव पूँजी निर्माण गर्ने ।**

नगरपालिका भित्र बसोबास गर्ने उत्पादनशील जनशक्तिलाई ज्ञान, सीप, चाहना र क्षमताका आधारमा नगरपालिका भित्रको आर्थिक कार्यमा अनिवार्य रुपमा संलग्न हुनु पर्ने प्रावधान राखी उत्थानशील शिक्षा दिइनेछ ।

- **सुलभ र गुणस्तरिय स्वास्थ्य सेवा र शिक्षाको अवसर उपलब्ध गराइने ।**

नगरपालिका भित्र आधारभूत स्वस्थ्य सेवा सहितको स्वास्थ्य सेवा पूर्वाधारको विकास गर्दै स्वास्थ्य सेवामा स्थानीय जनताको समतामुलक पहुँच स्थापित गरिनेछ ।गुणस्तरिय निशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यामिक शिक्षाको विकास र विस्तार गरिनेछ। शिक्षाको विकास र विस्तार गर्न आबस्यकता र क्षमताको आधारमा भौतिक पूर्वाधार बढाउँदै लगिनेछ ।

स्वास्थ्य र शिक्षा क्षेत्रको समग्र विकासमा नगरपालिकाले नेतृत्वदायी भूमीका निर्वाह गर्नेछ। सार्थ, निजी, सहकारी, सामुदायिक क्षेत्रको भूमीकालाई परिपूरकको रुपमा विकास गरिनेछ ।

- **अन्तरआबद्धता सहितको दिगो शहर/वस्ती विकास गर्ने ।**

स्थानीय सडक सञ्जालको विकास र विस्तारका लागि एकीकृत यातायात प्रणालीमा आधारीत अन्तरआबद्धता विकास गरिनेछ। मुख्य शहरी क्षेत्रमा निश्चित मापदण्डका आधारमा सडकको चौडाई सहितको विकास र विस्तार गरिनेछ।

सूचना प्रविधि सम्बन्धि आधुनिक पूर्वाधार निर्माण गरी ई सेवालाई सर्वसुलभ बनाइनेछ। नगरपालिकाको सेवा प्रवाहलाई विद्युतिय प्रणालीमा जोडिनेछ।

शहरीकरणलाई व्यवस्थित गर्न आधुननिक, सुरक्षित र दिगो शहर एवं एकीकृत वस्ती विकास गरिनेछ। नगरपालिका भित्रको खानेपानीलाई सर्वसुलभ बनाउनुको साथै फोहोर व्यवस्थापन गरिनेछ।

- **प्राकृतिक स्रोतको संरक्षण, परिचालन र उत्थानशीलताको विकास गर्ने।**

भूमी, वन, जलस्रोत तथा खनीज स्रोतको कृषि, उद्योग र सेवा क्षेत्रमा योगदान हुने गरी संरक्षण र परिचालन गरिनेछ। नगरपालिका भित्र आइपर्ने विपद्को तत्काल समाधान गर्न संस्थागत रुपमा व्यवस्थापन गर्न सकिने संरचना निर्माण गरिनेछ।

- **सार्वजनिक सेवालई दक्ष र प्रभावकारी बनाउने।**

नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाईनेछ।

- **दिगो विकास लक्ष्यमा तोकिएको समयमा नै सन्तुलित रुपमा नगरपालिकाको प्राप्त गर्ने।**

नेपाल सरकारले आन्तरिकीकरण गरेको आधारमा दिगो विकास लक्ष्य हासील हुनेगरी सन्तुलित आबधिक योजना बनाइएको छ। यसका लागि स्थानीय साधन, स्रोत र क्षमता अनुसार आवधिक योजनालाई वार्षिक योजनामा अद्यावधिक गर्ने गरी रणनीति, कार्यक्रम बनाइनेछ।

गरिबी निवारण गरी न्यायपूर्ण समाज निर्माण गर्ने।यस आवधिक योजना लागु हुनु पहिले नगरपालिका भित्र बसोबास गरेका नागरीकलाई यस आवधिक योजना अवधि भित्र गरिबीको अन्त्य गर्ने।

- **लोकतान्त्रीक मुल्य र मान्यता अनुसार विधिको शासन कायम गर्दै सुशासन कायम गर्ने।**

### २.४ समष्टिगत आर्थिक लक्ष्य र खाका

उत्पादन र उत्पादकत्व अधिबृद्धि गरी उच्च आर्थिक वृद्धि हुने गरी उपलब्ध साधन स्रोतको उच्चतम विभाजन गर्नु सन्धिखर्क नगरपालिकाको समष्टिगत आर्थिक नीतिको प्रमुख उद्देश्य हुनेछ। नगरपालिकाको अर्थतन्त्रमा निजी, सहकारी र सामुदायिक भूमिकालाई प्राथमिकतामा राखी उपलब्ध स्रोत साधनको अधिकतम परिचालन र उपयोगमा जोड दिइनेछ । नगरपालिका भित्रको आर्थिक कृयाकलापको आधारमा आर्थिक लक्ष्य निर्धारण गरिएको छ । नेपालमा स्थानीय तहको कुल गाह्रस्थ उत्पादन निकाल्ने संस्थागत परिपाटीको विकास भएको छैन । त्यसैले नगरपालिकाको आर्थिक बृद्धिदर निकाल्न वैज्ञानीक विधि प्रयोग गर्न कठिनाई छ । यद्यपी नगरपालिका अन्तर्गतका सम्बन्धित कार्यालयबाट प्राप्त तथ्यांकको आधारमा समष्टिगत आर्थिक लक्ष्य र खाका तयार पारिएको छ ।

#### २.४.१ आर्थिक बृद्धिदर

नगरपालिकाको आर्थिक बृद्धिदरलाई बढ्दो दरमा बढाउनका लागि यो आवधिक योजनामा अवलम्बन गरिएको सोच, लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम, योजना, प्रक्षेपीत राजस्वका आधारमा कार्यान्वयन गरी कार्यक्रम तथा आयोजना सम्पन्न भएका हुनेछन् । यसबाट कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि भई तीब्र आर्थिक बृद्धि हुने अनुमान गरिएको छ। आर्थिक बृद्धिको लक्ष्य हासिल गर्न लगानीमा वृद्धि हुनुको साथै स्थानीय श्रमशक्तिको उत्पादनमा उपयोग र स्थानीय प्राकृतिक श्रोतको दिगो परिचालन गरिनेछ। संघीय शासन प्रणाली अनुसार स्थानीय तहले पर्याप्त अधिकार प्राप्त गरी त्यसको कार्यान्वयनबाट स्थानीय अर्थतन्त्रमा गतिशीलता आउनुका साथै निजी, सहकारी र सामुदायीक क्षेत्रको परिपूरकात्मक सहकार्य मजबुत एवम् सुदृढ भई नगरपालिकामा पूँजी निर्माण हुनेछ ।नगरपालिकाको आर्थिक बृद्धिका लागि कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य प्रमुख हस्तक्षेका क्षेत्र हुन् ।

#### २.४.२ लगानीको आबस्यकता र स्रोत

नगरपालिकाले विगतमा खर्च गरेको राजस्व र परिचालन गरेको राजस्वको स्रोतको स्थिति तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २.७: नगरपालिकाको आन्तरिक राजस्व स्थिति

| सि.नं. | शीर्षक नम्बर | आय शीर्षकको नाम | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ को फागुन १२ गते | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | १३१०८७ | २९८३८४.२६ | २२०५९९६ | १६९५३८४.1 | १५७३६४८ | |
| २ | ११३१४ | भुमी/मालपोत कर | ८३५ | ६४०२५२.०४ | १११०७८ | ५५५० | १५९४.१४ | |
| ३ | ११३२१ | घरवहाल कर | १०३९१०.३ | ६१५५११.१६ | १५२९९९९ | २२८८२६०.६ | १४१६९८६.९ | |
| ४ | ११३२२ | बहाल विटौरी कर | १६२५७६१ | २०६८३१२ | १९७८२६७ | १९७५१४७ | ५७३४७७ | |
| ५ | ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ५०००० | ६३५०० | ० | ० | ० | |
| ६ | ११६१३ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | ३९७२७१ | ८४२११४ | ११३१४२५ | १५३७२८२ | १५७१५३१ | |
| ७ | १३३१५ | विशेष अनुदान पूँजीगत | ४० | ७९१३६४ | १००८८८४ | ४८१४४२.७९ | १२७० | |
| ८ | १४२१३ | अन्य विक्रिबाट आय | ५९९३७४ | ३३१६८७२.२ | १४२३६७७ | १८८०४६७ | ८७८०८६ | |
| ९ | १४२१९ | अन्य सेवा शुल्क | १६३८३२७ | ५८४९२६३.३ | २२७६८३९ | १५६८७५२ | ५०६२१ | |
| १० | १४२४१ | पार्किङ्ग शुल्क | २०० | १६५५४०६ | ० | १२०० | ० | |
| ११ | १४२४२ | नक्सापास दस्तुर | १६०६०९४ | २१६४६४ | २२३६२४५ | ८०९२१७.७६ | ४१७२७२.३७ | |
| १२ | १४२४३ | सिफारिस दस्तुर | १२९२५८१ | ६८९५०४.८९ | १७४३८९४ | १३८८६०७.७ | १६१००४९.६ | |
| १३ | १४२४५ | नाता प्रमाणित दस्तुर | २५३२९४ | ३६८२२ | २३८४७० | १७५६५० | २३८७५ | |
| १४ | १४२४९ | अन्य दस्तुर | ३३९६२८ | ० | ४५७०३४.९ | ५१५८०९.३९ | १९१७५२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | १४३१२ | दण्ड, जरिवाना र जफत | १०६०९२.२ | ० | ४८४०६७.९ | ९६५९९८.९२ | ७५३६८४.५४ | |
| १६ | ११४५१ | सवारी साधन कर | ० | ० | ३१७५२ | ० | ० | |
| १७ | ११४७३ | अन्य मनोरञ्जन कर | ० | ० | ३६५९०७ | ० | ० | |
| १८ | १४१७७ | घर जग्गा रजिष्ट्रेसन | ० | ० | ६०२८३९१ | ४०४९७३२ | ० | |
| १९ | १४२२१ | न्यायिक दस्तुर | ० | ० | २१०० | ८०० | ० | |
| २० | १४२२१ | अन्य(फोहोरमैला) | ० | ० | ० | ० | १०६८२५० | |
| २१ | १४१५९ | अन्य रोयल्टी | ० | ० | ० | १६३६२१६ | ४५१३१६३.७ | |
| २२ | १४२४४ | व्यक्तिगत घटना दर्ता | ० | ० | ० | ० | ५३०६८ | |
| २३ | १४५२९ | अन्य राजस्व | ० | ० | ५७७५० | ० | ४८५ | |
| **२४** | | **जम्मा रकम** | **८१४४४९५** | **१७०८३७७०** | **२३३११७७६** | **२०९७५५१७** | **१४६९८८१४** | |

स्रोतः सन्धिखर्क नगरपालिका, २०७८

### २.४.३ सार्वजनिक स्रोत व्यवस्था

स्थानीय तहमा आधारभूत सार्वजनिक सेवा प्रवाह, तीव्र आर्थिक बृद्धिको लक्ष्य तथा दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा आर्थिक कृयाकलाप बढाउन सरकारी लगानी तथा खर्चको महत्वपूर्ण भूमीका हुन्छ । स्थानीय विकासमा स्थानीय नागरीक, निजी, सहकारी तथा सामुदायीक क्षेत्रको लगानी आकर्षण गरी योजनाको निर्धारित लक्ष्य हासिल गर्न समेत सार्वजनिक खर्चको आबस्यकता पर्दछ । यस आवधिक योजना अवधिमा रु. ६८५९५ लाख खर्च हुने अनुमान गरिएको छ ।

आवधिक योजना अवधिमा नगरपालिकाको खर्च ब्यहोर्ने प्रमुख आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रु २३७९.१ लख र वाह्य अनुदान रु ६६२१५ लाख परिचालन हुने अनुमान गरिएको छ । योजना अवधिमा कुल राजस्व रु. ६८२९५ लाख परिचालन हुने अनुमान गरिएको छ ।

**२. प्रमुख समस्याः**

राजस्व शाखाको समस्याः

- कर मैत्री राजस्व सुधार योजना नहुनु
- कर करदाता शिक्षा सञ्चालन नहुनु
- कर छल्ने प्रवृति विकास

**३. चुनौति तथा अवसरः**

- करदातालाई कर सहभागिता प्रक्रियामा संलग्न गराउन कठिन
- ऐन नियमबाट पर्याप्त अधिकार सुनिश्चित गरिएको

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

स्मार्ट कर प्रशासन, करदाता मैत्री राजस्व परिचालन

### ४.२ लक्ष्य:

- विगतमा संकलन भएको राजस्वमा वृद्धि गर्ने
- नगरपालिकालाई आत्मनिर्भर बनाउने

### ४.३ उद्देश्य:

कुल राजस्वमा आन्तरिक राजस्वको अंश बढाउनु ।

करको दायरा बढाउनु ।

कर कानूनमा आबस्यकता अनुसार सुधार गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| करदाता शिक्षा सञ्चालन गर्ने | कर संबन्धि चेतनामुलक प्रचार प्रसार गरिनेछ |
| करको दर घटाउने दायरा बढाउने | करको दायरा बढाउन गहन अध्ययन गरिनेछ । |
| गत विगतको बाँकी बक्यौता छुटको व्यवस्था गरी सबै करदाताहरुलाई करको दायरामा ल्याउने | संपूर्ण व्यवसायीलाई करको दायरामा ल्याइनेछ । |
| दण्ड र जरिवाना र पुरस्कार को व्यवस्था मिलाउने | करदाता पुरस्कारकोष खडा गरिनेछ । |
| आवश्यकता अनुसार नीति नियम कार्यविधि मापदण्ड आदिको निर्माण गर्ने | आर्थिक नियम र ढाँचलाई समयानुकुल सुधार गरिनेछ । |
| कर सहभागिता मूलक अभियानहरु सञ्चालन गर्ने । | उद्योग व्यवसायीको सहभागीतामा राजस्व परिचालन गरिनेछ । |

### २.४.४ अन्तर सरकारी वित्त

अन्तर सरकारी वित्तदेशको सन्तुलित र दिगो विकासका लागि महत्वपूर्ण मानिन्छ । देशको सन्तुलित विकासलाई ध्यानमा राखी तल्लो तहको सरकारलाइ कामको जिम्मेवारी तोकिएको हुन्छ । ती कामहरु गर्नका लागि कर्मचारी खटाइएको हुन्छ । यसरी स्थानीय सरकारको काम र कर्मचारीको आस्यकताका आधार राजस्व परिचालन गरिन्छ। यसका लागि विश्वका प्राय सबै देशमा वित्तिय संघियता अर्थात वित्तिय विकेन्द्रीकरणको सिद्धान्तका आधारमा अन्तरसरकारी वित्त व्यवस्था गरिएको पाइन्छ ।

नेपालमा वित्तिय संघियताको सिद्धान्तको आधारमा अन्तर सरकारी वित्त व्यवस्थापन गर्ने गरी संविधन तथा कानूनहरु बनेकाछन् (श्रेष्ठ, २०७५) । यही सिद्धान्तको आधारमा स्थानीय सरकारले राजस्व परिचालन गर्न सक्ने कानूनी व्यवस्था गरिएको छ । यस नगरपालिकाको अनुदान अन्तर-सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा उल्लेख भए अनुसार प्राप्त हुने रकम हो। यस अनुसार दफा ८ मा वित्तिय समानीकरण अनुदान, दफा ९ मा सशर्त अनुदान, दफा १० मा समपुरक अनुदान र दफा ११ मा विशेष अनुदान सम्बन्धि व्यवस्था रहेका छन् । यो रकम राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ मा राजस्वको बाँडफाँड गर्दा लिइने आधारहरु अनुसार वितरण गरिने व्यवस्था गरिएको छ । ती आधारहरुमा जनसंख्या र जनसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकांक, खर्चको आबस्यकता (कुल खर्च आबस्यकता सम्बन्धित जनसंख्या), राजस्व संकलनमा गरेको प्रयास, पूर्वाधार विकास र बिशेष अबस्था रहेका छन् । नेपालमा अन्तर सरकारी वित्तको सिद्धान्त अनुसार निम्न स्रोतबाट नगरपालिकाले राजस्व प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ ।

**१.समानीकरण अनुदानः** समानीकरण अनुदान नगरपालिकाको स्वतन्तत्र रुपमा खर्च गर्न सक्ने अधिकार भएको राजस्व हो । त्यसैले यो रकम हस्तान्तरणको ढाँचाले तल्लो तहको सरकारा कति स्वायत्त छ भन्ने कुरा देखाउँदछ ।

**२ सशर्त अनुदानः** नगरपालिकाले आवधिक योजना बनाउँदा संघ र प्रदेशको नीति तथा कार्यक्रमका आधारमा कतिपय योजना छनौट गर्नु पर्ने भएकोले राष्ट्रिय लक्ष्य संग तादत्म्यता हुने गरी आयोजनाहरु सशर्त अनुदानको रकमलाई विश्लेषण गर्नु पर्दछ ।

**३ समपुरक अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मापदण्ड र अन्य निर्देशिकालाई आधार मानी तोकिए बमोजिमका आयोजना कार्यान्वयन गर्न समपुरक अनुदान प्राप्त हुने भएकोलेतोकिएका आयोजनाहरुको प्राथमिकताको आधारमा यस अनुदानको अनुमानीत विश्लेषण गर्नु पर्दछ ।

**४ विशेष अनुदानः**नगरपालिका भित्र सामाजिक विकास, आर्थिक असन्तुलन र विभेद हटाउन सकिने खालका आयोजनाको छनौट गर्न यस संग सम्बन्धित आयोजनाहरुको प्राथमिकताको आधारमा अनुदान रकमको विश्लेषण गर्नु पर्दछ ।

### २.४.५ स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु

नेपालको संविधान बमोजिम बनेको कानून, नियम, निर्देशीकका आधारमा स्रोत साधनको अनुमान गरी बाँडफाँड गरिएको छ । स्रोत साधनको अनुमानको आधारमा योजनाको लक्ष्य र उद्देश्य हासिल गर्ने गरी बनाइएको कार्यक्रम र योजना कार्यान्वयन गर्न साधनको आँकलन र बाँडफाँड गरिएको छ। नगरपालिकाको सपना पूरा गर्न सार्वजनिक, निजी र सामुदायिक क्षेत्रबीचको सहकार्यलाइ प्रभावकारी बनाउने गरी राजस्व बाँडफाँड गरिएको छ । यसबाट नगरपालिकाको सभ्ाा लक्ष्य हासिल गर्न प्रदेश र संघ लगायत सम्बन्धित अन्य स्थानीय तह संग समेत सम्बन्ध बढी नगरपालिका भित्रको अर्थतन्त्रमा परिपूरकता (synergy) ल्याउने गरी स्रोत साधन अनुमान गरिएको छ ।

### २.४.६ रणनीति

नगरपालिकाको आर्थिक लक्ष्य हासिल गर्न बनाइएको योजना कार्यान्वय गर्न आबस्यक साधन स्रोत परिचालनका लागि निम्न रणनीति अवलम्वन गरिनेछ ।

१. नगरबासीहरु करको दयराबाट कोही नछुटुन, कोही नदोहोरिउन भन्ने मान्यतका आधारमा आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका आधारहरु बढाउन अधिकतम पहल गरिनेछ ।

२. आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका दरहरुलाई जनभावना अनुसार आबस्यक समायोजन गरिनेछ ।

३. संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम बढी भन्दा बढी लिनका लागि अनुदानका मापदण्ड पूरा गर्न अधिकतम पहल गरिनेछ ।

४. नगरपलिका भित्र आर्थिक कृयाकलाप बढाउन सहयोग पुग्ने प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न आबस्यक पर्ने स्रोत ।

# परिच्छेद ३

## समष्टिगत आर्थिक नीति

स्थानीय सरकारको मुख्य काम स्थानीय जनताको आबस्यकता र चाहना अनुसार सेवा प्रवाह गर्नु र आर्थिक तथा सामाजिक विकास गर्नु हो । लोकतन्त्रको विकास संगै बढ्दो दरमा बढेको स्थानीय जनताको आबस्यकता चाहना पूरा गर्न स्थानीय सरकारले स्थानीय अर्थतन्त्रलाई तीब्र रुपमा गतीशील बनाउनु पर्दछ । स्थानीय अर्थतन्त्रलाई गतीशील बनाउने मुख्य आधार योजना तर्जुमा, कार्यान्वयन, राजस्व परिचालनमा स्थानीय जनताको सहभागीता हो । यसका लागि स्थानीय सरकारले स्थानीय सरकारको आर्थिक नीति स्थानीय तहको सम्पूर्ण साधन उच्चतम रुपमा परिचालन गर्नु पर्दछ । उक्त सन्दर्भमा नगरपालिकाकाृ समष्टिगत आर्थिक नीति निम्न अनुसारको हुनेछ ।

- नगरपालिका भित्र उपलब्ध आन्तरिक र वाह्य स्रोत साधनको उच्चतम विभाजनबाट उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी उच्च र तिब्र आर्थिक बृद्धि गर्ने ।
- नगरपालिकाको अर्थतन्त्रलाई गतीशील बनाई उच्च आर्थिक बृद्धि गर्न नगरपालिकाले संविधान तथा कानून बमोजिम निजी, सहकारी र सामुदायिक क्षेत्र संग भएको क्षमताको उपयोगलाई समेत प्रोत्साहीत गर्न जोड दिने ।
- स्थानीय अर्थतन्त्रलाई दिगो र बलियो बनाउन नगरपालिका भित्र स्थायीत्व र स्थीर प्रकृतिको आर्थिक विकास र विस्तारमा जोड दिने ।
- आयोजनाको लागत लाभको आधारमा स्थानीय जनताको हितमा हुने आयोजना सञ्चालनको लागि नेपालको संविधान तथा कानून भित्र रही ऋण लिने ।

### ३.१ सार्वजनिक वित्त

योजना तर्जुमा गर्दा नगरपालिकाको वर्तमान अबस्थाबाट चाहेको अबस्थामा पुग्नका लागि सार्वजनिक वित्तको मुख्य भूमीका रहेको हुन्छ । नगरपालिकाले चाहेको अबस्थामा पुग्नका लागि कसरी आर्थिक कृयाकलाप सञ्चालन गर्ने भन्ने कुरा सार्वजनिक वित्तको कल्याणकारी (Normative Approach) सिद्धान्तबाट निर्देशित हुनेछ भने नगरपालिकाको कामको प्रगती मुल्यांकन विष्ट (Positive Approach) सिद्धान्तबाट निर्देशित हुनेछ । यस अनुसार नगरपालिकाको सार्वजनिक वित्तको नीति कसरी अधिकतम राजस्व संकलन गरेर त्यसको उच्चतम विभाजन गरी खर्च गर्ने भन्ने हुनेछ । स्थानीय सार्वजनिक वित्त वित्तीय संघीयताको सिद्धान्तमा आधारित हुनेछ । नेपालमा यहि सिद्धान्तका आधारमा संविधान तथा कानूनहरु बनेका छन् । यसका चार वटा खम्बा छन् । १. खर्चको अधिकार, २. राजस्वको अधिकार, ३. अन्तरसरकारी वित्त हस्तान्तरण र ४. स्थानीय ऋण । तसर्थ, यस नगरपालिकाले आवधिक योजना बनाउँदा सार्वजनिक वित्तको नीति पनि सोही आधारमा तर्जुमा गरेको छ ।

#### ३.१.१ सार्वजनिक खर्च

स्थानीय सरकार घर दैलोको जनता संग नजीकको सरकार हुने भएकोले स्थानीय जनताको आबस्यकता र चाहना अनुसार लागत लाभका आधारमा स्थानीय स्रोत साधन खर्च गरी दक्ष र प्रभावकारी प्रतिफल प्राप्त गर्नु यस नगरपालिकाको मुख्य नीति हुनेछ । सार्वजनिक खर्च गर्दा दिगो विकास लक्ष्य, राष्ट्रिय लक्ष्य, प्रादेशीक लक्ष्यलाई ध्यानमा राखी कार्यक्रमबाट सीमान्त सामाजिक लागत र सीमान्त सामाजिक लाभ बराबर हुने गरी विनियोजन गर्नु सार्वजनिक खर्चको मुख्य नीति हुनेछ । सार्वजनिक खर्चको सिमान्त लाभ फरक व्यक्ति वा परिवारलाई फरक हुने भएकोले कुल जनसंख्यामा लाभग्राही जनसंख्याको औषतलाई आधार मानिनेछ । सार्वजनिक खर्चबाट नगरपालिकाका सबै नागरिकले न्याय र समानताका आधारमा लाभ पाउने व्यवस्था मिलाइनेछ । सार्वजनिक खर्च सामाजिक न्यायमा आधारित हुनेछ । सार्वजनिक खर्चबाट वाह्य लाभ लिने व्यवस्था मिलाइनेछ ।

#### ३.१.२ राजस्व

नगरपालिकाको राजस्व नेपालको संविधानको अनुसूची ८ को एकल अधिकार र अनुसूची ९ को साझा अधिकारका स्रोतहरु हुन् । नगरपालीकाले स्थानीय सरकार सञ्चलन ऐन २०७४ अनुसार राजस्व परिचालन गरेको हुन्छ । राजस्व परिचालन गर्दा जम्मा हुन आएको रकम स्थानीय सञ्चीत

कोषमा जम्मा गर्नु पर्ने कानूनी ब्यबस्था छ । उक्त ऐनको दफा ६९ मा उल्लेख भए अनुसार विभिन्न स्रोतबाट स्थानीय सञ्चीत कोषमा जम्मा गर्नु पर्ने रकममा निम्न स्रोतहरु रहेका छन् ।

क) नगरपालीकाले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम

ख) राजस्व बाँडफाडबाट प्राप्त रकम

ग) नेपाल सरकारबाट प्राप्त रकम तथा अन्य रकम

घ) प्रदेश सरकारबाट प्राप्त रकम तथा अन्य रकम

ङ) कुनै ब्यक्ति वा संघ संस्थाबाट प्रप्त रकम

च) नगरपालीकाको लागि नेपाल सरकारले विदेशी सरकार निकाय संघ संस्था वा व्यक्तिबाट लिएको वैदेशीक सहायता उपलब्ध गराएको रकम

छ) अन्य गाउँपालीका तथा नगरपालीकाबाट प्रप्त अनुदान तथा अन्य रकम

ज) आन्तरिक ऋणबाट प्राप्त रकम

झ) अन्य कुनै श्रोतबाट प्राप्त रकम

माथी उल्लेखित स्रोतहरुलाई योजना तर्जुमा गर्दा खर्च शीर्षकलाई सरलीकृत गर्नका लागि आन्तरिक, वाह्य, ऋण, सहलगानीका आधारमा वर्गिकरण गरिएको छ ।

**क) आन्तरिक राजस्वः**

नगरपालिकाको आन्तरिक राजस्वको आकारले नगरपालिकाको क्षमता र नगरपालिका योजना छनौटमा कति स्वायत्त छ भन्ने कुरा देखाउँदछ । राजस्वको पर्याप्तता, लचकता, न्यायपूर्ण, स्वीकार्यता, संगतीपूर्ण, आर्थिक तथा प्रशासनीक संभाव्यता, राजनीतिक स्वीकार्यता यस नगरपालिकाको आन्तरिक राजस्व परिचालनका मुल नीति हुनेछ । कानूनमा उल्लेख गरिएको आधारमा लगाइने आन्तरिक राजस्वको दर निर्धारण गर्दा जनचाहना, छिमेकी र राष्ट्रिय दरको औषतलाई आधार बनाइनेछ । कानून अनुसार आन्तरिक राजस्वको आधार बढाउन जनसहभागीतालाई जोड दिइनेछ ।

**ख) अनुदानः**

नगरपालिकाको अनुदान अन्तर-सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा उल्लेख भए अनुसार प्राप्त हुने रकम हो । यस अनुसार दफा ८ मा वित्तिय समानीकरण अनुदान, दफा ९ मा सशर्त अनुदान, दफा १० मा समपुरक अनुदान र दफा ११ मा विशेष अनुदान सम्बन्धि व्यवस्था रहेका छन् । यो रकम राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ मा राजस्वको बाँडफाँड गर्दा लिइने आधारहरु अनुसार वितरण गरिने व्यवस्था गरिएको छ । ती आधारहरुमा **जनसंख्या र जनसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकांक, खर्चको आबस्यकता** (कुल खर्च आबस्यकता सम्बन्धित जनसंख्या)**, राजस्व संकलनमा गरेको प्रयास, पूर्वाधार विकास र बिशेष अबस्था** रहेका छन् । यस अनुसार राजस्व बढाउन आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाइनेछ । राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोगले ऐनको दफा ६ मा मुल्य अभिबृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँड गर्दा संघीय विभाज्य कोषमा जम्मा भएको रकममध्ये ७० प्रतिशत नेपाल सरकारलाई, पन्ध्र प्रतिशत प्रदेशलाई र प्रन्ध्र प्रतिशत स्थानीय तहलाई दिने गर्दछ । कानून अनुसार प्राप्तहुने समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान बढी पाउनको लागि निम्न स्रोतका आधारमा निम्न नीति अवलम्वन गरिनेछ।

**१.समानीकरण अनुदानः** समानीकरण अनुदान बढाउन नगरपालिकाको कार्यसम्पादन सम्पादन क्षमतालाई बढाइने छ ।

**२ सशर्त अनुदानः** नगरपालिकाले आवधिक योजना बनाउँदा राष्ट्रिय र प्रदेशको नीति तथा कार्यक्रमका आधारलाई ध्यानमा राखी राष्ट्रिय लक्ष्य संग तादत्म्यता हुने गरी आयोजनाहरु छनौट गरिनेछ ।

**३ समपुरक अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मापदण्ड र अन्य निर्देशिकाका आधारलाई ध्यानमा राखी समपुरक अनुदानबाट सञ्चालन गरिने आयोजनाहरुको प्राथमिकताको आधारमा विस्तृत प्रतिवेदन समयमा नै बनाइनेछ ।

**४ विशेष अनुदानः**नगरपालिका भित्र सामाजिक विकास, आर्थिक असन्तुलन र विभेद हटाउन सकिने खालका आयोजनाको छनौट गरी आयोजनाहरुको प्राथमिकताको आधारमा विस्तृत प्रतिवेदन समयमानै बनाइनेछ ।

### ३.१.३ वैदेशिक सहायता परिचालन
सम्बन्धित मन्त्रालय, अन्य स्थानीय तह तथा विदेश संग पहुँचमा रहेका व्यक्तित्व संग समन्वयका आधारमा नगरपालिकाको स्वतन्त्रतामा आँच नआउने गरी नगरपालिकाको आर्थिक तथा सामाजिक विकास गर्न वैदेशी सहायता परिचालन गर्न पहल गरिनेछ ।

### ३.१.४ सार्वजनिक ऋण
दिर्घकाल सम्म नगरपालिकालाई प्रतिफल प्राप्त हुन सक्ने र वातावरण सन्तुलनलाई नकारात्मक प्रभाव नपार्ने आयोजना कार्यान्वयन तथा सञ्चालनका लागि नियम अनुसार सार्वजनिक ऋण लिइनेछ ।

## ३.२ सार्वजनिक, नीजी र सहकारी साझेदारी
नगरपालिकाले सार्वजनिक, निजी र सहकारी साझेदारीको आधारमा लगानी गर्ने गरी आर्थिक कृयाकलापलाई तिब्रता दिने योजना कार्यान्वयन गर्नका लागि आबस्यक व्यवस्था मिलाइनेछ ।

## ३.३ वैदेशिक लगानी
नगरपालिकाले नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यबस्था ऐन, २०७४ को अधिनमा रही नगरको आर्थिक विकासलाई तिब्रता दिन सक्ने आयोजना कार्यान्वयनका लागि वैदेशीक लगानीकर्ता आकर्षित गर्न आबस्यक पहल गरिने छ ।

### ३.१.३ राजस्व प्रक्षेपण
यस नगरपालिकाको विगत पाँच वर्षको राजस्वको आधारमा आगामी पाँच वर्षको अवधिक योजनाका लागि तथ्यांकीय रिग्रेशन विधिबाट राजस्व प्रक्षेपण गरिएको छ । तथ्यांकीय विधिबाट गरिएको प्रक्षेपण अनुसार निम्न कुल राजस्व परिचालन हुने अनुमान गरिएको छ ।

**तलिका न. ३.१ विगतको राजस्वको आधारमा प्रक्षेपीत राजस्व रु**

| आर्थिक वर्ष | आन्तरीक आय | वाह्य आय | कुल जम्मा | प्रक्षेपण |
|---|---|---|---|---|
| २०७१।७२ | ६,६३१,७७५ | ८८,४८६,५५६ | ९५,११८,३३१ | |

| | | | | |
|---|---|---|---|---|
| **२०७२।७३** | ७,९३४,१८६ | १०५,१०४,१३२ | ११३,०३८,३१८ | |
| **२०७३।७४** | ११,१७१,४५३ | ९५,१७७,८०० | १०६,३४९,२५३ | |
| **२०७४।७५** | १७,७७३,७०६ | ५२७,६४३,७२९ | ५४५,४१७,४३६ | |
| **२०७५।७६** | २३,८२७,४६६ | ५४६,०६९,९३० | ५६९,८९७,३९६ | |
| **२०७६।७७** | २६,७३६,९८८ | ६७३, ८०८,३३३ | ७१४,४६२,००७ | |
| **२०७७।७८** | ३२,५६७,२४५ | ८६६,०५०,९४५ | ९१५,८०४,१३७ | प्रक्षेपीत राजस्व |
| **२०७८।७९** | ३७,९४१,८३१ | १,०४८,१२३,४१५ | १,१११,०९८,९३६ | प्रक्षेपीत राजस्व |
| **२०७९।८०** | ४२,४९२,२५६ | १,१४०,६२१,३८६ | १,२११,१९३,६५५ | प्रक्षेपीत राजस्व |
| **२०८०।८१** | ४७,२७३,४८४ | १,३२३,९६०,२०० | १,४०६,०४६,८७७ | प्रक्षेपीत राजस्व |
| **२०८१।८२** | ५२,७०१,७६२ | १,४८२,९७५,१०९ | १,५७६,०२७,९०९ | प्रक्षेपीत राजस्व |
| **२०८२।८३** | ५७,४७५,५२२ | १,६२५,२५१,७४५ | १,७२९,०५९,७७१ | प्रक्षेपीत राजस्व |

स्रोतः सन्धिखर्क नगरपालिका, २०७८

### ३.१.४ राजस्व बाँडफाँड

नगरपालिकामा आगामी ५ वर्ष (आ.व. २०७८।७९ देखि आ.व.२०८२।८३) का लागि रु ६८५९५ लाख प्राप्त हुन सक्ने अनुमान गरिएको छ । यसमा नीजी क्षेत्रबाट हुन सक्ने लगानी र नगरपालिकाले योजना कार्यान्वयनका लागि कानून बमोजिम लिनसक्ने ऋण रकम समावेश गरिएको छैन । आवधिक योजनाको कार्यान्वयनको मुख्य आधार वार्षिक योजना हो त्यसैले नगरपालिकाले वार्षिक योजना बनाउँदा आवधिक योजनालाई मार्ग दर्शनको रुपमा मात्र लिनु पर्दछ । नीजी क्षेत्रले मुनाफा योग्य योजनामा लगानी गर्ने भएकोले नगरपालिकाले ती क्षेत्रहरु कानून बमोजिम निर्धारण गर्न सक्दछ । प्रत्येक वर्षको प्रक्षेपीत राजस्व र विगतमा विभाजन गरिएको राजस्वको प्रतिशताको आधारमा विषयगत समिति अन्तर्गतका शाखाहरुको लागि आन्तरिक र वाह्य खर्च अनुमान तलको तालिकामा उल्लेख गरिएको छ ।

| तलिका नं.३.२ विषयगत समितिका लागि विनियोजीत बजेट (रु लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| **आर्थिक विकास समिति** | | | | | | |
| | **आर्थिक वर्ष** | **२०७८।७९** | **२०७९।८०** | **२०८०।८१** | **२०८१।८२** | **२०८२।८३** |
| | **आन्तरीक आय** | ३७.५२ | ४२.०२ | ४६.७५ | ५२.१२ | ५६.८४ |
| | **वाह्य आय** | १०३७ | ११२८ | १३०९ | १४६७ | १६०७ |
| | **कुल जम्मा** | **१०७४** | **११७०** | **१३५६** | **१५१९** | **१६६४** |
| **सामाजिक विकास समिति** | | | | | | |
| | **आन्तरीक आय** | २०९.८ | २३४.९ | २६१.४ | २९१.४ | ३१७.८ |
| | **वाह्य आय** | ५७९५ | ६३०७ | ७३२० | ८१९९ | ८९८६ |
| | **कुल जम्मा** | **६००५** | **६५४१** | **७५८२** | **८४९१** | **९३०४** |
| **पूर्वाधार विकास समिति** | | | | | | |
| | **आन्तरीक आय** | ८४.६५ | ९४.८ | १०५.५ | ११७.६ | १२८.२ |
| | **वाह्य आय** | २३३८ | २५४५ | २९५४ | ३३०९ | ३६२६ |
| | **कुल जम्मा** | **२४२३** | **२६४०** | **३०५९** | **३४२६** | **३७५४** |
| **वन, वातावरण तथा विपद व्यवस्थापन समिति** | | | | | | |
| | **आन्तरीक आय** | ७.१७ | ८.०३ | ८.९३ | ९.९६ | १०.८६ |
| | **वाह्य आय** | १९८.१ | २१५.६ | २५०.२ | २८०.३ | ३०७.२ |
| | **कुल जम्मा** | **२०५.३** | **२२३.६** | **२५९.२** | **२९०.२** | **३१८** |

| सुशासन तथा संस्थागत विकास समिति | | | | | | |
|---|---|---|---|---|---|---|
| | **आन्तरीक आय** | ४०.३३ | ४५.१७ | ५०.२५ | ५६.०२ | ६१.१ |
| | **वाह्य आय** | १११४ | १२१२ | १४०७ | १५७६ | १७२८ |
| | **कुल जम्मा** | **११५४** | **१२५८** | **१४५८** | **१६३२** | **१७८९** |

स्रोतः सन्धिखर्क नगरपालिका, २०७८

# परिच्छेद ४

# आर्थिक क्षेत्र

नगरपालिकाको समष्टिगत अर्थतन्त्रलाई मुलतः जनसंख्याको बनोट र नगरपालिकामा हुने आर्थिक क्रियाकलापले प्रभाव पार्दछ । जनसंख्याको वनोटमा उमेर समूह र आर्थिक कृयाकलामा नगरबासीहरुको व्यवसायलाई मुख्य आधार लिइएको छ। आर्थिक क्रियाकलापको क्षेत्रलाई अर्थतन्त्रको संरचनात्मक स्वरुपको दृष्टिकोणले विश्लेषण गर्दा प्राथमिक क्षेत्र (कृषि, पशुपालन तथा बन), द्धितीयक क्षेत्र (खानी, उत्पादन उद्योग, निर्माण, विद्युत, पानी तथा ग्यास) र तृतीय क्षेत्र (व्यापार, यातायात, भण्डारण तथा सञ्चार, वित्त, रियलस्टेट तथा व्यवसाय सेवा, सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा) गरी तीन भागमा विभाजन गरिएको छ। अर्थतन्त्रको विद्यमान संरचनात्मक स्वरुपले विकासको स्तर, सम्भावना, रोजगारी स्थिति आदि बारे बताउंदछ । स्थानीय विकासलाई त्यस क्षेत्रको आर्थिक, सामाजिक, प्राविधिक र राजनीतिक क्षमता, र त्यस क्षेत्रमा उपलब्ध प्राकृतिक, मानवीय, उद्यमशीलता आदी स्रोतले प्रभाव पार्दछ। विकासमा प्रभाव पार्ने यी पक्षहरुबारे सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति हुन आबस्यक हुन्छ। सन्धिखर्क नगरपालिकाको अर्थतन्त्रको संरचनात्मक स्वरुपको आधारमा आवधिक योजना तर्जुमा गर्ने प्रयास गरिएको छ। योजना तर्जुमा गर्दा आयोजनाका मुख्य पक्षहरुको विश्लेषणलाई मुल आधार बनाइएको छ। आर्थिक विषयगत क्षेत्रको आयोजनाहरुलई उपक्षेत्रमा विभाजन गरिएकोले सोही आधारमा सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिबारे संक्षिप्तमा तल उल्लेख गरिएकोछ ।

## ४.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन

कृषि क्षेत्र नेपालको प्राथमीक क्षेत्र हो र यस अन्तरगत खाद्यान्न तथा नगदे वालीको उत्पादनका साथै पशुपालन व्यवसाय पर्दछन् । यस नगरपालिकाको कृषि तथा प्राकृतिक स्रोत व्यवस्थानका आधारमा सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिबारे तल उल्लेख गरिएकोछ ।

### ४.१.१ कृषि विकास

नेपालको कुल गाह्रस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत र रोजगारीमा ६०.४ प्रतिशत योगदान रहेको छ (रायोआ, २०७६:१२३) । :कृषि क्षेत्रको विकास र विस्तारको लागि यस नगरपालिकामा कृषि ज्ञान केन्द्र रहेको छ। कृषि विकासमा सहायोगी सरकारी कार्यालय भएकोले नगरपालिकाको आवधिक योजना बनाउँदा वर्तमान स्थितिका आधारमा भविस्यको लक्ष्य निर्धारण गरिएको छ।

## १. पृष्ठभूमी

नेपाल जस्तो कृषि प्रधान देशको आर्थिक विकासमाकृषि तथा सिँचाई क्षेत्रको विकासको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आर्थिक विकासको गतीलाई दिगोरुपमा बढाउनका लागि कृषिको विकास गर्नु पर्दछ। परंपरागत कृषि प्रणालीमा मानिसले आफ्नो जिविकोपार्जनका लागि उत्पादन गर्ने खाद्यान्न तथा पशुपंक्षी पालन पर्दछ। तर वर्तमान समयमा यसको विकास र विस्तारका लागि तुलनात्मक लागत लाभका आधारमा मुनाफा प्राप्त गर्ने उद्देश्यले मानिसले गर्ने व्यवसायको रुपमा लिन थालिएको छ।

यस नगरपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो । कृषि क्षेत्रको प्रमुख वाली अन्तर्गत खाद्यान्न, फलफुल, तरकारी, माछामासु आदी पर्दछन् । आर्थिक कृयाकलापमा बृद्धि ल्याउन कृषि क्षेत्रलाई व्यवसायीकरण, विविधिकरण गर्न आबस्यक छ। दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय जनताको आयमा बृद्धि हुने गरी नगरपालिकाको स्रोत साधन परिचालन गरिनेछ। यसबाट रोजगारीमा बृद्धि भई स्थानीय जनताको आय आर्जनमा बृद्धि हुनेछ । उक्त सन्दर्भमा प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधार गरी लगानीको वातावरण निर्माण गरिनेछ।

नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत रहेको छ र यस क्षेत्रमा ६०.४ प्रतिशत जनसंख्या आबद्ध रहेकोले आर्थिक विकासमा यसक्षेत्रको महत्वपूर्ण स्थान रहेको छ। यस क्षेत्रले रोजगारीको प्रवर्द्धनबाट गरिबी निवारण र आयात प्रतिस्थापनमा सहयोग पुर्‍याउँदछ। यस क्षेत्रको विकासमा मलखाद, उन्नत वीज, कृषि औजार, कृषि ऋण तथा आपूर्ति स्थिति आदीको महत्वपूर्ण भूमीका रहेको हुन्छ।

**कृषि कार्यक्रम तथा उन्नत बीउ वितरण स्थिति**

कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्नका लागि उत्पादनका साधनहरु गुणस्तरीय मलखाद, उन्नत बीज, कृषि औजार, कृषि ऋणआदिको सर्वसुलभ रुपमा उपलब्ध हुनु आबस्यक हुन्छ। जनताको आर्थिक स्थिति सुधार गर्नको लागि कृषि विकास कार्यालयले धान, गहुँ, मकै, दलहन, तेलहन, आलु आदि बालीको बीउ उपलव्ध गराउने, प्रदर्शन कार्यक्रम (उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन तथा अन्य), उन्नत सीड कीट बितरण (धान, गहुँ, मकै आदि), बीज वृद्धि (धान, गहुँ, मकै आदि) जस्ता कार्यक्रमहरु संचालन गर्दै आएको छ।

**वीज वृद्धि कार्यक्रमः** खाद्यान्न उत्पादन वृद्धिका लागि खाद्यान्न वीजको महत्वपूर्ण स्थान रहेको हुन्छ।

**रासायनिक मल वितरण स्थितिः** कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नको लागि गुणस्तरीय रासायनिक मलको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

**कृषि ऋण परिचालन स्थिति**::कृषिलाई आधुनिकीकरण गर्नका लागि आवश्यक पर्ने आधुनिक औजार, उन्नत मल बीउ, उन्नत जातका पशुपंक्षी आदि खरिद गर्न पूँजीको आवश्यकता पर्दछ। सामान्यतयाः नेपालमा कृषकहरु पूँजीको अभावका कारणले कृषिलाई आधुनिकीकरण गर्न सकिरहेका छैनन्।

**कृषि उपजको भण्डारणको स्थिति**

**दुध चिस्याउने केन्द**:कृषकलाई दुध उत्पादन गरी आर्थिकरुपले आत्मनिर्भर बनाउने पक्षमध्ये दुध चिस्यान केन्द्र एक हो। यसले कृषकको उत्पाददित दुधलाई भण्डारण, दुधको बजार विकास विस्तार गरी विक्री वितरण गर्न सघाउ पुऱ्याउँदछ।

**२. प्रमुख समस्याः**

यस नगरपालिकाको कृषि विकासमा भौगोलिक वनावट, स्रोत साधन र सामाग्रीको न्यून उपलब्धता, आबस्यक भौतिक पूर्वाधारहरु जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, संकलन केन्द्र आदी कृषि विकासको मुल समस्याको रुपमा लिइएको छ।

## ३. चुनौति तथा अवसर

यस नगरपालिकाको कृषक साना र मझौला स्तरका रहेकाछन् । उनीहरुको दक्षता वृद्धि गरी व्यावसायीकरण गर्न एवम् वजारको सुनिश्चितता दिलाउने काम चुनौतिपूर्ण छ । यसका साथै वहुसंख्यक उत्पादनशील जनशक्ति वैदेशीक रोजगारीका लागि बाहीर गएकाले बाँझो जमीन राख्ने प्रबृत्तिलाई कम गर्न पनि चुनौतिपूर्ण छ । साना किसानले उत्पादन गरेको वस्तुले वजारमा प्रतिस्पर्धा गर्न सक्दैन । संविधान तथा कानूनमा उल्लेख भए अनुसार अन्तरसरकार सहकार्य र समन्वय हुन सकेको छैन ।

भौगोलिक विविधता र जैविक विभिधता भएको नेपालको परिप्रक्षमा यस नगरपालिकाको अधिकांश भूभाग पहाडी भूगोलको चरित्र रहेको छ । कालो बादलमा चाँदीको घेरा भने जस्तै मानिसहरुमा भएको चेतनाको विकासले विदेशबाट फर्किएका युवाहरु कृषि व्यवसायमा आकर्षित हुँदै जानु, जैविक खेती प्रतिको आकर्षण, यातायातको विकासले वजारको पहुँच बढ्नु संस्थागत र निजी क्षेत्रको आकर्षण बढ्नुलाई अवसरको रुपमा लिन सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**४.१. सोचः** खेतीयोग्य जमीनको व्यवसायीक उपयोगबाट दिगो र प्रतिस्पर्धी कृषि विकास ।

**४.२. लक्ष्यः**

उत्पादकत्व र वजारको माग तथा पहुँचका आधारमा जमिनको उच्चतम उपयोग गरी व्यावसायीक रुपमा कृषि उत्पादन गर्ने ।

**४.३. उद्देश्यः**

- उत्पादन र उत्पादकत्वका आधारमा खेतीयोग्य जमीनको उपयोग गर्नु ।
- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु ।
- कृषि उत्पादनलाई व्यवसायीकरण गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

**तालिका नं. ४.१**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय कृषक र अन्य सरोकारवालाहरु संग समन्वय र सहकार्य गरी कृषि सम्बन्धि स्थानीय कानून तथा योजनाबद्ध कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने । | ● कृषि भूमीको अनुसन्धान गरी उत्पादकत्वको आधारमा कृषि खेतीलाई वर्गिकरण गरिनेछ ।<br>● स्थानीय जनताको प्राथमीकतामा आधारीत योजना कार्यान्वयन गर्न दोहोरोपन नहुने गरी प्रदेश र संघ संग आबस्यक समन्वय र सहजीकरण गरिनेछ । |
| कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रचार प्रसार प्रभावकारी बनाउने । | ● कृषि भूमीको अनुसन्धान गर्न आबस्यक साधन र स्रोतको व्यवस्था गरिनेछ ।<br>● कृषि उत्पादनका साधन, मल, बीउको आबस्यक व्यवस्था गरिनेछ । |
| कृषि क्षेत्रमा लगानी बढाउन सहयोग र सहजीकरण गर्ने । | कृषि सूचना प्रणालीको विकास र विस्तार गरी कृषि बजारको सुनिश्चितता गरिनेछ । |
| कृषि कार्यक्रम तथा उन्नत बीउ वितरण गर्ने | वास्तविक कृषकलाई उनीहरुको जमीनको माटोको परिक्षण गरी उन्नत बीउ वितरण गरिनेछ । |

| | |
|---|---|
| कृषि ऋण उपलब्ध गराउने । | व्यावसायी कृषि गर्न चाहने कृषकलाई ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ । |
| कृषि उपजको भण्डारणको व्यवस्था गर्ने । | कृषि उत्पादनको समर्थन मुल्य तोकि खरिद र भण्डारणको व्यवस्था गरिनेछ । |
| संघ र प्रदेश संग समन्वय गरी उत्पादीत वस्तुको वजारीकरण गरी आयआर्जन गर्ने । | संघ र प्रदेश संग समन्वय गरी उत्पादीत वस्तुको वजार विकास र विस्तार गरिनेछ । |

परिमाणात्मक स्थिति

तालिका नं. ४.२

| **क्र.सं.** | **लक्ष्य अनुसार गन्तव्य र सूचक** | **एकाइ** | **न.पा.को आ.व. २०७६।७७ को स्थिति** | **न.पा.को आ.व. २०८२।२०८३ को लक्ष्य** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | तरकारी | मे.ट. | ९७५ | १३५० | |
| २ | मुख्य अन्नबाली | मे.ट. | १५७५ | २००० | |
| ३ | पशुपालन | | १८० फर्म | २७५ | |

स्रोतः कृषि ज्ञान केन्द्र, २०७७

## ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा परिमाणात्मक लक्ष्य हासिल भई नगरपालिका कृषि उत्पादनमा बृद्धि भइ समृद्ध नगरपालिका हुन सघाउ पुगेको हुनेछ ।

### ४.१.२ पशुपन्छी विकास

**कार्यालयको नामः कृषि तथा पशु विकास शाखा**

**१. पृष्ठभूमीः**

सन्धिखर्क नगरपालिका पशुपंक्षी पालनको लागि आबस्यक चरण क्षेत्र भएको नगरपालिका हो। यसको उत्पादन बृद्धिले दुध तथा दग्ध जन्य पदार्थ, मल, मासु लगायत वहुआयामीक आर्थिक कृयाकलापमा सघाउ पुग्ने हुने हुनाले यसको महत्वपूर्ण स्थान छ। अतः पशुपंक्षी एवं माछा उत्पादन आर्थिक दृष्टिले एक महत्वपूर्ण खाद्यान्न जन्य कृषि उत्पादन हो। यसले मानिसका लागि चाहिने थप पौष्टिक आहार प्रदान गर्ने भएकोले यसबाट कृषकको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण स्थान ओगटेको पाइन्छ। यस अर्थमा पशुपंक्षी पालनमा योजनाबद्ध विकास हुन आबस्यक छ।

कृषकहरुको खेती प्रणाली संग पशुपंक्षी पालनको अन्योन्यश्रित सम्बन्ध रहँदै आएको छ। पशुपंक्षीको मासु, दुध, घीउ, फुल, छाला आदी बिक्री गर्न सकिन्छ। यी प्राणीहरुको पालन आर्थिक दृष्टिले लाभदायक हुने हुनाले नगरपालिकाले आयात प्रतिस्थापन गरी निर्यात प्रबर्द्धनबाट आर्थिक लाभ लिन सक्दछ। यसको विकास र विस्तारका लागि पशुस्वस्थ्य कार्यक्रम, पशुपालन कार्यक्रम सञ्चालन गरिनु पर्दछ।

**२. प्रमुख समस्याः**

- वास्तविक कृषकको पहिचान गरी पशुपालन व्यवसायमा संलग्न गर्न नसकिएको।
- उत्पादित कृषि उपजको बजारीकरण एवं उचित मूल्यमा विक्रि वितरण नभएको।

**३. चुनौति तथा अवसर**

नगरपालिका अधिकांस क्षेत्रमा वर्षे सिजनमा बेमौसमी तरकारी उत्पादन गरी बाहिर निर्यात गर्न सक्ने राम्रो अवसर भएको।

पशुपालनका लागि पशुआहार जस्तै घाँस, पराल, दाना आदि आवश्यक पर्ने भएकोले ती आहारका श्रोत भएको स्थानमा पशुपालन गर्दा बढी फाइदा लिन सकिन्छ।

भौगोलिक सम्भाव्यताको आधारमा क्षेत्र छनौट गरी बाली विशेषको पटके प्याकेजको आधारमा नगर स्तरिय जैविक खेति कार्यक्रम संचालन गर्न सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

व्यवसायीक पशुपालनको पूर्वाधार, नगरबासीको आय आर्जनको आधार ।

### ४.२ लक्ष्य

पशुपंक्षी उत्पादनका पूर्वाधार विकास गरी पशुपालनलाई व्यवसायीक बनाउदै रोजगारी र आय आर्जन बढाई गरिबी कम गर्ने ।

### ४.३ उद्देश्य

क. नगरपालिका भित्र मासु, दुध तथा दुग्धजन्य पदर्थ उपभोगमा आत्मनिर्भर बनाउनु ।

ख. पंक्षी उत्पादनको विकास र विस्तार गरी निर्यातमा प्रवर्धन गर्नु ।

ग. पशुपंक्षी उत्पादनका पूर्वाधारको विकास र विस्तार गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

**तालिका नं. ४.३**

| रणनीति | कार्यनीति |
|---|---|
| पशु उत्पादन तथा उत्पादकत्व बढाई वजारीकरण गर्न सहजीकरण गर्ने । | व्यवसायीक रुपमा पशुपालन गर्ने कृषकलाई उन्नत जातको गाई, भैसी उपलब्ध गराउन आबस्यक सहजीकरण गरिनेछ । |

| | |
|---|---|
| | पशु स्वास्थ्य वीमा गर्न निश्चित प्रतिशत अनुदान दिइनेछ । |
| कुखुरा लगायतका पंक्षीपालन व्यवसायलाई प्रवर्धन गर्ने । | कुखुरापलन व्यवसायीलाई व्यवसायीक लगानीको व्याजमा निश्चित प्रतिशत अनुदान दिइनेछ । |
| स्थानीय जातको कुखुराको बजार विकास र विस्तार गर्ने । | नजीकको सहरी क्षेत्रमा स्थानीय कुखुराको निर्यातमा सहजीकरण गरिनेछ । |
| कोल्ड स्टोर, चरन क्षेत्र लगायतका पूर्वाधारको विकास र विस्तार गर्ने । | स्थानीय जनताको माग र आबस्यकताका आधारमा पूर्वाधार निर्माण गरिनेछ । |

### ४.१.३ खाद्य सुरक्षा तथा पोषण

यस नगरपालिकाको वहुसंख्यक स्थानीय जनताको जीवीकोपार्जनको मुख्य आधार कृषि हो । दिगो विकास लक्ष्यमा उल्लेख भएको भोगमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषणमा सुधार गर्ने जस्ता विषय उल्लेख भएको छ ।

**खाद्यान्न बाली :** खाद्यान्न बाली कृषि उत्पादनको एक महत्वपूर्ण अंश हो । खाद्यान्न बाली अन्तर्गत धान, गहुं, मकै, कोदो र जौ पर्दछ । यो बालीको उत्पादकत्व मौद्रिक मुल्यको दृष्टिले अन्य बाली भन्दा कम रहेको पाइन्छ तापनि यो वाली मानिसको लागि नभै नहुने आहार भएकोले यसको दिगो विकास गर्न सकेमा नगरपालिका अत्मनिर्भर भई चाहेको विकास गर्न सक्दछ ।

**नगदे बाली :** नगदे बाली मौद्रिक मुल्यको दृष्टिले सजिलै व्यवसायीकरण गर्न सकिने लाभप्रद व्यवसाय हो । नगदे बाली अन्तर्गत दलहन, तेलहन, आलु, सुर्ति र उखु पर्दछ । यसले नेपालको कृषि क्षेत्रको विकास र विस्तार गरी कृषि जन्य उद्योगको विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । किनभने यो बाली सामान्यतया: औद्योगिक उत्पादनका साधनको रुपमा प्रयोग गरिन्छ ।

**फलफूल तथा तरकारीको उत्पादन स्थिति**

मानिसका लागि नभई नहुने आहारहरु मध्ये फलफूल तथा तरकारी महत्वपूर्ण पौष्टिक युक्त आहार हो । सामान्तया प्रत्येक मानिस फलफूल तथा तरकारीको उपभोग गर्दछन् । तसर्थ जनसंख्याको विकाससँगै फलफूल तथा तरकारीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु पर्ने हुन्छ । लागत लाभको दृष्टिले यो एक लाभदायक कृषि व्यवसाय हो ।

**फलफूल** :फलफुल खेती गर्दा सुरुमा लगानी बढी लाग्ने, फलदिन बढी समय लाग्ने भएतापनि फल दिन थाले पछि कम लगानीबाट बढी प्रतिफल लिन सकिन्छ । जमीनको धरातलीय स्वरुप, वातावरण अनुसार फलफुल खेती गर्नु पर्दछ ।

### ४.१.४ सिँचाई

**१.पृष्ठभूमि**

कृषि बस्तुको उत्पादनका लागि पानी एक महत्वपूर्ण उत्पादनको साधन हो । पानी विना कृषि उत्पादन सम्भव छैन । पानी उपलब्धताको श्रोतमा आकाशे पानी र सिँचाइ प्रणाली पर्दछ । नेपालमा आकाशे पानी नियमित रुपमा नपर्ने हुनाले र आवश्यक मात्रामा पानी उपलब्ध नहुनाले कृषि उत्पादनको विकास र विस्तारमा नकारात्मक असर परिरहेको छ । तसर्थ कृषि उत्पादनको विकास र विस्तारका लागि सिँचाई अति आवश्यक पक्ष हो ।

खाद्यान्न तथा नगदे वालीको उत्पादन प्रकृयामा सिँचाई जोडिएको हुन्छ । सिँचाईको अभावमा कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न सकिदैन । त्यसैले सिँचाइ कृषि  विकासको एक महत्वपूर्ण पक्ष हो । कृषि विकासको महत्वपूर्ण आधार कृषि भूमीमा बाह्रै महिना सुविधा पुग्नु हो । यस नगरपालिकाको कुल खेती योग्य जमीनको ६ प्रतिशत र कुल खेती गरिएको जमीनको ७ प्रतिशत मात्र सिँचाई सुविधा उपलब्ध छ । यसबाट के देखिन्छ भने कृषि विकासको लागि सिँचाई क्षेत्रको विकास र विस्तार गर्न आबश्यक छ ।

**पानीको स्रोत :** खेती योग्य जमीनलाई बढी उर्वर बनाई बाह्रै महिना खेती गर्न सकिने बनाउनको लागि सिँचाइको आवश्यकता पर्दछ । सिँचाईको निम्ति पानीको स्रोत हुनु अनिवार्य हुन्छ । पानीको स्रोत आकाशे, सतहमा बहने, जमीनमुनि हुन सक्दछ यद्यपि सतहको पानीको स्रोत अन्य स्रोत भन्दा बढी महत्वपूर्ण मानिन्छ ।

### २. प्रमुख समस्याः

प्राकृतिक प्रणालीमा आधारीत नदी (रन अफ द रिभर) आधारीत भएकोले वर्षैभरि भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउन नसक्नु, प्राकृतिक मुल तथा मुहानहरु सुक्दैजानु, नदीजन्य निर्माण सामाग्रीको अत्यधिक दोहन हुनाले नदीको बेड लेभल घट्दै जानु आदी यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ३. चुनौति तथा अवसर

तोकिएको समय र लागतमा आयोजना सम्पन्न गर्नु, प्रदेश र संघ संग पर्याप्त समन्वय, सिँचाई सम्बन्धि दिर्घकालिन नीति बनाउनु, प्राकृतिक स्रोतको जोखिम व्यवस्थापन आदी यस क्षेत्रका चुनौति हुन् ।

सिँचाई सम्बन्धि नयाँ प्रविधिको विकास, युवाहरुमा कृषि प्रतिको आकर्षण बढी सहभागीतामा आधारित सिँचाई विस्तारका लागि कृषकहरुको माग बढ्दैजानु यस क्षेत्रका अवसर हुन् ।

### ४.१ सोचः

दिगो एवम् भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्वमा योगदान ।

### ४.२ लक्ष्यः

कृषि योग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउने ।

### ४.३ उद्देश्यः

क.उपर्युक्त प्रविधि मार्फत थप कृषि योग्य भूमिमा सिँचाई सेवा विस्तार गर्नु ।

ख. तरकारी तथा खाद्यान्न वीउबाट आत्मनिर्भर भई निर्यात योग्य तथा बजार योग्य उपजको वृद्धि गर्ने

ग. सम्पन्न भएका वा पूराना सिँचई प्रणालीमा मर्मत सम्भार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई दिगो बनाउनु ।

## ४.४ रणनीति तथा कार्यनीति

**तालिका नं. ४.५**

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि विकास रणनीति अनुसार गुरुयोजना बनाई सिँचाई योजनाहरुको विकास एवम् विस्तार गर्ने । | प्राविधिक, आर्धिक र वातावरणीय पक्षबाट सम्भाव्य सतह सिँचाई,आयोजना प्राथमिकीकरण, निर्माण तथा विस्तार गरिनेछ । |
| छिमेकी स्थानीय तह, संघ र प्रदेश संग समन्वय गरी बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुने आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने । | आकाशे पानी संकलन, पोखरी व जलाशयमा भण्डारण गरी थोपा वा फोहोरा जस्ता प्रविधिबाट प्राथमिकता साथ सिँचाई सेवा उपलब्ध गराइनेछ । |

**सिंचाई स्थिति**

**तालिका नं. ४.६**

| सिंचाईको प्रकार | अर्घाखाँची | | | | |
|---|---|---|---|---|---|
| | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि | | |
| | आ.व.२०७५/०७६ | आ.व.२०७६/०७७ | आ.व.२०७७/०७८ | गत अवधिको | समीक्षा अवधिको |

| | (साउन-पुष) | (साउन-पुष) | (साउन-पुष) | प्रतिशत परिवर्तन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुलो | २३८५ | २४३० | २५१० | १.८९ | ३.२९ |
| नहर | ११८ | ११८ | ११८ | ० | ० |
| पोखरी | २३५ | २३५ | २३५ | ० | ० |
| वोरिङ्ग | | | | | |
| थोपा | | | | | |
| अन्य | | | | | |
| कुल सिंचित क्षेत्रफल | २७३८ | २७३८ | २८६३ | १.६४ | २.८७ |
| कुल खेतीयोग्य क्षेत्रफल | ४५७१२ | ४५७१२ | ४५७१२ | ० | ० |
| खेती गरिएको क्षेत्रफल | ३७०३३ | ३७०७३ | ३७८५ | १.०७ | ०.३१ |

स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, अर्घाखाँची

**५. अपेक्षित उपलब्धि**

सिँचाई सेवाको विकास र विस्तार भई खेतीयोग्य जमीनमा सिँचाई सुविधा उपलब्ध हुनेछ ।

### ४.१.५ भूमी व्यवस्था

नेपालको संविधान तथा कानूनमा व्यवस्था भएको सम्पत्तिको हक, खाद्य सुरक्षा तथा सम्प्रभुताको हक आदिको आधारमा यस नगरपालिका भित्रका सम्पूर्ण जमीनको दिगो व्यवस्थापन गर्न आबस्यक रहेको छ । भूमिको समुचित उपयोग सुनिश्चि गर्न स्थानीय जनताको स्वामित्व रहेको जमीन

र सार्वजनीक जमीनको पारदर्शिता, जवाफदेहिता, विद्यमान ऐन, नियमका आधारमा नगरपालिकाले जनताको भावना, जमीनको उत्पादन तथा उत्पादकत्वको सम्भावना, दिगो उपयोगको सम्भावनालाई ध्यानमा राखी जमीनको प्रभावकारी परिचालन गर्न आबस्यक देखिन्छ ।

**प्रमुख समस्या**

कृषि योग्य भूमिको खण्डिकरण, योजनाबद्ध बसोबास प्रणलिको व्यवस्था लागु नहुनु ।

**चुनौति तथा अवसर**

भूउपयोग योजना तयार गरी कार्यान्वयन गर्नु, नापनक्सा कार्यमा समयानुकुल आधुनिक प्रविधिको अवलम्वन यस क्षेत्रका प्रमुख चुनौति हुन् ।

सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

उत्पादन उन्मुख दिगो भूमि व्यवस्था

**लक्ष्य**

भूमि व्यवस्थालाई नगरपालिकाको दिगो विकासको आधार बनाउने ।

**उद्देश्य**

भूमिको समुचित प्रयोगबाट उत्पादन बृद्धि गर्नु ।

जनसहभागीताका आधारमा योजना तर्जुमा र विकास निर्माणको लागि आबस्यक शुद्ध एवम् विश्वसनिय नापनक्शा र भौगोलिक सूचना प्रणाली लागु गर्न पहल गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
| --- | --- |
| जनसहभागीत जुटाई क्षमता, उपयुक्तता र आबस्यकताका आधारमा भूमिको वर्गिकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन बृद्धि गर्ने । | भूमिको वर्गिकरण गरी आबस्यकता अनुसार नक्शाडाटा तयार गरिनेछ ।<br>जमीनको खण्डिकरण रोक्न आबस्यक पहल गरिनेछ ।<br>जग्गा बाँझो नराख्न जग्गा धनीलाई आबश्यक उत्प्रेरणा दिइनेछ । |
| आधुनिक प्रविधिमा आधारित नाप नक्सा तयार गर्ने । | मलपोत र नापी कार्याल्यको समन्वयमा नगरपालिका भित्रको सम्पूर्ण जमीनको डाटाबेस तयार गरिनेछ । |

**अपेक्षित उपलब्धि**

गुणस्तरिय भौगोलिक सूचना प्रणालि विकास भई नीत निर्माण, योजना तर्जुमा र विकास निर्माण कार्य गर्न सहज भएको हुनेछ ।

### ४.१.६ जलस्रोत

नगरपालिकाको आर्थिक विकासका लागि जलस्रोतको वहुउपयोगलाई प्रवर्द्धन गर्नु आबस्यक छ ।

**२. प्रमुख समस्या**

यस नगरपालिकामा जलस्रोतको पर्याप्त मुहान नभएकोले आबस्यकता अनुसार पिउने पानी, सिँचाई सुबिधा उपलब्ध हुन सकेको छैन ।

**३. चुनौति तथा अवसर**

पानीको मुहान आबस्यकता अनुसार नभएकोले पिउने पानी, सिँचाई सुबिधा उपलब्ध गराउनु चुनौतिपूर्ण रहेको छ ।

नयाँ प्रविधि जस्तै लिफ्ट, बोरिङ्ग प्रणालीबाट आबस्यकता नगरबासीलाई खानेपानी आपूर्ति गर्न सकिने अवसर छ ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

### ४.१ सोचः

सन्धिखर्कको पानी, नगरबासीको आँखाको नानी ।

### ४.२ लक्ष्यः

नगरपालिका भित्रको पानीको पूर्ण रुपमा संरक्षण गर्ने

### ४.३ उद्देश्यः

पानीको स्रोतहरुको पहिचान गर्नु ।

रिचार्ज पोखरी निर्माण र संरक्षण गर्नु ।

जोखिम क्षेत्रको पूर्व तयारी गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| नगरपालिका भित्रका पानीको पूर्ण उपयोग गर्ने । | नगरपालिका भित्र उपलब्ध हुन सक्ने पानीको स्रोतको पहिचान गरी नगरबासीलाई गराइनेछ । |
| वर्षे पानी संकलन गर्ने । | प्राविधिक रुपमा सम्भाव्य स्थान र घर घरमा पानीको संकलन गर्न आबस्यक व्यवस्था गरिनेछ । |
| पानीबाट हुन सक्ने जोखम कम गर्ने । | जोखिम क्षेत्रको पहिचान गरी आबस्यक पूर्व तयारी गरिनेछ । |

### ४.१.७ वन तथा वनस्पति सम्पदा

वन मानिसको सामाजिक तथा आर्थिक विकास एक महत्वपूर्ण पक्ष हो । मानिसका लागि आबस्यक पर्ने अक्सिजन, बासस्थानका लागि काठ, वालीका लागि मल, भूक्ष्यय नियन्त्रण, जमिनमा पानीको सञ्चय तथा पानि पार्न, मनोरञ्जन आदिका लागि वनको महत्वपूर्ण स्थान रहेको छ । वनबाट उत्पादीत बस्तु बिकी गरेर प्रसस्त आय आर्जन गर्न सकिन्छ। वातावरण भूमण्डलमा रहेका जीव तथा निर्जिव वस्तुलाई नकारात्मक असर नपर्ने गरी सन्तुलनमा राखी राख्नका लागि आबस्यक पर्दछ ।

**कार्यालयको नामः डिभिजन वन कार्यालय, अर्घाखाँची**

**१. पृष्ठभुमीः**

नेपाल सरकारको वन तथा वातावरण सम्बन्धि नीति तथा स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कार्यक्रमहरु सञ्चालन गर्ने, वन सम्बन्धि जनचेतना अभिवृद्धि गराउनका लागि वनको महत्व तथा आवश्यकता बारे प्रचार प्रसार गर्ने र वन व्यवस्थापनको लागि आवश्यक प्रविधि उपभोक्ता स्तरमा हस्तान्तरण गर्ने, वन पैदावरको चोरी निकासी, वन्यजन्तुको चोरी शिकारी, वन अतिक्रमण तथा अन्य प्रतिबन्धित कार्यहरुलाई व्यापक जनसहभागिता जुटाई नियन्त्रण गरी वन सम्पदाको संरक्षण गर्ने उद्देश्यका साथ यस कार्यालयको स्थापना २०४१ सालमा जिल्ला वन कार्यालयको रुपमा स्थापना भएको हो । यस जिल्लाको कुल भूभाग मध्ये महाभारत पर्वत श्रृंखला ५९.९३ प्रतिशत तथा चुरेले ३९.०७ प्रतिशत ओगटेको छ ।

तालिका नं. ४.९

| स्थानिय तह | वन क्षेत्र | वन बाहेकका क्षेत्र | वन भएको अन्य क्षेत्र | बुटयान क्षेत्र | कुल जम्मा |
|---|---|---|---|---|---|
| सन्धिखर्क नगरपालिका | ४८५६.५६ | ८०६८.२८ | १७.०६ | ०.०० | १२९४१.९० |

स्रोतः सन्धिखर्क नगरपालिका, २०७८

**२. प्रमुख समस्याः**

- सीमित जनशक्ति/उपभोगमुखी वन संरक्षण/साधन श्रोतको अभाव/Ellite Group Domination

- सामुदायिक वन उपभोक्ता समुहहरुमा  सुशासन कायम गर्न कठिनाई
- उपभोक्ता तहमा ज्ञान, सीपको कमी

### ३. चुनौति तथा अवसरः

- नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्न चुनौति
- सीमित जनशक्तिबाट हस्तान्तरित सामुदायिक वनहरुको सुशासन सबलीकरण गर्नु चुनौतिपूर्ण
- सामुदायिक वनहरु आगलागी, चरिचरण, चोरी निकासी तथा अतिक्रमण, आदीबाट जोगिएका
- सामुदायिक वन उपभोक्ता समुहको आम्दानीलाई मुल प्रवाहीकरण गर्न सकिएमा विकास काममा तदारुकता ल्याउन सकिने ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

वन क्षेत्रको व्यवस्थापनबाट आर्थिक संवृद्धि ।

#### ४.२ लक्ष्यः

वन क्षेत्रको सघन व्यवस्थापन तथा विकास र वृद्धिबाट आयमा बढोत्तरी गर्ने

#### ४.३ उद्देश्यः

वन क्षेत्रबाट स्थानीय आय आर्जन र रोजगारी अभिवृद्धि गर्नु ।

वातावरण सन्तुलन, बाढी पहिरो संरक्षण, हरियालीको विकास गर्नु ।

#### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| समुदायमा आधारित वन व्यवस्थापन लागु गर्ने । | सामुदायिक वन उपभोक्ता समुहलाई प्राविधिक सहयोग मार्फत वनको संरक्षण, संवर्द्धन, सदुपयोग र विकासका कार्यक्रम संचालन गर्न उत्प्रेरणा जगाउने व्यवस्था गरिनेछ । |
| नीजि तथा कृषि वन प्रवर्द्धन गर्ने । | नाङ्गा, खर्यान जग्गाहरुमा कृषि वन प्रवर्द्धनका क्रियाकलाप संचालन गरिनेछ । |
| वातावरण मैत्री सहर निर्माण गर्ने । | नगरपालिका भित्र निम्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१. वृक्षारोपण स्थान तोक्ने ।<br>२. कम्तीमा एउटा विरुवा रोपेको आधारमा जन्म दर्ताको प्रमाण पत्र दिने ।<br>३. मोटर बाटोको दायाँ वायाँ (व्यक्तिगत र सार्वजनीक) अनिवार्य रुपमा उपर्युक्त रुख रोप्न कानूनी व्यवस्थाका साथै विरुवा उपलब्ध गराइनेछ । |
| डढेलो माथी प्रतिबन्ध लगाउने । | डढेलो सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |

तालिका नं. ४.११

| **क्र.सं.** | **लक्ष्य अनुसार गन्तव्य र सूचक** | **एकाइ** | **न.पा.को आ.व. २०७६।७७ को स्थिति** | **न.पा.को आ.व. २०८२।२०८३ को लक्ष्य** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | वन भएको अन्य क्षेत्र | हेक्टर | १७.०६ | ५० | |
| २ | सघन वन व्यवस्थापन | हेक्टर | १५० | ५०० | |

### ४.१.८ खनिज सम्पदा

यस नगरपालिका अन्तर्गत पर्याप्त मात्रामा चुनढुङ्गा लगायतका खनीज सम्पदा रहेको पाइन्छ । यद्यपी ती खनीज सम्पदाको पर्याप्त मात्रामा उपयोग हुन सकेको छैन ।

## ४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

### ४.२.१ उद्योग

उद्योग आर्थिक विकासको महत्वपूर्ण आधारस्तम्भ हो । नेपालको औद्योगिक उत्पादन तथा रोजगारीमा अधिकांश हिस्सा साना तथा घरेलु उद्योगको रहेको छ । तर नेपालीजनतामा पर्याप्त मात्रामा उद्योग क्षेत्रमा लाग्ने प्रबृत्तिको विकास हुन सकेको छैन ।

स्थानीय तहले स्थानीय जनतालाई उद्यमशील बनाई घरेलु, साना तथा मझौला उद्योगको विकास र विस्तारमा संलग्न गराएर नगरपालिकाको आर्थिक विकासलाई गतीशील बनाउन सक्दछ । उद्योगको विकासले रोजगारीको अवसरमा बृद्धि हुनुका साथै स्थानीय स्रोत साधनको उच्चतम परिचालन हुन सक्दछ ।

कुनै निश्चित अर्थतन्त्रभित्र कुल गार्हस्थ उत्पादनमा उत्पादनशील उद्योग (Manufacturing Industries) को योगदान केवल १० प्रतिशतमात्र छ भने यसले लगभग ३ प्रतिशतमात्र रोजगारी प्रदान गरेको मानिन्छ ।

**प्रमुख समस्या**

स्थानीय जनतामा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्रमा स्थानीय पूँजी परिचालन हुन नसक्नु, साना उद्यमीको उत्पादन बाहिरी ठूला उद्योगको उत्पादन संग बजारमा प्रतिस्पर्धा गर्न नसक्नु, स्थानीय तहमा निजी क्षेत्र आकर्षित हुन नसक्नु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधि संयोजन गर्न स्थानीय तहको निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, कृषि संग अन्य क्षेत्र जस्तै वन, खानी जोडिन नसक्नु यस क्षेत्रका समस्या हुन् ।

**चुनौति तथा अवसर**

लगानी मैत्री वातावरण सृजना गरी लागत लाभका आधारमा उद्यमीलाई आकर्षित गर्नु, पूर्वाधारको विकास गर्नु, कच्चा पदार्थको उपलब्धता, भरपर्दो श्रम नीति नहुनु आदी यस क्षेत्रको विकासको चुनौति हुन् ।

संवैधानिक हक सहित स्थानीय तहको गठन, आर्थिक समृद्धि सबै राजनीतिक दलको साझा विषय बन्नु, उर्जा क्षेत्रको विकास र विस्तार हुनु, वैदेशीक रोजगारीबाट फर्किएका युवाहरु स्वदेशमा उद्योग गर्ने सोचको विकास हुनु आदि यस क्षेत्रको विकासका अवसरहरु हुन् ।

**सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**सोच**

नगरपालिकाको आर्थिक समृद्धिका लागि दिगो, रोजगारमुलक उद्योगको विकास

**लक्ष्य**

घरेलु तथा साना उद्योगको विकास र विस्तारबाट नगरपालिकाको आर्थिक विकासमा योगदान गर्ने ।

**उद्देश्य**

घरेलु उद्योगको विकास गरी स्थानीय जनताको आधारभुत आबस्यकताको परिपूर्तिमा टेवा पुर्‍याउनु ।

घरेलु तथा साना उद्योगको क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गरी रोजगारीका थप अवसर सिर्जना गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका नं. ४.१३**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्द्धन गर्ने । | स्थानीय जनताले घरेलु उद्योग सञ्चालन गर्नका लागि माग गरेरमा आबस्यकता अनुसार सहजीकरण गरिनेछ । |

| | |
|---|---|
| रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण गर्ने । | रोजगारमुलक उद्योग व्यवसाय गर्न चाहने उद्यमीहरुलाई लगानीको आबस्यकता परेमा नियमानुसार लगानी रकमको व्यवस्था गरिनेछ । |

### ४.२.२ वाणिज्य

**व्यापार, पर्यटन तथा सेवाक्षेत्रको स्थिति**

कुनै वस्तु वा वस्तुहरुको खरिद बिक्री गर्नका लागि केता विकेता बीच एक आपसमा प्रत्यक्ष प्रतिस्पर्धा भै खरिद बिक्री हुनुलाई व्यापार भनिन्छ । स्थानका आधारमा बजारलाई स्थानीय बजार, जिल्ला स्तरीय, राष्ट्रिय र अन्तराष्ट्रिय गरी चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

**प्रमुख स्थानीय उत्पादनको बजारीकरण स्थिति**

स्थानीय तहमा उत्पादित बस्तु स्थानीयरुपमा विक्री वितरणका लागि जिल्लाका विभिन्न स्थानमा हाट बजारहरु सञ्चालन गर्ने गरिन्छ । यसले स्थानीय तहमा उत्पादित बस्तुको बजारीकरण हुनुका साथै उत्पादकहरुलाई बस्तु उत्पादन गर्ने हौसला प्रदान गर्दछ ।

**स्थानीय उत्पादनको बाह्य उत्पादनसँग गर्नुपर्ने प्रतिस्पर्धाको स्थिति**

विश्व अर्थतन्त्रको विश्वव्यापीकरण सँगसँगै विश्व बजारीकरणले महत्वपूर्ण स्थान ओगटेको छ। तसर्थ बाह्य बजारका बारे सोची आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउनु पर्छ भन्ने मान्यता स्थापित भएको पाइन्छ। यद्यपि नेपाल जस्तो गरीब मुलकको स्थानीय बजारले बाह्य बजारसँग प्रतिस्पर्धा गर्न नसक्ने भएको हुँदा आन्तरिक बजारलाई प्रतिस्पर्धी बनाउनका लागि तुलनात्मक लागत लाभको दृष्टिले फाइदा हुने खालको बस्तु तथा सेवा उत्पादनमा जोड दिई आयात प्रतिस्थापनको नीति अवलम्वन गर्नु पर्दछ ।

**उद्यमशीलता, सीप विकास, बजारीकरण सेवा, कर्जा, बजार सूचनामा उद्यमीको पहुँचको स्थिति**

स्थानीय तहमा बसोबास गर्ने उद्यमशील जनताको सीप विकास गरी उनीहरुबाट उत्पादन भएका बस्तुको बजारीकरणबाट औद्योगिक विकासमा टेवा पुऱ्याउनका लागि घरेलु तथा साना उद्योग कार्यालयले विभिन्न समयमा विभिन्न स्थानमा विभिन्न प्रकृतिका तालिम तथा सूचना उपलव्ध गराउँदै आएको छ । त्यस्ता सीप विकास सम्बन्धी तालिमहरुमा होजियारी, बेतबाँसको सामान बनाउने, सिलाई कटाई, टिभी रेडियो साइकल मोटरसाइकल मर्मत, चाउचाउ अगरबत्ती मैनबत्ती बनाउने, हेयर कटिङ्ग आदि पर्दछन् ।

### ४.२.४ पर्यटन

नेपालको आर्थिक विकासका विभिन्न क्षेत्रहरुमध्ये पर्यटन एक महत्वपूर्ण क्षेत्र हो । आफूसँग भएको भौतिक तथा प्राकृतिक सम्पदा, धार्मिक तथा पर्यटकीय स्थल, आफ्नो सामाजिक, भाषीक, साँस्कृतिक जीवन पद्दति आदि सम्बन्धी विषयबारे अरुलाई जानकारी गराई ती स्थानहरुमा भ्रमण गराई आय आर्जन गर्न सकिने व्यवसाय पर्यटन उद्योग हो ।

**प्रमुख समस्या**

नगरपालिका भित्र आबस्यक मात्रामा स्तरीय होटल हुन नसक्नु, यस क्षेत्रको धार्मिक, ऐतीहासीक, मनोरम क्षेत्रको महत्व बारे पर्याप्त मात्रामा प्रचार प्रसार हुन नसक्नु, यस क्षेत्रमा उत्पादन हुने खाद्यान्न आदीको पहिचान हुन नसक्नु पर्यटन विकासको समस्या हो भन्न सकिन्छ ।

**चुनौति तथा अवसर**

लुम्बीनी भ्रमणमा आएका पर्यटकलाई यस क्षेत्रमा आकर्षित गर्नु मुख्य चुनौति रहेको छ । यसका साथै गर्मी मौसममा तराई लगायत भारतका समेत पर्यटक यस क्षेत्रमा आकर्षित हुने वातावरण निर्माण गर्नु चुनौतिपूर्ण रहेको छ ।

लुम्वीनी क्षेत्रमा व्यापक विकास र विस्तार हुनु, मानिसहरुमा मौसम अनुसार भ्रमणमा रुची हुनु पर्यटन विकासको लागि महत्वपूर्ण अवसर हो ।

**सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**सोच**

पर्यटन क्षेत्रको विकास र विस्तार, नगरपालिकाको आर्थिक विकासको आधार ।

**लक्ष्य**

धार्मिक तथा मनोरञ्जनका लागि नेपाल आएको वाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्ने ।

**उद्देश्य**

पर्यटकको आकर्षण बढाउनका लागि होटल तथा होमस्टेको व्यवस्था गर्नु ।

स्थानीय कृषि तथा पशुपंक्षी उत्पादकलाई उक्त व्यवसाय प्रति आकर्षित गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका नं. ४.१५**

| रणनीति | कार्यनीति |
|---|---|
| होटल तथा होमस्टे निर्माणमा सहजीकरण गर्ने । | होटल तथा होस्टे व्यवसायीलाई स्थापना तथा सञ्चालनमा नियम अनुसार सहयोग गरिनेछ । |
| स्थानीय कृषि तथा पशुपंक्षी उद्यमशीलतामा प्रबर्द्धन गर्ने । | स्थानीय कृषि तथा पशुपंक्षी उद्यमीको अर्गानीक उत्पादन स्थानीय होटलमा खपत गराई व्यवसायीहरुलाई प्रोत्साहीत गरिनेछ । |

# परिच्छेद ५

## सामाजिक क्षेत्र

सामाजिक क्षेत्र मुलतः मानिसको कार्यक्षमताको स्थिति संग सम्बन्धित विषय हो । यस क्षेत्रको विकास र विस्तार गर्न सामाजिक विकासको पूर्वाधार हुन आबस्यक हुन्छ । मानिसको ज्ञान तथा चेतना, सवलता तथा क्षमता अभिवृद्धि गरी कार्यक्षमता बढाउन चाहिने शिक्षा, स्वास्थ्य, विकासमा समावेसीकरण, खेलकूद आदिको सुबिधा वा सो मा सर्वसाधारणको पहुंच पुग्ने भौतिक वस्तु स्कूल, स्वास्थ्य सेवा उपलब्ध गराउने भवन, खेल मैदान वा सामाग्रीको निर्माण गर्न आबस्यक हुन्छ । ती भौतिक वस्तुको निर्माणले मानिसलाई उक्त सेवाहरु लिनका लागि अवसर प्रदान गर्दछ । मानिसलाई उपलबध गराइने शिक्षा तथा स्वस्थताका साथै स्फूर्तिबाट उत्पादनशील क्षमतामा अभिवृद्धि हुन गै उत्पादकत्व वृद्धि हुने हुनाले मानिसलाई संमृद्धशाली बनाउन सघाउ पुऱ्याउँदछ ।

### ५.१ जनसंख्या तथा बसाइँसराइ

**१. पृष्ठभूमीः**

नेपालको संविधानले सामाजिक विकास संग सम्बन्धित विषय संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा राखेको छ । संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा कार्य विस्तृतिकरणले व्यवक्तिगत घटना सम्बन्धी तथ्यांक व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश र स्थानीय तहको अधिकारको राष्ट्रिय कार्यसूचीमा रहेको छ । विकास योजना तर्जुमाको दृष्टिले मानिस साधन र साध्य दुबै हो किनकी मानिसको लागि गरिने सबै काम मानिसबाट नै गरिन्छ । मानिस गतीशील प्राणी भएकोले अवसर प्राप्तीको लागि ऊ एक ठाउँबाट अर्को ठाउँमा जान चाहन्छ । यस परिप्रक्षमा जनसंख्या तथा बसाइँ सराइ वहुसरकोको विषय हो र योजना बनाउँदा जनसंख्याको व्यवस्थापन पहिलो प्राथमीकतामा राखी बनाउनु पर्दछ ।

**२. प्रमुख समस्याः**

ज्नसंख्या व्यवस्थापनका लागि गरिबी, अशिक्षा, अव्यवस्थित बसोबास र बसाइँ सराइ तथा सामाजिक कुरीतिका कारण जनसंख्या र विकासका बीच असन्तुलन हुनु यस क्षेत्रको प्रमुख समस्या हो । जनसंख्या व्यवस्थापनका लागि भरपर्दो सूचना प्रणाली नहुनु, तीब्ररुपमा बढ्दै गएको शहरीकरणलाई व्यवस्थित गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

**३. चुनौति तथा अवसरः**

राष्ट्रिय नीति र कार्यक्रम संग तादत्म्यता हुने गरी जनसांखिक सूचक र भौतिक विकासका सूचकहरु संग सन्तुलन कायम गर्नु, उत्पादशील जनशक्तिलाई रोजगारी संग जोड्नु, स्वास्थ्य, शिक्षा, रोजगारी र खानेपानी जस्ता आधारभूत सुविधा सहितको एकीकृत बस्ती विकास गर्नु, बसाई सराइलाई व्यवस्थित गर्नु यस नगरपालिकको जनसंख्या व्यवस्थापनका चुनौति हुन् ।

नगरबासीहरुमा सानो तथा गुणस्तरीय परिवारको भावना विकास हुनु, बैदेशीक रोजगारीबाट प्राप्त विप्रेशण र सीप तथा ज्ञान नगरपालिकामा भित्रिनु, विभिन्न किसिमका पूर्वाधारको विकास र विस्तार हुनु, स्थानीय तहले जनसंख्या र बसाइँ सराइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था हुनु अवसर हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

स्मार्ट नागरीक, नगरपालिकाको विकासको मुल आधार ।

### ४.२ लक्ष्यः

नगरबासी केन्द्रीत स्मार्ट सहर विकास हुने गरी बसोबास व्यवस्थापन गर्ने ।

### ४.३ उद्देश्यः

नगरबासीलाई स्वस्थ, सवल र सक्रिय बनाई औषत आयुमा बृद्धि गर्नु ।

बसाइँ सराइ तथा शहरीकरणको उचित व्यवस्थापन गर्नु ।

जनसांख्यिक लाभांशको सदुपयोग गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ज्ञान र सीपमा आधारित रोजगारीको अवसर सृजना गर्ने । | नगरपालिकाको जनसंख्या व्यवस्थापन कार्यलाई स्थानीय जनताको आबस्यकता र चाहना अनुसार व्यवस्थित गरिनेछ । |
| एक घर एक एक स्मार्ट फोन चलाउन उत्प्रेरीत गर्ने । | सबै वडामा स्मार्ट फोन मार्फत सूचना प्रवाह सम्बन्धि आबस्यक ज्ञान र सीप उपलब्ध गराइनेछ । |
| सूचना प्रविधिको प्रयोगलाई नगरविकास उत्थानशील बनाउने । | सूचना प्रविधिको प्रयोगबाट ज्ञान र सीप सहितको सूचना आदन प्रदान हुने मानव सञ्जाल निर्माण गर्न प्रोत्साहीत गरिनेछ । |

**परिमाणात्मक स्थिति**

| क्र.सं. | लक्ष्य अनुसार गन्तव्य र सूचक | एकाइ | न.पा.को आ.व. २०७६।७७ को स्थिति | न.पा.को आ.व. २०८२।२०८३ को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला साक्षरता | | ६१% | ७५ | |
| २ | सडक वालवालिका | | ०.२% | ०.१ | |
| ३ | एकल महिला | | ३% | | |
| ४ | द्वन्दपिडित महिला | | १ % | | |
| | | | | | |

## ५.२ शिक्षा

### १. पृष्ठभूमी

शिक्षा मानिसको परिदृष्टिको ज्योति हो । यसले मानिसको चेतनालाई अभिवृद्धि गराई लिपिवद्धरुपमा भविस्यमा चाहेको स्थिति पहिचान गर्न सघाउ पुऱ्याउँदछ । तसर्थ शिक्षा एक महत्वपूर्ण सामाजिक विकासको पूर्वाधार हो । शिक्षालाई राष्ट्रले अनिवार्य सामाजिक पूर्वाधारको रुपमा लिएकोले सबैका लागि शिक्षा भन्ने नारालाई यथार्थमा परिवर्तन गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाको गुणात्मक विकासका लागि उपर्युक्त शैक्षिक वातावरण आवश्यक पर्दछ । त्यस्तो वातावरण निर्माणका लागि आवश्यक पर्ने मुख्य तत्वहरुमा उपर्युक्त भौतिक पूर्वाधार, क्षमतावान शिक्षक/शिक्षिका, शिक्षण संस्थाको सर्वसुलभता, उपयुक्त शैक्षिक नीति तथा कार्यक्रमका साथै प्रभावकारी अनुगमन तथा मूल्याङ्कन, कक्षागत विद्यार्थी-शिक्षक/शिक्षिका अनुपात, विद्यार्थीको भर्ना स्थिति आदि पर्दछन् ।

नेपालमा शिक्षालाई औपचारिक र अनौपचारिक शिक्षा गरी मूलतः दुई भागमा विभाजन गरिएको छ । औपचारिक शिक्षा अन्तर्गत तहगत कक्षा सञ्चालन विधि पर्दछ भने अनौपचारिक शिक्षा अन्तर्गत सामान्य लेखपढ गर्न सक्ने बनाई सूचनाको आदान प्रदान गर्न सक्ने साक्षर नागरीक बनाउने विधि पर्दछ । औपचारिक शिक्षालाई विद्यालय शिक्षा र उच्च शिक्षा गरी दुई भागमा विभाजन गरिएको छ ।

(१) विद्यालय शिक्षा : विद्यालय तहको शिक्षालाई प्राथमिक, माध्यमिक र उच्च माध्यमिक तह गरी विभाजन गरिएको छ । कक्षा १ देखि ८ सम्मलाई प्राथमिक तह, कक्षा ९ देखि १० सम्मलाई माध्यमिक र कक्षा ११ देखि १२ सम्मलाई उच्च माध्यमिक शिक्षामा विभाजन गरिएको छ । जसलाई विद्यालय तहको शिक्षा भनिन्छ ।

(२) उच्च शिक्षा : उच्च शिक्षालाई स्नातक तह, स्नातकोत्तर तह, विद्यावारिधी गरी विभाजन गरिएको छ ।

सन्धिखर्क नगरपालिकाको जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ४१०७१ रहेको छ भने यहाँको साक्षरता ९७ प्रतिशत छ । यहाँ २ वटा क्याम्पस ६८ सामुदायिक विद्यालय र १७ संस्थागत विद्यालय छन् । सबै तहका गरी सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको संख्या ४४२ छ । IEMIS२०७७ अनुसार विद्यार्थी संख्या १२३३६ छ तर केही संस्थागत विद्यालयहरुले IEMIS २०७७ मा प्रविष्ट नगरेकाले यो संख्या अझै

बढी हुन सक्ने देखिन्छ । सामुदायिक विद्यालयको पठनपाठनबाट सन्तुष्ट हुन नसकेर वा अंग्रेजी भाषा मोहका कारण केही अभिभावकहरु निजी विद्यालयतर्फ आर्कर्षित भएका देखिन्छन् ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा तथा संस्कृति सम्बन्धी हकको जर्गेना गर्दै प्रविधि मैत्री, गुणस्तरिय, उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भरतातर्फ उन्मुख जनशक्ति उत्पादनमा जोड दिने यस नगरपालिकाको धेय रहेको छ । नगरपालिका भित्रका बालबालिकाहरुलाई शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित हुन नदिन नगरपालिका प्रतिबद्ध छ ।

**२. प्रमुख समस्याहरुः**

- शिक्षक दरबन्दीको असमान वितरण ।
- बजार क्षेत्रमा विद्यार्थीको अधिक चाप र ग्रामीण क्षेत्रमा विद्यार्थीको न्यूनता ।
- विषयगत न्यूनतम शिक्षक दरबन्दीको कमी ।
- विद्यार्थीको सिकाई उपलब्धि सन्तोषजनक नहुनु ।
- विद्यालयको विकासमा समुदायको चासोको कमी ।
- विद्यार्थी केन्द्रित शिक्षणको कमी ।
- प्रयोगशाला पुस्तकालयको अपर्याप्तता ।

**३. चुनौति तथा अवसरहरुः**

| चुनौति | अवसर |
|---|---|
| क. शिक्षक दरबन्दी मिलान | क. शिक्षामा भएको संघिय सरकारको लगानी |
| ख. विषयगत शिक्षकको सन्तुलित व्यवस्थापन | ख. विद्यालयमा भएको भौतिक पूर्वाधारहरु |
| ग. सिकाई उपलब्धी वृद्धि | ग. तालिम प्राप्त शिक्षकहरु |

| | |
|---|---|
| घ. शिक्षण विधिहरुको सन्तुलित प्रयोग | घ. शैक्षिक जनशक्ति |

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

शिक्षण संस्थाको शैक्षिक गुणस्तरमा विकास, स्मार्ट नगर विकासको आधार ।

**४.२ लक्ष्यः**

विद्यार्थीहरुको सिकाई उपलब्धि अभिबृद्धि गर्ने ।

**४.३ उद्देश्यहरुः**

क. शिक्षक विद्यार्थी अनुपात समुचित र सन्तुलित बनाउनु ।

ख. प्रत्येक शैक्षिक सत्रमा औसत सिकाई उपलब्धि २ प्रतिसतले गर्नु ।

ग. शिक्षकको शिक्षण क्षमता विकास गर्नु ।

घ. विद्यालयहरुको भौतिक सुविधा विस्तार गर्नु ।

ङ. विद्यालय अनुगमन प्रभावकारी बनाउनु ।

च. विद्यालय प्रति समुदायको चासो बढाउनु ।

छ. कक्षा दोहोर्‍याउने दर (१-५) मा शुन्य बनाउनु ।

ज. कक्षा छोड्ने दर (१-५) मा शुन्य बनाउनु ।

झ. खुद भर्ना दर (१-५) मा १०० प्रतिशत पुर्‍याउनु ।

ञ. स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुकुल पाठ्य सामाग्री निर्माण गर्नु ।

ट. विद्यार्थीहरुको सिकाई उपलब्धि औसत ६५ प्रतिसत पुर्याउने ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| क. शिक्षक दरबन्दी मिलान कार्यदल गठन गर्ने । | क. शैक्षिक सत्र २०७८ मा दरबन्दी मिलान सम्पन्न गरिनेछ । |
| ख. कक्षा क्रियाकलापलाई प्रभावकारी र सुदृढ पार्ने तथा वार्षिक ३ प्रतिशत भन्दा बढी सिकाइ उपलब्धी वृद्धि गराउने शिक्षक र विद्यार्थीलाई पुरस्कृत गर्ने । | ख. शिक्षकलाई पुरस्कृत गर्न वार्षिक रु.२ लाख विनियोजन गर्ने । |
| ग. शिक्षक क्षमता विकासको लागि वार्षिक रु.२ लाख विनियोजन गर्ने । | ग. ३० शिक्षकका लागि पुनर्ताजकी तालिम सञ्चालन गर्ने । |
| घ. विद्यालयको आवश्यकता पहिचान गरी भौतिक निर्माण गराउने । | घ. विद्यालयको भौतिक निर्माणका लागि वार्षिक रु. ३० लाख विनियोजन गर्ने । |
| ङ. विद्यालय अनुगमनको लागि जनशक्तिको व्यवस्था गर्ने । | ङ. प्रत्येक विद्यालयको कम्तिमा महिनामा २ पटक अनुगमन गर्ने । |
| च. विद्यालय सेवा क्षेत्रका समुदायसँग अन्तरक्रिया गर्ने, विद्यालयका लागि योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गर्ने । | च. विद्यालयका उत्कृष्ट योगदानकर्ता सूचीको अभिलेख नगरपालिकामा राख्ने तथा वेवसाइट प्रकाशन गर्ने । |

| | |
|---|---|
| छ. उपचारात्मक शिक्षालाई लागु गर्ने । | छ. सिकाई उपलब्धि न्यून भएका विद्यार्थी पहिचान गरी उपचारात्मक शिक्षणमा जोड दिई उनीहरुलाई कक्षोन्नतिका लागि योग्य बनाउने । |
| प्राविधिक शिक्षाको विकास गर्ने । | स्थानीय जनताको आबस्यकता र चाहना पूरा गर्न आबस्यक पर्ने प्राविधिक शिक्षा विकास गरिनेछ । |
| नगरपालिकाका सबै वडामा कम्तीमा एक माध्यामिक विद्यालय स्थापना गर्ने । | सम्भाव्यताका आधारमा सबै वडामा माध्यामिक विद्यालय स्थापना गरिनेछ । |

## ५.३ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमीः

स्वास्थ्य मानव विकास सूचकांकको एक महत्वपूर्ण आधार हो । स्वास्थ्यलाई मानव धन पनि भनिन्छ । विकास प्रक्रियालाई अगाडि बढाउनको लागि स्वस्थ मानिसको आवश्यकता पर्दछ । मानिसलाई स्वस्थ बनाई राख्नका लागि स्वास्थ्य संस्था, स्वास्थ्य कर्मचारी, स्वास्थ्य पूर्वाधारको आबश्यकता पर्दछ । नेपालको संविधान तथा कानूनले मानिसको आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ ।

### २. प्रमुख समस्याः

क. शाखा व्यवस्थापन नहुने, महिलाहरुको समस्या सम्बोधन गर्न नसक्नु ।

ख. लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु ।

### ३. चुनौती तथा अवसरः

पर्याप्त स्वास्थ्य पूर्वाधार, स्वास्थ्यकर्मी जस्ता समस्या सम्बोधन गर्ने सोंच भएता पनि कार्यान्वयन गर्नु चुनौतिपूर्ण छ । स्थानीय सरकारलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने अधिकार हुनु, बजेट बनाउने अधिकार हुनु महत्वपूर्ण अवसार हो ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

नगरबासीको स्वास्थ्य र पोषणमा सुधार, स्मार्ट नगर विकासको आधार ।

### ४.२ लक्ष्यः

नगरबासीको स्वस्थ्य र पोषणमा सुधार गरी नगरविकामा मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने ।

### ४.३ उद्देश्यः

- स्वास्थ्य संस्थाहरुको विकास र विस्तार गर्नु ।
- निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- पोषणयुक्त खानाको बारे व्यापक रुपमा प्रचार प्रसार गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| नपा भित्रका सबै वडामा स्वास्थ्य संस्थाहरुको विकास र विस्तार गर्ने । | सबै वडामा स्वास्थ्य भवन तथा अन्य भौतिक विकास गरिनेछ ।<br>सबै स्वास्थ्य संस्थामा स्वास्थ्य कर्मचारी व्यवस्था गरिनेछ । |
| आधारभूत स्वास्थ्य सेवा असहाय गरीब जनतालाई उपलब्ध गराउने । | असहाय गरीब जनतालाई औषधी तथा अन्य स्वास्थ्य सेवा निशुल्क रुपमा उपलब्ध गराइनेछ ।<br>निम्न आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।<br>- प्रवर्द्धनात्मक स्वास्थ्य सेवा<br>- प्रतिकारात्मक स्वास्थ्य सेवा<br>- उपचारात्मक स्वास्थ्य सेवा<br>- पुनःस्थापनात्मक स्वास्थ्य सेवा<br>- प्रशात्मक स्वास्थ्य सेवा |

| | |
|---|---|
| | - मातृ नवशिशु बालबालिका मृत्युलाई शुन्य पुऱ्याइनेछ । |
| नगरबासीलाई पोषणयुक्त खानाको बारे सुसुचित गर्ने । | नगरबासीलाई स्थानीय तहमा उपलब्ध पोषणयुक्त खानाको बारे सुसुचित गरिनेछ । |
| यौन तथा प्रजनन् स्वास्थ्य सेवा उपलब्ध गराउने । | प्रजना उमेरका सबैलाई यौन तथा प्रजनन् स्वास्थ्य सेवा दिइनेछ ।<br>- पाठेघरको समस्या भएको<br>- पाठेघर खसेका का लागि विशेष<br>- असुरक्षित गर्भपतन |
| आधारभूत स्वास्थ्य सेवा उपलब्ध गर्ने । | निम्न आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।<br>- हरेक वडामा घुम्ति स्वास्थ्य शिविर<br>- ६ महिना सम्मका सुत्केरीलाई पोषण<br>- स.न.पा. ११ मा PHC/OPC |
| स्वास्थ्य उपचारको व्यवस्था गर्ने । | विपन्न नागरिक स्वास्थ्य उपचार कोषको स्थापना गरिनेछ । |

## ५.४ खानेपानी तथा सरसफाइ

**१. पृष्ठभूमीः**

सरसफाई स्वास्थ्यको रक्षा गर्ने महत्वपूर्ण विज्ञान हो यसले मानव स्वास्थ्यलाई प्रभाव पार्ने महत्वपूर्ण पक्षहरुका बारे सन्तुलित वातावरण निर्माण गर्न सिकाउँदछ । विश्व स्वास्थ्य संघका अनुसार वातावरण सरसफाई मानिसको शारीरिक विकास, स्वास्थ्य तथा जीवनयापनमा नकारात्मक असर पार्ने तत्वहरुको नियन्त्रण गर्नु हो । त्यस्ता तत्वहरुलाई आन्तरिक तथा बाह्य गरी २ भागमा विभाजन गरिन्छ । आन्तरिक तत्वहरुमा कोष, तन्तु, अंग तथा प्रणालीहरुको सम्बन्धलाई जनाउँदछ भने बाह्य वातावरणमा भौतिक आधार, जैविक आधार, सामाजिक आधार पर्दछन् । स्वस्थ्य जीवनका लागि सरसफाई अनिवार्य हुन्छ । सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन् । यी पक्षहरुको स्वस्थताका लागि शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ ।

**२. प्रमुख समस्याः**

क. शाखा व्यवस्थापन नहुने, महिलाहरुको समस्या सम्बोधन गर्न नसक्नु ।

ख. लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु ।

**३. चुनौति तथा अवसरः** सम्बोधन गर्ने सोंच भएता पनि नीति बनाउन सकेको छैन ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

४.१ **सोचः**स्वच्छ खानेपानी, सफाईयुक्त सहर, पूराहुनेछ नगरबासीको सपना स्मार्ट सहर ।

४.२ **लक्ष्यः**स्वच्छ खानेपानी समेतको सफाईयुक्त सहर निर्माण गर्ने

४.३ **उद्देश्यः**

- नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउनु ।
- सफाई युक्त हराभरा नगरपालिका निर्माण गर्नु ।

४.४ **रणनीति तथा कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| परंपरागत पानीको स्रोतलाई व्यवस्थीत गर्ने । | परंपरागत रुपमा उपयोग गरिदै आएको पानीको स्रोतलाई एकिकृत गरी व्यवस्थित रुपमा वितरण गरिनेछ |
| नयाँ पानीको स्रोतको पहिचान गरी आधुनिक प्रविधिबाट स्वच्छ खानेपानी उपलब्ध गराउने | पहिचान भएका पानी आधुनिक प्रविधिबाट संकलन गरी नगरबासीलाई उपलब्ध गराइनेछ । |

| | |
|---|---|
| ल्याण्डफिल साइटको पहिचान गरी फोहोरमैला व्यवस्थापन गर्ने । | मनव वस्तीलाई असर नगर्ने ल्याण्डफिल साइटको पहिचान गरी वैज्ञानीक विधिबाट फोहोरमैला व्यवस्थापन गरिनेछ । |

## ५.५ युवा

### १. पृष्ठभूमीः

युवा देश विकासको महत्वपूर्ण उमेर समूहको जनशक्ति हो । युवा जनशक्तिलाई उद्यमशील कार्यमा आकर्षित गर्न सकेको खण्डमा आर्थिक क्रियाकलाप बढ्न गई नगरपालिकाले चाहेको विकास गर्न सक्दछ ।

### २. प्रमुख समस्याः

**क.** युवा श्रमीकले प्रत्येक्ष रुपमा देखिने गरी प्रतिस्पर्धात्मक बजारमा पाएको ज्यालाका आधारमा स्थानीय तहमा श्रमको मुल्य पाउन नसक्नुका कारण वैदेशीक रोजगारीमा आकर्षित हुनु ।

**ख.** युवा उद्यमीले उत्पादन गरेको वस्तु तथा सेवा प्रतिस्पर्धाका आधारमा बजारमा बिक्रि गर्न नसक्नु ।

### ३. चुनौति तथा अवसरः

स्थानीय तहमा उत्पादीत वस्तु तथा सेवाको मुल्य कम हुनु, स्थानीय युवामा आबस्यक मात्रामा ज्ञान सीप नहुनु, स्थानीय तहमा आधुनिक प्रविधि उपलब्ध नहुनु आदी मुख्य चुनौति हो । यद्यपी मानिसहरुमा आफ्ने मातृभूमी प्रतिको प्रेम बढ्दै जानु, सूचना प्रविधिको माध्यमबाट स्थानीय तहमा नै नयाँ ज्ञान सीप प्रबर्द्धन हुँदै जानु, अर्गानीक वस्तु उत्पादनको त्यसको बजार विस्तार हुदै जानु आदी महत्वपूर्ण आवसर हो ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

सन्धिखर्ककायुवाहरुको रहर,सन्धिखर्क स्मार्ट सहर ।

### ४.२ लक्ष्य:

युवा वर्गलाई स्थानीय तहमै बसी उद्यमशील कार्यमा संलग्न हुन आकर्षित गर्ने ।

### ४.३ उद्देश्य:

युवाहरुलाई उद्यमशील कार्यमा आकर्षित गर्न सहजीकरण गर्नु ।

उद्योग व्यवसायका लागि नियमानुसार ऋण उपलब्ध गराउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

**तालिका नं. ५.१०**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| उद्योग तथा व्यवसायको क्षेत्र पहिचान गरी युवाहरुलाई लगानीको लागि उत्प्रेरी गर्ने । | स्थानीय तहमा सञ्चालन हुन सक्ने उद्योग तथा व्यवसायको क्षेत्रमा लाग्ने युवाहरुलाई सरल प्रकृया अवलम्वन गरी लगानीको लागि आकर्षित गरिनेछ। |
| युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था मार्फत ऋण उपलब्ध गराउने । | युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था संग आबस्यक सहजीकरण गरिनेछ । |

## ५.६ महिला

### १. पृष्ठभूमी:

नेपालमा कुल जनसंख्याको पचास प्रतिशतभन्दा बढी जनसंख्या महिला रहेका छन् । तसर्थ महिलाको सामाजिक तथा आर्थिक विकास विना देशको विकासले पूर्णता प्राप्त गर्न सक्दैन । शिक्षालाई सामान्य अर्थमा पथप्रदर्शक पनि भन्न सकिन्छ किनभने शिक्षाको अभावमा मानिसको गन्तव्य अनिश्चित प्रायः हुन्छ । नेपालको शैक्षिक स्थितिलाई हेर्ने हो भने महिलाको शिक्षा स्थिति पुरुषको तुलनामा कमजोर रहेको देखिन्छ । सामुदायिक

तथा राजनीतिक क्षेत्रमा महिलाको सहभागिता र प्रतिनिधित्व पुरुषको दाँजोमा न्यून रहेको पाइन्छ। सामाजिक सशक्तिकरणको अभाव, साँस्कृतिक, धार्मिक, पारिवारिक वञ्चितिकरणको प्रभावले महिलाहरु पिछडिएको अवस्थामा जीवनयापन गरिरहेका छन् । नेपालमा मानव विकास, लैङ्गिक विकास, गरीबी सूचकाङ्क जस्ता अधिकांश सूचकाङ्कहरु पुरुषको दाँजोमा महिलाको कम रहेको छ ।

**२. प्रमुख समस्याः**

क. शाखा व्यवस्थापन नहुने, महिलाहरुको समस्या सम्बोधन गर्न नसक्नु ।

ख. लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु ।

**३. चुनौति तथा अवसरः**

महिलाहरुको समस्या सम्बोधन गर्ने कानूनी अधिकार भएता पनि कार्यान्वयन पक्ष र सामाजिक सुधार चाहेजति हुन सकेको छैन। महिला अधिकार सम्बन्धि जनचेतनामा बृद्धि हुनु अवसर हो ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

समता मुलक समाज निर्माण सहित स्मार्ट सहर ।

**४.२ लक्ष्यः**

महिलाहरुलाई मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने ।

**४.३ उद्देश्यः**

आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक सशक्तिकरण गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

**तालिका नं. ५.१२**

| रणनीति | कार्यनीति |
|---|---|
| महिलाहरुलाइ आय आर्जनको क्षेत्रमा संलग्न गराउने । | महिला समूह निर्माण गरी वचत, रोजगारी, उद्यमशीलतामा लाग्न महिलाहरुलाई प्रोत्साहित गरिनेछ । |
| महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिलाहरुलाइ गोलबद्ध गर्ने । | सबै वडामा महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिला समूह गठन गरिनेछ । |
| महिला स्वास्थ्य सेवा उपलब्ध गराउने । | आमा समुह सुदृढीकरण १००० दिनको सञ्चालन गरिनेछ । |

परिमाणात्मक स्थिति

| क्र.सं. | लक्ष्य अनुसार गन्तव्य र सूचक | एकाइ | आ.व. २०७६।७७ को स्थिति | आ.व. २०८२।२०८३ को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला साक्षरता | | ६१% | ७५ | |
| २ | सडक वालवालिका | | ०.२% | ०.१ | |
| ३ | एकल महिला | | ३% | | |
| ४ | द्वन्दपिडित महिला | | १ % | | |

## ५.७ बालबालिका तथा किशोरकिशोरी

### १. पृष्ठभूमीः

अर्कोतर्फ बालबालिकालाई देश विकासको कर्णधारको रुपमा लिइन्छ। उनीहरुको समुचित विकास विना भावी पुस्ताले अपेक्षित विकास गर्न सक्दैन । बालबालिका भविष्यको कर्णधार भएको हुनाले उनीहरुको स्वास्थ्य, शिक्षा जस्ता पक्ष नगरपालिकाले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । यसबाट नगरपालिका भित्र असल संस्कार भएको भावी समाजको निर्माणमा सघाउ पुग्दछ ।

### २. प्रमुख समस्याः

क. वालवालिका मैत्री वातावरण निर्माण गर्न नसक्नु ।

ख. वाल अधिकार सम्बन्धि चेतना बृद्धि गर्न नसक्नु ।

**३. चुनौति तथा अवसरः**

आर्थिक विपन्नता भएको घर परिवारका वालवालिकालाई पोषणयुक्त खाना, वाल शिक्षा दिनु चुनौतिपूर्ण रहेको छ ।

सूचना तथा प्रविधिको माध्यमबाट वस्ती तह सम्म विभिन्न चेतना मुलक कार्यक्रम प्रवाह हुन थालेकोले वाल विकास केन्द्र मार्फत वालवालिका मैत्री वातावरण निर्माण गर्न र चेतना विकास गर्ने अवसर बढेको छ ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

शिक्षा र स्वास्थ्य वल अधिकार, नगरपालिकाको रहर ।

**४.२ लक्ष्यः**

वल वालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने ।

**४.३ उद्देश्यः**

बाल शिक्षा प्रदान गर्नु ।

बाल बालिकाको स्वास्थ्यमा टेवा पुऱ्याउनु ।

**४.४ रणनीति तथा कार्यनीति**

**तालिका नं. ५.१४**

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| शिशु स्याहार केन्द्र स्थापना गर्ने । | नगरपालिकाको अगुवाइमा सबै वडामा क्रमश शिशु स्याहार केन्द्र स्थापना गरिनेछ । |
| बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गर्ने । | नगरपालिकामा बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गरी नियमित रुपमा वालवालिकाको स्वास्थ्य परिक्षण गराइनेछ । |
| किशोर किशोरी विशेष कार्यक्रम सञ्चालन गर्ने । | निम्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>- सुपोषित किशोरी कार्यक्रम<br>- किशोरी शुन्य गर्भधारण कार्यक्रम<br>- बाल विवाह शुन्य कार्यक्रम<br>- सेनेटरी प्याड वितरण कार्यक्रम |
| पोषण विशेष कार्यक्रम सञ्चालन गर्ने । | निम्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>- २४ पटक तौल<br>- किशोरी आइरन<br>- गर्भवती आइरन folic acid<br>- भिटामिन ए जुकाको औषधि |

## ५.८ ज्येष्ठ नागरिक

### १. पृष्ठभूमी:

मानव मात्रको मानवोचित जीवनयापनका निम्ति कठिनाई भोगिरहेका जेष्ठ नागरिक, विधवा, अनाथ, अपाङ्ग आदिको जीवन रक्षाको निम्ति गरिने सेवाहरु, उपलव्ध गराइने सुविधाहरु समाजकल्याण अन्तर्गत पर्दछ । नेपालमा त्यस्ता मानिसहरुका निम्ति विभिन्न किसिमका सेवा सुविधा उपलव्ध गराउने व्यवस्था गरिएको छ । जेष्ठ नागरीकको जीवन यापनमा सहयोग पुर्‍याउनु स्थानीय सरकारको पनि कर्तव्य हो ।

### २. प्रमुख समस्याः

ज्येष्ठ नागरिकको स्वास्थ्य सेवाको अभाव ।

**३. चुनौति तथा अवसरः**

स्वास्थ्य सेवा उपलब्ध गराउनु हो भने यातायत सुविधा र स्वास्थ्य जनशक्ति नगरपालिका मातहत हुनु अवसर हो ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

सर्वसुलभ स्वास्थ्य सेवा, सुखी ज्येष्ठ नागरीक

**४.२ लक्ष्यः**

ज्येष्ठ नागरीकलाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने ।

**४.३ उद्देश्यः**

स्वास्थ्य सेवा उपलब्ध गराउनु ।

स्थानीय सरकारप्रति जनविश्वास बढाउनु ।

**४.४ रणनीति तथा कार्यनीति**

**तालिका नं. ५.१६**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| घुम्ती स्वास्थ्य सेवा उपलब्ध गराउने । | नगरपालिकाको स्वास्थ्य सेवा शाखाको नेतृत्वमा मासिक रुपमा सबै वडामा घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ । |
| जीवीकोपार्जन सहज बनाउने । | गरिबीको रेखामुनी रहेका ज्येष्ठ नागरिकलाई आबस्यकता अनुसार न्यूनतम सेवा उपलब्ध गराइनेछ । |

## ५.९ अपांगता भएका व्यक्तिहरु

### १. पृष्ठभूमीः

अशक्तता एक शारीरिक वा मानसिक दुर्बलता (समस्या) हो जुन व्यक्तिलाई हिंड्न, हेर्न, सुन्न, बोल्न, सिक्न, वा अन्य महत्त्वपूर्ण कुराहरू गर्न गाह्रो वा असंभव वा कठिन बनाउँछ। केही अशक्तता स्थायी हुन्छन्, वा सदाका लागि रहन्छन्। अशक्तता कोहिमा जन्मजात हुन सक्छ जुन एक व्यक्तिसँग जन्मेको थियो, वा यो बिरामी वा दुर्घटनाको नतिजा हुन सक्छ। एक अशक्तता शरीर वा दिमाग (कमजोरी) को कुनै पनि अवस्था हो जुन सर्तको साथ व्यक्तिलाई केहि निश्चित गतिविधिहरू (गतिविधि सीमा) गर्न र उनीहरूको वरिपरिको अन्तरक्रिया (सहभागिता प्रतिबन्ध) लाई अझ गाह्रो बनाउँदछ। शारीरिक अङ्गहरूको बनौटको (शरीर सञ्चालन सम्बन्धी, दृष्टि सम्बन्धी, स्वर र सुनाइ सम्बन्धी, मानसिक, मांसपेशी र स्नायु सम्बन्धी र अन्य प्रणालीका अङ्ग) कारण नियमित दिनचर्याका कार्यहरु तथा सामाजिक जीवन क्षेत्रमा (व्यक्तिको सिकाइ, दैनिक काम, सञ्चार, चलफिर, स्वयं हेरचाह, घरेलु जीवन अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रका कार्यहरू) सहभागिता जनाउन गाह्रो वा असंभव वा कठिन जीवन विताउन बाध्य मानिसलाई सहयोग पुर्‍याउनु नगरपालिकाको कर्तव्य हो ।

### २. प्रमुख समस्याः

क. अपांगता भएको व्यक्तिको समस्या आबस्यकता अनुसार सम्बोधन गर्न नसक्नु ।

### ३. चुनौति तथा अवसरः

नगरपालिका भित्र हिंड्न, उठाउन, सुन्न, वा सिक्न बनाउनु चुनौतिपूर्ण कार्य हो । नगरपालिकाले स्वतन्त्र रुपमा अपाँगता भएको व्यक्तिको जीवनयापनमा सहयोग गर्ने अधिकार हुनु ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

अपाङ्गहरूको सम्मान नगरपालिकाको सान

#### ४.२ लक्ष्यः

अपाङ्गहरूलाई आर्थिक तथा सामाजिक रुपमा सम्मानपूर्ण जीवन यापनको लागि सहयोग गर्ने ।

#### ४.३ उद्देश्यः

अपाङ्गहरूलाई आर्थिक सहयोग प्रदान गर्नु ।

अपाङ्गहरूलाई सुखको अनुभव प्रदान गर्न सामाजिक सम्मान प्रदान गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| अपाङ्गहरूको आर्थिक तथा सामाजिक जीवन यापनमा सहयोग पुर्‍याउने । | नगरपालिका भित्रका अपाङ्गहरूलाई आर्थिक सहयोग प्रदान गरिनेछ । |
| अपाङ्गहरूलाई सुखको अनुभव प्रदान गर्न सामाजिक सम्मान प्रदान गर्ने । | अपाङ्गहरूलाई विशेष कार्यक्रमहरुमा सामाजिक सम्मान प्रदान गरिनेछ । |
| अपाङ्गहरूलाई सहयोग प्रदान गर्ने । | अपाङ्गहरूलाई आबस्यकता अनुसार बैसाखी, ह्वील चेयर, छडी जस्ता भौतिक सामाग्री प्रदान गरिनेछ । |

## ५.१० खेलकुद

**१. पृष्ठभूमीः**

खेलकूद मानव स्वास्थ्यलाई स्वस्थ र तन्दुरुस्त राख्नको लागि गरिने एक महत्वपूर्ण पक्ष हो । यसले मानिसको मानसिक तथा शारीरिक स्फूर्ति बढाउन सघाउ पुऱ्याउँदछ । स्थानीय वासिन्दाहरुको स्वास्थ्य र मनोरञ्जनका लागि निश्चित क्षेत्रफलको खुल्ला जमीन स्थानीयस्तरमा हुन आवश्यक पर्दछ । विश्व खाद्य संगठनले निर्धारण गरेको स्तर (FAO Standard) अनुसार प्रति एक हजार जनसंख्याको लागि ०.५ देखि ३ हेक्टर सम्म खुल्ला जमीन आवश्यक पर्दछ ।

अनविज्ञ, विपन्न, विभेदित ग्रामीण महिलाहरुको विशेष अवस्थालाई ध्यानमा राखेर विकासका आय अवसरमा पहुंच स्थापना गर्ने ।

**२. प्रमुख समस्याः**

क. स्तरीय खेल मैदानको अभाव ।

ख. खेल प्रति युवा वर्गको आकर्षण नहुनु ।

### ३. चुनौति तथा अवसर

खेलकुदमा संलग्न युवा युवतीको भविस्यको सुनिश्चितता गर्नु ।

खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

प्रतिस्पर्धात्मक खेलकुदको विकास, स्वस्थ नागरिकको पूर्वाधार

#### ४.२ लक्ष्यः

युवा वर्गलाई खेल प्रति आकर्षीत गरी नगरपालिकाको साख बृद्धि गर्ने ।

#### ४.३ उद्देश्यः

खेलकुदबाट स्वस्थ नागरिक बनाउनु ।

अनुशासीत समाज निर्माण गर्नु ।

#### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| प्रत्येक वडामा खेल मैदान निर्माण गर्ने | स्थानीय युवाहरुको सहभागीतामा प्रत्येक वडामा खेल मैदान निर्माढा गरिनेछ । |
| उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने । | नगरपालिकाबाट अन्य तहको खेलकुदमा पुरस्कृत युवालाई एकमुष्ट रकम दिई पुरस्कृत गरिनेछ । |
| खेल प्रशिक्षक उत्पादन तथा आपूर्ति गर्ने । | खेल प्रशिक्षक उत्पादन गरी माध्यामिक तथा उच्च माध्यामिक विद्यालयमा खेल प्रशिक्षक तालिका अनुसार उपलब्ध गराइनेछ । |

# परिच्छेद ६

# पूर्वाधार क्षेत्र

मानिसको सामाजिक तथा आर्थिक जीवनयापन प्रकृयालाई सरल रुपमा सञ्चालन गर्नका लागि साथै औद्योगीक विकास प्रकृयालाई सरल रुपमा गती प्रदान गर्नका लागि भौतिक पूर्वाधार तथा सार्वजनिक क्षेत्रको महत्वपूर्ण स्थान रहेको हुन्छ। यस अन्तर्गत सडक, टेलिफोन, बिजुली, खानेपानी, ढल आदी पर्दछन् । व्यक्ति विशेशले यस्ता भौतिक तथा सार्वजनिक क्षेत्रको विकास गर्न कठिन हुने भएको र त्यसको उपभोग समग्रतामा हुने भएकोले कुनै पनि तहको सरकार ती क्षेत्रहरुको विकासका लागि जिम्मेवार हुन्छन् ।

## ६.१ ऊर्जा

विद्युत त्यस्तो उर्जा शक्ति हो जसलाई उत्पादन तथा उपभोगका अधिकांश क्षेत्रमा सरल रुपमा प्रयोग गर्न सकिन्छ। विद्युत विकासको एक अभिन्न अंग बनि सकेको छ ।वर्तमान समयमा विद्युतको प्रयोगको आधारमा विकास स्थिति मापन गर्न थालीएको छ । तसर्थ ग्रामीण तथा शहरी क्षेत्रमा आर्थिक, सामाजिक, शैक्षिक आदि क्षेत्रको विकासका लागि विद्युतीकरण गरिएको हुन्छ ।

### ६.१.१.जलविद्युत

कार्यालयको नाम: अर्घाखाँची वितरण केन्द्र, नेपाल विद्युत प्राधिकरण

**१. पृष्ठभूमी**

सन्धिखर्क न.पा. अर्न्तगत प्राय सबै स्थानमा विद्युतिकरण सम्पन्न भएको छ। विद्युत सेवा 132/33 kv सव स्टेशन संचालन गर्ने, पूर्व विद्युतिकरण गर्ने, विद्युतको गुणस्तरमा सुधार गर्ने जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ ।

**२. प्रमुख समस्या:**

➢ विद्युतको आपूर्ति गुणस्तरिय हुन नसक्नु मुख्य समस्या हो ।

**३. चुनौति तथा अवसर:**

➢ मुख्य चुनौती विद्युतको गुणस्तर र Reliability मा सुधार गर्ने साथै भरपर्दो विद्युत सेवा उपलब्ध गराउने ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिः

### ४.१ सोचः

गुणस्तरिय नियमीत विद्युत सेवा प्रवाह, नगरवासीको आग्रह ।

### ४.२ लक्ष्यः

पूर्व विद्युतिकरण, सव स्टेशन संचालन गर्ने ।

### ४.३ उद्देश्यः

विद्युत सेवा सबै उपभोक्तामा सर्वसुलभ रुपमा उपलब्ध गराउनु ।

गुणस्तरिय विद्युत सेवा उपलब्ध गराउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| Electrification, Voltage improvement | Lt wire extension (एल.टी. लाइन विस्तार) |
| | एच.टी. लाइन निर्माण, ट्रान्सफर्मर जडान |
| विद्युत खपत बृद्धि गर्ने । | उद्योग तथा व्यवसाय क्षेत्रमा विद्युतको विकास र विस्तार गरी विद्युत खपत बृद्धि गरिनेछ । |

परिमाणात्मक स्थिति

| क्र.सं. | लक्ष्य अनुसार गन्तव्य र सूचक | एकाइ | न.पा.को आ.व. २०७६।७७ को स्थिति | न.पा.को आ.व. २०८२।२०८३ को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| | विद्युतिकरण | % | ९५% | १००% | पूर्ण विद्युतिकरण गर्ने |

## ६.२ यातायात पूर्वाधार

### ६.२.१.सडक

**कार्यालयको नामः सडक पूर्वाधार विकास कार्यालय**

### १. पृष्ठभूमी

सडक भनेको यान्त्रीक साधनहरु गुड्ने बाटो हो जसमा ती साधनहरु मानिस वा अन्य बस्तु बोकी चालकको सहायताले एक ठाउँ बाट अर्को ठाउँमा पुग्दछन् । यातायात भन्नाले सडकमा गुड्ने यान्त्रिक साधनहरु जस्तै बस, ट्रक, कार, मोटरसाइकल आदि भन्ने बुझिन्छ । तसर्थ सडक र यातायात बीच अन्योन्याश्रित परिपूरक सम्बन्ध रहेको हुन्छ । अर्थात सडक नभएको यान्त्रिक गाडी र गाडी नभएको सडकको कुनै अर्थ रहदैन । सडक विकासको पूर्वाधारहरुमध्ये एक महत्वपूर्ण सार्वजनिक पूर्वाधार हो । सार्वजनिक क्षेत्रले पूँजीलाई स्थिर जेथामा परिवर्तन गऱ्यो भने त्यसलाई पूर्वाधार भनिन्छ। सडकको निर्माणबाट एक ठाउँको मानिस वा बस्तु अर्को ठाउँमा पुग्न वा पुऱ्याउनको लागि सहयोग पुग्नुको साथै तुलनात्मकरुपमा यातायात खर्च कम हुन्छ । सामान्यतया सडकलाई कालोपत्रे, ग्राभेल र कच्ची गरी तीन भागमा विभाजन गरिएको हुन्छ । कालोपत्रे तथा ग्राभेल सडकमा बाह्रै महिना यातायातका साधन सञ्चालन गर्न सकिने हुन्छ भने कच्ची सडकमा त्यस्तो सुविधा उपलब्ध नहुन सक्दछ । नेपालमा यस्ता सडकहरुलाई उपभोगको दृष्टिले कृषि सडक, ग्रामीण सडक तथा राजमार्ग गरी विभाजन गरिएको छ । सन्धिखर्क नगरपालिकाको सबै वडाहरु सडक यातायातले जोडि सकेको छ । सडक घनत्वलाई दुई प्रकारबाट गणना गर्न सकिन्छ । ती हुन् :

$$\text{क्षेत्रफलको आधारमा} = \frac{\text{कुल सडक लम्बाई}}{\text{कुल क्षेत्रफल - वनजंगल क्षेत्र}}$$

$$\text{जनसंख्याको आधारमा} = \frac{\text{कुल सडक लम्बाई}}{\text{कुल जनसंख्या / १०००}}$$

## २. प्रमुख समस्या

सामान्यतया प्रत्येक मानिस आफू बसेको स्थानबाट अर्को स्थानमा पुग्नको लागि यातायात सुविधा चाहन्छन् । यद्यपि विकासको तह अनुसार यसको आवश्यकतालाई मापन गर्ने गरिन्छ । स्थानीय क्षेत्रको जनतालाई यातायातको आवश्यकता कति छ भन्ने कुरा विश्लेषण गर्नाको लागि औसत रुपमा कुनै निश्चित स्थानमा बसोबास गर्ने मानिसलाई सडक यातायातसम्म पुग्नाको लागि कति समय लाग्दछ भन्ने आधारमा मापन गरिन्छ ।

## ३. चुनौति तथा अवसर

सन्धिखर्क नगरपालिकाको धेरैजसो भूभाग पहाडले ढाकेको हुनाले सबै ठाउँमा सडक पुर्‍याउन प्राविधिक, आर्थिक, वित्तिय, प्रशासनीक दृष्टिले चुनौतिपूर्ण छ ।

विद्यमान संविधान, कानून अनुसार स्थानीय सरकारलाई धेरै अधिकार भएको हुँदा नगरपालिका स्वयंको पहलमा लागत लाभको आधारमा सडक बाटो निर्माण गर्न सकिने अवसर छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

दिगो र भरपर्दो सडक पूर्वाधार, नगरपालिकाको आर्थिक तथा सामाजिक विकासको आधार ।

### ४.२ लक्ष्यः

आर्थिक तथा सामाजिक विकासमा सघाउ पुग्ने सबै स्थानमा दिगो सडक बाटो निर्माण गर्ने ।

### ४.३ उद्देश्यः

- आर्थिक कृयाकलापलाई बढावा दिने स्थानमा सडक बाटो निर्माण गर्नु ।
- शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी बनाउन घना वस्ती भएको ठाउँमा व्यवस्थीत सडक निर्माण गर्नु ।

- सहरी क्षेत्रमा सडक मापदण्डका आधारमा सडक निर्माण गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| कृषि तथा गैर कृषि उद्योग व्यवसाय सञ्चालन भएको स्थानमा सडक निर्माण गर्ने । | लागत लाभको आधारमा फाइदा देखिने स्थानमा आर्थिक कृयाकलापलाई बढावा दिन सडक निर्माण गरिनेछ । |
| मानव वस्ती भएको स्थानमा व्यवस्थित रुपमा सडक सञ्जाल जोड्ने । | शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी हुने स्थानलाई सडक सञ्जालले जोडिनेछ । |
| निश्चित मापदण्डका आधारमा सडक निर्माण गर्ने । | सडक मापदण्ड पूरा भएको ठाउँमा मात्र सडक निर्माण गरिनेछ । |

**परिमाणात्मक स्थिति**

| क्र.सं. | लक्ष्य अनुसार गन्तव्य र सूचक | एकाइ | न.पा.को आ.व. २०७६।७७ को स्थिति | न.पा.को आ.व. २०८२।२०८३ को लक्ष्य | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| | पिच | | ३० कि.मी. | ५० कि.मी. | |
| | ग्राभेल | | १२० कि.मी. | १३० कि.मी. | |
| | नयाँ ट्र्याक (कच्चिच) | | ० कि.मी. | १० कि.मी. | |
| | सडक पूल | | ० वटा | ५ वटा | |
| | | | | | |

## ६.२.२ केबल कार, रज्जुमार्ग तथा अन्य यातायात

## ६.२.३ यातायात व्यवस्थापन

### १. पृष्ठभूमी

सडक निर्माण भएपछि सो स्थानबाट यातायातका साधनहरु जस्तैः बस, ट्रक, कार, जीप, मोटरसाइकल, टेम्पो, बयलगाडा, साइकल आदि सञ्चालन गरिन्छ । नगरपालिकाभित्र ती मध्ये कुन साधन के कति मात्रामा कुन कुन क्षेत्रमा सञ्चालन गर्न सकिन्छ भन्ने कुराले यातायात सुविधा स्थितिलाई बुझाउँदछ ।

### २. प्रमुख समस्या

सडक पुगेको नगरपालिकाको सबै स्थानमा नियमी रुपमा यातायात सञ्चालन हुन सकेको छैन ।

### ३. चुनौति तथा अवसर

नगरपालिका भित्र यातायात व्यवसायीहरु यातायात सञ्चालन गर्न आकर्षित नहुनु मुख्य चुनौति भएको देखिन्छ । सहरीकरण बढ्दै गएको हुनाले नगरपालिका भित्र यातायता सञ्चालन गर्न सकिने प्रचुर सम्भावना छ ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**४.१ सोचः**

नियमित सर्वसुलभ यातायात सेवा, नगरबासीको आर्थिक तथा सामाजिक विकासमा टेवा ।

**४.२ लक्ष्यः**

नियमीत तथा सर्वसुलभ रुपमा यातायात सेवा सञ्चालन गर्ने ।

**४.३ उद्देश्यः**

- नगर भित्र यातायात सेवा सञ्चालन गर्नु ।
- स्थानीय यातायात व्यवसायीलाई यातायात सेवा सञ्चालन गर्न आकर्षित गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

**तलिका नं. ६.६**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| सबै वडाहरुबीच अन्तरयातायात सञ्जाल विकास गर्ने । | वडाहरुबीच सम्भावित यातायात सेवा विकास गरिनेछ । |
| बसपार्कलाई व्यवस्थित गर्ने । | लामो र छोटो दुरीको सवारी साधन पार्कको व्यवस्था गरिनेछ । |
| | |

## ६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

कुनै एक ठाउँमा भएको सूचना अर्को ठाउँमा पुऱ्याउनका लागि प्रयोग गरिने विभिन्न तरीका वा माध्यमहरु जस्तैः टेलिफोन, हुलाक, रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट आदि सञ्चार प्रणाली अन्तर्गत पर्दछन् । यी माध्यमहरुको सहायताले छिटो र भरपर्दो रुपमा सूचनाहरुको आदानप्रदान गरी कार्यादिशलाई कार्यान्वयन गर्न, नवीनतम ज्ञान, सीप प्राप्त गर्न सकिन्छ । तसर्थ यसले सूचनाको माध्यमबाट सामाजिक तथा आर्थिक विकासका विकासका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

आधुनिक सञ्चार जगतमा द्रुत सूचना आदान प्रदानका लागि एक महत्वपूर्ण माध्यमको रुपमा स्थापित भएको छ । यसले प्रत्येक मानिसलाई आवश्यक परेको समयमा तत्काल एकबाट अर्कोमा सूचना पुऱ्याउन सक्दछ ।

**तालिका नं.६.८ सञ्चार सम्वन्धी विवरण**

| **क्र.सं.** | **सञ्चारको किसिम** | **जम्मा** |
|---|---|---|
| १ | PSTN टेलिफोन लाईन संचालनमा रहेको | |
| २ | पोष्टपेड मोबाईल संचालनमा रहेको | |
| ३ | प्रिपेड मोबाईल संचालनमा रहेको | |
| ४ | पोष्टपेड सि.डि.एम.ए. संचालनमा रहेको | |

| | | |
|---|---|---|
| ५ | प्रिपेड सि.डि.एम.ए संचालनमा रहेको | |
| ६ | स्काई रिम संचालनमा रहेको | |
| ७ | Adsl संचालनमा रहेको | |
| | **जम्मा** | |
| *स्रोत : नेपाल टेलिकम, सन्धिखर्क* | | |

**कार्यालयको नामः सूचना प्रविधि शाखा**

**१. पृष्ठभूमीः**

कार्यलयलाइ सूचना प्रविधिमैत्री बनाउने कार्य सूचना प्रविधि शाखाले गर्दछ। कार्यालयलाई प्रविधिमैत्री बनाउने कार्य भईराखेको छ।

**२. प्रमुख समस्याः**

सूचना प्रविधिको कार्यको क्षेत्रमा बजेटको कमि, केन्द्र, प्रदेश र स्थानीय तहबीच सूचना आदान प्रदानमा एकद्वारा प्रणाली नहुनु।

**३. चुनौतिः** सूचना प्रविधिको क्षेत्रमा बजेटको कमी हुंदा भनेजति काम गर्न नसक्नु।

**अवसरः** सूचना प्रविधि युक्त पालिका निर्माण गर्ने।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

सूचना प्रविधि युक्त सहर, नगरबासीको रहर।

**४.२ लक्ष्यः**

नगरपालिका भित्र सूचना प्रविधिको विकास र विस्तार गर्ने।

**४.३ उद्देश्यः**

सूचना सञ्जालको विकास गर्नु ।

प्रविधि युक्त पालिका निर्माण गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

**तलिका नं. ६.९**

| रणनीति | कार्यनीति |
|---|---|
| पालिकाका गतिविधिहरु वेवसाइटमा प्रकाशन गर्ने । | सम्पूर्ण पालिकाका गतिविधिहरु/सूचनाहरुलाई वेवसाइटमा राखिनेछ । |
| सूचनाहरुको सम्प्रेषण अनलाइन मार्फत गर्ने । | सूचनाहरु पलिकाको मेल मार्फत सम्प्रेषण गरिनेछ । |
| पालिकाको काम कारवाही सूचना प्रविधि मार्फत गर्ने । | पालिकाबाट हुने काम कारवाही सूचना प्रविधिको प्रयोग बाट गर्ने गरेको । त्यसको लागि राजस्व, योजना, अर्थ सफ्टवेयर मार्फत गर्ने गरेको । बाँकी रहेका कामहरुको लागि सफ्टवेयरको प्रयोग गराउदै लगिनेछ । |

**परिमाणात्मक स्थिति**

| क्र.सं. | लक्ष्य अनुसार गन्तव्य र सूचक | एकाइ | न.पा.को आ.व. २०७६।७७ को स्थिति | न.पा.को आ.व. २०८२।२०८३ को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | पालिकाका गतिविधि वेवसाइटमा | प्रतिशत | १०० | १०० | |
| २ | सूचनाहरुको सम्प्रेषण अनलाइन | प्रतिशत | १०० | १०० | |
| ३ | पालिकाको काम कारवाही सूचना प्रविधि मार्फत | प्रतिशत | ६० | १०० | |

## ६.४ शहरी तथा वस्ती विकास

### १. पृष्ठभूमी

शहरी विकास गर्नु नगरपालिकाको महत्वपूर्ण काम हो । शहरमा भवन तथा अन्य ठूला संरचना बन्ने हुनाले योजनाबद्ध रुपमा ती संरचनाहरुको निर्माण गर्नु पर्दछ । यसमा वातावरण, विपद व्यवस्थापन, सुन्दरता जस्ता विषय व्यवस्थीत हुनु पर्दछ ।

### २. प्रमुख समस्या

श्हरमा हुनु पर्ने आबस्यक संरचना निर्माण हुन नसक्नु, सरकारी निकाय बीच पूर्वाधार निर्माणमा समन्वय हुन नसक्नु, पर्याप्त अध्ययन विना संरचना निर्माण गरिनु जस्ता विषय शहरी विकासका प्रमुख समस्या हुन् ।

### ३. चुनौति तथा अवसर

संरचना निर्माणमा आबस्यक समन्वय कायम गरी राजनीतिक सहमती जुटाउनु चुनौतिपूर्ण रहेको छ ।

सहरीकरण बढ्दै गएको हुनाले नगरपालिका भित्र जनचेतनाको विकास भएको हुँदा नागरीक समाजबाट नै सहरको संरचना बारे व्यापक जिज्ञासा बढ्न सुन्दर सहर निर्माण गर्ने अवसर हो ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

सन्दर सहर, सन्धिखर्कको रहर ।

#### ४.२ लक्ष्यः

सुन्दर व्यवस्थित सहर निर्माण गरी पर्यटक आकर्षणको केन्द्र बनाउने ।

#### ४.३ उद्देश्यः

- मुख्य सहर भित्रको बाटाको चौडाईको मापदण्ड निर्धारण गरी खानेपानी, ढल, विजुली लगायतका संरचना एकिकृत रुपमा निर्माण गर्नु ।
- नीजी घर, सार्वजनीक संस्था तथा अन्य भवन निर्माण मापदण्ड अनुसार बनाउन कडाई गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

**तलिका नं. ६.११**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| सहर भित्र आबस्यक भौतिक पूर्वाधार निर्माण गर्ने । | सहरी क्षेत्र भित्र विन्दु निर्धारण गरी त्यसको निश्चित क्षेत्र भित्र भवन, पार्क आदि निर्माण गरिनेछ । |
| प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र विकास गर्ने । | प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र निर्धारण गरिनेछ । |
| नमूना पार्क निर्माण गर्ने । | नगरको मुख्य सहर भित्र हरियाली पार्क निर्माण गरिनेछ । |

# परिच्छेद ७

## लोकतन्त्र र सुशासन

लोकतन्त्र र सुशासन स्थानीय विकासका लागि महत्वपूर्ण मानिन्छ । यसलाई स्थानीय सरकारको कार्यप्रणालीको मुख्य आधार स्तम्भको रुपमा लिइन्छ । वास्तवमा स्थानीय सरकारलाई Grass Root of Democracy पनि भनिन्छ र यसले स्थानीय जनताको आबस्यकता र चाहना अनुसार सेवा प्रवाह र विकासको काम गर्नु पर्दछ । स्थानीय सरकारले मानिसको जन्म देखि मृत्यु सम्म आइपर्ने काम गर्नु पर्दछ । स्थानीय सरकारको संस्थागत विकास विना यो कार्य गर्न कठिन हुन्छ । संस्थागत विकासमा अविछिन्न रुपमा गरिने राजनीतिक, आर्थिक र प्रशासनीक लगायतका कामहरु पर्दछन् । लोकतन्त्र र सुशासन भएमा यी कामहरु जनसहभागीताका आधारमा दक्ष र प्रभावकारी रुपमा सम्पन्न गर्न सकिन्छ । यही मान्यतालाई ध्यानमा राखी यो आवधिक योजनामा संस्थागत विकास योजनालाई योजना कार्यान्वयनको महत्वपूर्ण आधारको रुपमा लिइएको छ । यो एक रणनीतिक योजना हो यसको मुख्य उद्देश्य संस्थाको परिकल्पना अनुसारको सोच हासील गनु रहेको हुन्छ । यसका लागि नगरपालिकाको क्षमता विकास (Capacity Building) र कार्य सम्पादन (Performance)योजना बनाउन आबस्यक हुन्छ । क्षमता विकास मापन गर्न संस्थाको संस्थागत विकास, सांगठनीक विकास, मानव संसाधन विकास, सूचना प्रविधिको विकास स्थितिलाई आधार मानिन्छ भने कार्य सम्पादन उपलब्धी वा प्रप्ति संग जोडिएको कुरा हो जसको मापन विषयगत र वस्तुगत आधारमा गरिन्छ । विषयगतमा अन्य संबन्धित संस्थाहरु (Vertical and Horizontal Organization)संग नगरपालिकाको संबन्ध स्थिति पर्दछ भने बस्तुगतमा नगरपालिकाले जनतालाई दिने सेवा पर्दछ । संस्थागत विकास भनेको कम खर्चिलो र कम समयमा लक्षित परिणाम निकाल्ने गरी संस्था सञ्चालनको विधि, प्रकृया र सरसुबिधा भएको स्थिति हो ।

## ७.१ राष्ट्रिय एकता

**१. पृष्ठभूमीः**

विविधतामा एकरुपता, नेपालको राष्ट्रिय एकत । नेपाल एक वहुभाषीक, वहुधार्मिक, वहुजातीय विविधतायुक्त मुलुक भएको हुनाले मानिसहरुका आफ्‌ना यी विविधताको सम्बोधन गर्न स्थानीय सरकारको महत्वपूर्ण स्थान रहेको हुन्छ ।

**२. प्रमुख समस्याः**

धार्मिक, जातिय, साम्प्रदायीक विभेद उत्पन्न गराई समाजमा अविस्वासको वातावरण निर्माण हुन सक्ने सम्भावना हुन्छ ।

**३. चुनौति तथा अवसरः**

सम्पूर्ण धार्मिक, जातिय, सम्प्रदायका मानिसलाई सहकारिता, सहअस्तित्व, समन्वयको आधारमा राष्ट्रिय एकताको वातावरण निर्माण गर्नु चुनौतिपूर्ण रहेकोछ ।

नेपालको संविधानले राज्यशक्तिको अधिकार संघ, प्रदेश र स्थानीय सरकारले प्रयोग गर्ने गरी स्पष्ट संग विभाजन गरेकोले समुदाय देखि नै राष्ट्रिय भावनाको विकास गर्ने अवसर प्राप्त भएको ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

नगरबासीमा राष्ट्रिय भावनाको निर्माण

**४.२ लक्ष्यः**

नगरबासीको राष्ट्रिय भावना नगरको आर्थिक, सामाजिक, सांस्कृतिक विकास संग आबद्ध गर्ने ।

**४.३ उद्देश्यः**

विविध जात, धर्म, लिंगका मानिसको राष्ट्रिय भावना विकास गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| सभ्य समाज निर्माण गर्न नगरबासीलाई उत्प्रेरीत गर्ने । | नगरबासीमा सूचना प्रविधिको विविध माध्यमबाट राष्ट्रिय भावनाको विकास गर्न उत्प्रेरीत गरिनेछ ।<br>विभिन्न धार्मिक स्थलहरुको संरक्षण तथा प्रबर्धन गरिनेछ । |
| समाजमा द्वेष र अन्तरद्वन्द फैलाउनेहरुलाई कानूनको दायरामा ल्याउने । | नगरभित्र मेलमिलाप र समन्वय हुने कार्यक्रम सञ्चालन गरिनेछ । |

## ७.२ सुरक्षा

### १. पृष्ठभूमीः

नगरबासीको शान्ती सुरक्षा र विश्वसनीय वातावरण लोकतन्त्र र सुशासनको पूर्वशर्त हो। यस सम्बन्धमा सरकारको मुख्य काम स्थानीय जनतलाई सर्वसुलभ सेवा प्रदान गर्ने र कानूनको परिपालना गराउनु हो । त्यसैले नगरपालिकाको नीति, नियमको कार्यान्वयन, नगरपालिकाको सम्पत्तिको सुरक्षा लगायत काम गर्न नगर प्रहरी आबस्यकता अनुसार राख्न सकिन्छ ।

### २. प्रमुख समस्याः

नगरको शान्ती सुरक्षालाई टोल, वस्ती, समुदाय सम्म पुर्‍याउन नसक्नु, सबै समुदायमा सर्वे भवन्तु सुखीनको भावना जागृत गर्न नसक्नु आदी ।

### ३. चुनौति तथा अवसरः

राजनीतिक, जातीय आदी जस्ता सवालमा सन्तुलित वातावरण निर्माण गर्नु चुनौतिपूर्ण रहेकोछ ।

नेपालको संविधानले सबै जात, धर्म, समुदायका मानिसलाई पूर्ण स्वतन्त्राताको अधिकार प्रदान गरेको, मानिसमा स्वतन्त्रताको उपभोग गर्ने बानीको विकास हुँदै जानु र नगरपालिकाको भौतिक तथा योजना कार्यान्वयनमा देखिने सुरक्षात्मक समस्या समाधान गर्न नगरप्रहरी राख्न पाउने अधिकार महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच:

स्वतन्त्र, सुरक्षीत नगर, नगरबासीको विकासको अवसर

### ४.२ लक्ष्य:

नगरबासीको राष्ट्रिय भावना नगरको आर्थिक, सामाजिक, सांस्कृतिक विकास संग आबद्ध गर्ने ।

### ४.३ उद्देश्य:

विविध जात, धर्म, लिंगका मानिसको राष्ट्रिय भावना विकास गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

**तलिका नं. ७.२**

| रणनीति | कार्यनीति |
|---|---|
| सभ्य समाज निर्माण गर्न नगरबासीलाई उत्प्रेरीत गर्ने । | नगरबासीमा सूचना प्रविधिको विविध माध्यमबाट राष्ट्रिय भावनाको विकास गर्न उत्प्रेरीत गरिनेछ ।<br>विभिन्न धार्मिक स्थलहरुको संरक्षण तथा प्रवर्धन गरिनेछ |
| समाजमा द्वेष र अन्तरद्वन्द फैलाउनेहरुलाई कानूनको दायरामा ल्याउने । | नगरभित्र मेलमिलाप र समन्वय हुने कार्यक्रम सञ्चालन गरिनेछ । |

## ७.३ शान्ति र सुव्यवस्था

### १. पृष्ठभूमी:

नगरपालिकामा शान्ति र सुव्यवस्था कायम नभएमा विकास अभियानले गती लिन सक्दैन ।

### २. प्रमुख समस्याः

नगर

### ३. चुनौति तथा अवसरः

राजनीतिक तथा सामाजिका स्थायीत्व कायम राखी राख्नु नगरपालिकाको लागि महत्वपूर्ण चुनौति हो। विद्यमान गरिबी र अशिक्षालाई जित्नु पनि शान्ति तथा सुव्यवस्था कायम राख्न चुनौतिपूर्ण रहन गएको छ।

स्थानीय सरकार संविधानबाट बनेको र स्थायी सरकार हुने संवैधानिक तथा कानूनी व्यवस्था भएकोले स्थानीय तहको शान्ति र सुव्यवस्था कायम राख्ने महत्वपूर्ण अवसर हुन गएको छ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोचः

शान्ति र सुव्यवस्थित सहर, नगरबासीको रहर

#### ४.२ लक्ष्यः

नगरपालिकालाई शान्तिपूर्ण र सुव्यवस्थित सहर बनाइनेछ।

#### ४.३ उद्देश्यः

नगरबासी भातृत्व विकास गरी शान्ति तथा मैत्रीपूर्ण वातावरण निर्माण गर्नु।

नगरपालिका भित्रको घर जग्गा धनीसंग समन्वय गरी सुव्यवस्थित सहर निर्माण गर्नु।

#### ४.४ रणनीति तथा कार्यनीति

**तलिका नं. ७.३**

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| नगरबासीलाई विभिन्न धार्मीक, सामाजिक सांस्कृतिक विषयमा वोध गराई शान्ति तथा मैत्रीपूर्ण वातावरण बनाउन उत्प्रेरीत गर्ने । | नगरबासीलाई विभिन्न स्थानको अवलोकन भ्रमण गराइनेछ । नगरपालिका भित्रका धार्मीक, सामाजिक सांस्कृतिक पक्षको संरक्षण र सम्वर्धन गरिनेछ । |
| नगरपालिकाले सुव्यवस्थित सहर निर्माण गर्न सहजीकरण गर्ने । | सबै वडाका टोलहरुमा स्थानीय जनताको आबस्यकता र चाहना अनुसार सुव्यवस्थित सहर निर्माढा गरिनेछ । |

## ७.४ नेतृत्व निर्माण

### १. पृष्ठभूमीः

मनिसको चेतनाको विकास संगै स्थानीय जनताले अधिकारको माग गर्न थालेपछि विकेन्द्रीकरण सिद्धान्तको विकास भएको हो । राज्य शक्तिको अधिकार स्थानीय तहमा हस्तान्तरण भए संगै त्यसको कार्यान्वयनको लागि सवल नेतृत्वको आबस्यकता पर्दछ । नेतृत्वको निर्माण एकै दिनमा हुने विषय होइन । नेपालमा भएका विभिन्न आन्दोलनहरुले मानिसको आबस्यकता र चाहना बढ्दै गएको छ । नगरबासीको शान्ती सुरक्षा र विश्वसनीय वातावरण लोकतन्त्र र सुशासनको पूर्वशर्त हो । यस सम्बन्धमा सरकारको मुख्य काम स्थानीय जनतलाई सर्वसुलभ सेवा प्रदान गर्ने र कानूनको परिपालना गराउनु हो । त्यसैले नगरपालिकाको नीति, नियमको कार्यान्वयन, नगरपालिकाको सम्पत्तिको सुरक्षा लगायत काम गर्न नगरप्रहरी आबस्यकता अनुसार राख्न सकिन्छ ।

### २. प्रमुख समस्याः

नगरको शान्ती सुरक्षालाई टोल, वस्ती, समुदाय सम्म पुर्‍याउन नसक्नु, सबै समुदायमा सर्वे भवन्तु सुखीनको भावना जागृत गर्न नसक्नु आदी ।

### ३. चुनौति तथा अवसरः

राजनीतिक, जातीय आदी जस्ता सवालमा सन्तुलित वातावरण निर्माण गर्नु चुनौतिपूर्ण रहेको छ ।

नेपालको संविधानले सबै जात, धर्म, समुदायका मानिसलाई पूर्ण स्वतन्त्राताको अधिकार प्रदान गरेको, मानिसमा स्वतन्त्रताको उपभोग गर्ने बानीको विकास हुँदै जानु र नगरपालिकाको भौतिक तथा योजना कार्यान्वयनमा देखिने सुरक्षात्मक समस्या समाधान गर्न नगरप्रहरी राख्न पाउने अधिकार महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

स्वतन्त्र, सुरक्षीत नगर, नगरबासीको विकासको अवसर

### ४.२ लक्ष्यः

नगरबासीको राष्ट्रिय भावना नगरको आर्थिक, सामाजिक, सांस्कृतिक विकास संग आबद्ध गर्ने ।

### ४.३ उद्देश्यः

विविध जात, धर्म, लिंगका मानिसको राष्ट्रिय भावना विकास गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

**तलिका नं. ७.४**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| सभ्य समाज निर्माण गर्न नगरबासीलाई उत्प्रेरीत गर्ने । | नगरबासीमा सूचना प्रविधिको विविध माध्यमबाट राष्ट्रिय भावनाको विकास गर्न उत्प्रेरीत गरिनेछ ।<br>विभिन्न धार्मिक स्थलहरुको संरक्षण तथा प्रबर्धन गरिनेछ । |
| समाजमा द्वेष र अन्तरद्वन्द फैलाउनेहरुलाई कानूनको दायरामा ल्याउने । | नगरभित्र मेलमिलाप र समन्वय हुने कार्यक्रम सञ्चालन गरिनेछ । |

## ७.३ शान्ति र सुव्यवस्था

**१. पृष्ठभूमीः**

नगरपालिकामा शान्ति र सुव्यवस्था कायम नभएमा विकास अभियानले गती लिन सक्दैन ।

**२. प्रमुख समस्याः**

नगर

**३. चुनौति तथा अवसरः**

राजनीतिक तथा सामाजिका स्थायीत्व कायम राखी राख्नु नगरपालिकाको लागि महत्वपूर्ण चुनौति हो । विद्यमान गरिबी र अशिक्षालाई जित्नु पनि शान्ति तथा सुव्यवस्था कायम राख्न चुनौतिपूर्ण रहन गएको छ ।

स्थानीय सरकार संविधानबाट बनेको र स्थायी सरकार हुने संवैधानिक तथा कानूनी व्यवस्था भएकोले स्थानीय तहको शान्ति र सुव्यवस्था कायम राख्ने महत्वपूर्ण अवसर हुन गएको छ ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

शान्ति र सुव्यवस्थित सहर, नगरबासीको रहर

**४.२ लक्ष्यः**

नगरपालिकालाई शान्तिपूर्ण र सुव्यवस्थित सहर बनाइनेछ ।

**४.३ उद्देश्यः**

नगरबासी भातृत्व विकास गरी शान्ति तथा मैत्रीपूर्ण वातावरण निर्माण गर्नु ।

नगरपालिका भित्रको घर जग्गा धनीसंग समन्वय गरी सुव्यवस्थित सहर निर्माण गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

**तलिका नं. ७.५**

| रणनीति | कार्यनीति |
|---|---|
| नगरबासीलाई विभिन्न धार्मीक, सामाजिक सांस्कृतिक विषयमा वोध गराई शान्ति तथा मैत्रीपूर्ण वातावरण बनाउन उत्प्रेरीत गर्ने । | नगरबासीलाई विभिन्न स्थानको अवलोकन भ्रमण गराइनेछ । नगरपालिका भित्रका धार्मीक, सामाजिक सांस्कृतिक पक्षको संरक्षण र सम्वर्धन गरिनेछ । |
| नगरपालिकाले सुव्यवस्थित सहर निर्माण गर्न सहजीकरण गर्ने । | सबै वडाका टोलहरुमा स्थानीय जनताको आबस्यकता र चाहना अनुसार सुव्यवस्थित सहर निर्माण गरिनेछ । |

## ७.५ न्याय प्रणाली

**कार्यालयको नामः न्यायिक समिति**

**१. पृष्ठभूमीः**

वर्तमान संविधान २०७२को धारा २१७ ले दिएको अधिकार बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७-१ र ४७-२ बमोजिम स्थानीय सरकारले न्यायीक निरोपण गर्न सक्ने व्यवस्था गरिएको छ । यो नेपालको सन्दर्भमा स्थानीय सरकारको लागि नयाँ किसिमको कार्य जिम्मेवारी हो ।

**२. प्रमुख समस्याः**

**३. चुनौती तथा अवसर**

स्थानीय तहमा ज्ञान तथा अनुभवको कमी भएको हुँदा न्याय प्रति विश्वास दिलाउनु चुनौतिपूर्ण छ ।

न्यायीक क्षेत्र नगरपालिकाको नजरमा कम प्राथमिकतामा विवादलाई मेलमिलापबाट समाधान गरिने हुंदा दुबै पक्षको जित जित हुने

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

सव्य अनुशासित समाजको परिकल्पना

**४.२ लक्ष्यः**

न्यायमा स्थानीय जनताको सुलभ पहुंच पुर्‍याउने ।

**४.३ उद्देश्यः**

छिटो छरितो कम खर्चिलो न्याय प्रणालीको विकास गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

**तलिका नं. ७.६**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय स्तरमा विवादले मेलमिलाप बाट समाधान गरी सभ्य समाजको निर्माण गर्ने । | वडा स्तरमा मेलमिलाप केन्द्र गठन गर्ने, मेलमिलाप कर्तालाई तालिमको व्यवस्थापन गर्ने अनुगमन कार्यलाई तीव्रता दिइनेछ । |

परिमाणात्मक स्थिति

| क्र.सं. | लक्ष्य अनुसार गन्तव्य र सूचक | एकाइ | न.पा.को आ.व. २०७६।७७ को स्थिति | न.पा.को आ.व. २०८२।२०८३ को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गाको सौदा, कुलोपानी, खानलाउन पाउने, लेनदेन आदि | | वार्षिक २ देखि २५% | मेलमिलाप ९०% | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | स्तरमा विवाद निर्माण गर्नका लागि न्यायिक समितिको गठन भएको हो । यसको मुख्य उद्देश्य विवादलाई मेलमिलाप बाट समाधान गर्नु हो | | मेलमिल ६०% | | |
| | | | | | |

## ७.८ प्रशासकीय सुशासन

**कार्यालयको नामः प्रशासन शाखा**

**१. पृष्ठभूमी**

**२. प्रमुख समस्याः**

- संस्थागत संरचनाको अभाव
- प्रयाप्त दक्ष विशिष्टीकृत ज्ञान सिप क्षमता योग्यता भएको जनशक्तिको कमी

**३. चुनौती तथा अवसर**

वढ्दो जनअपेक्षा अनुरुप चुस्त दुरुस्त रुपमा ICT boardसेवा प्रवाह गर्ने काम चुनौतिपूर्ण छ भने विश्व बजारमा उपलब्ध विभि प्रविधि सूचना प्रविधिको विकास र विस्तार गर्ने अवसर हो ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरीक सन्तुष्टि ।

**४.२ लक्ष्यः**

सन्धिखर्क नगरको सेवा प्रवाहलाई ICT board छरितो र चुस्त बनाई नागरिक सन्तुष्टी बढाउने ।

**४.३. उद्देश्यः**

क. ICT based (service provide) सेवा प्रवाह गर्नु ।

ख. विषयगत शाखाहरुको प्रभावकारी व्यवस्थापन गर्नु ।

ग. सबै शाखाहरुको कार्य विभाजन गर्नु ।

घ. सबै कर्मचारीमा सीप दक्षता अभिवृद्धि गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

**तलिका नं. ७.८**

| रणनीति | कार्यनीति |
|---|---|
| सबै विषयगत शाखाहरुलाई प्रविधि मैत्री बनाउने । | सबै शाखाहरुमा कम्प्युटर लगायतका यन्त्रहरु जडान गरिनेछ ।<br>नपाका कर्मचारीहरुलाई कम्प्युटर लगायतका सेवा प्रवाह सम्बन्धि तालीम दिलाइनेछ । |

परिमाणात्मक स्थिति

तालिका नं. ७.९

| **क्र.सं.** | **लक्ष्य अनुसार गन्तव्य र सूचक** | **एकाइ** | **न.पा.को आ.व. २०७६।७७ को स्थिति** | **न.पा.को आ.व. २०८२।२०८३ को लक्ष्य** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | सबै सेवा ICT based | | | ICT based service delivery | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | डिजिटल वडापत्र | | | skilled manpower | |
| ३ | skilled manpower | | | | |
| | | | | | |

## ७.९ जन्म तथा घटना दर्ता

**कार्यालयको नामः पञ्जीकरण शाखा**

**१. पृष्ठभूमीः** अर्घाखाँची जिल्लामा २०४७ वैशाख १ गते देखि व्यक्तिगत घटना दर्ता गर्ने कार्य सुरु भएको तत् पश्चात् साविकका गा.वि.स हरुमा गा.वि.स सचिवलाई स्थानीय पञ्जीकाधिकारी तोकी व्यक्तिगत घटना दर्ता गर्ने कार्य हुँदै आएकोमा हाल यस नगरपालिका अन्तर्गतका वडा सचिवहरुलाई स्थानीय पञ्जीकाधिकारी तोकी वडा कार्यालयमा व्यक्तिगत घटना दर्ता गर्ने कार्य भईरहेको ।

**२. प्रमुख समस्याः**

क. वडा कार्यलयबाट Online मार्फत व्यक्तिगत घटना दर्ता भईरहेको समयमा Net & Serverमा समस्या देखिइनु ।

ख. वडा कार्यालयहरु अनलाईन प्रक्रियामा जाँदा सबै कार्य सचिवले एक्लैले गर्न नसक्नु ।

ग. सामाजिक सुरक्षाको क्रममा नेपाल सरकारबाटै अन्यौलका पत्र आउनु जस्ले एउटै कार्य बारम्बार गरी रहन पर्ने ।

**३. चुनौतिः**

क. Net & Serverमा समस्या हुँदा घटना दर्तामा समस्या देखा पर्नु ।

ख. कार्यविधि एक किसिमको बनाएर लागु गर्ने तर केही समयमै कार्यविधि परिवर्तन गरिदिंदा अन्यौल बढ्नु

**अवसरः**

क. सबै घटना दर्ता अनलाइन हुंदा समयको बचत हुने ।

ख. सामाजिक सुरक्षा बैंकिङ्ग प्रणालीमा जाँदा दोहोरो सुविधाबाट मुक्त ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**४.१ सोचः** कुनै पनि घटना नछुटाई सम्पूर्ण घटना दर्तालाई अनलाईन प्रणालीमा समावेश गर्ने ।

**४.२ लक्ष्य:**२०१५-२०२४ को व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा अनलाईन प्रणालीमा सफल बनाउने ।

**४.३ उद्देश्य:**व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा अनलाईन प्रणालीमा सफल बनाउने ।

**४.४ रणनीति तथा कार्यनीति:**

**तलिका नं. ७.१०**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| क. घटना दर्ता अनलाईनमा सफल पार्ने । | क. घटना दर्ता अनलाईनमा सफल पार्न वडा सचिवहरुलाई तालिम प्रदान गर्ने । |
| ख. सामाजिक सुरक्षा दोहोरो भत्ता प्रणालीको अन्त्य | ख. सामाजिक सुरक्षा दोहोरो भत्ता प्रणालीको अन्त्य गर्न बैंकसँग सहकार्य गर्ने । |
| ग. डिजिटाइजेशन कार्य समापन गर्ने | ग. डिजिटाइजेशन कार्य समापन गर्न सेवा प्रदायकसँग समन्वय गर्ने । |

**परिमाणात्मक स्थिति:**

**तालिका नं. ७.११**

| **क्र.सं.** | **लक्ष्य अनुसार गन्तव्य र सूचक** | **एकाइ** | **न.पा.को आ.व. २०७६।७७ को स्थिति** | **न.पा.को आ.व. २०८२।२०८३ को लक्ष्य** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | व्यक्तिगत घटना अनलाईन | प्रतिशत | ६० | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सामाजिक सुरक्षा | अनलाईन तथा बैंकिङ्ग | ७० | १०० | |
| ३ | डिजिटाइजेशन | | कार्य सुचारु | पूर्ण रुपले सञ्चालन | |

## ७.१० वित्तीय सुशासन

**१. पृष्ठभूमीः** नेपालमा स्थानीय सरकारको वित्तीय स्थिति दवावमा नै रहेको पाइन्छ । वित्तीय अभावमा रहेको सरकारलाई व्यवस्थापकीय सुधार गर्न कठिनाई हुन्छ । अर्कोतर्फ तल्लो तहको सरकारको आम्दानी बेलोचदार प्रकृतिको हुने भएकोले वित्तीय विज्ञहरुले घाटा बजेट नबनाउन सुझाएका छन् । यसले गर्दा स्थानीय सरकारलाई जनचाहना अनुसार योजना छनौट गरि लगानी गर्न ठूलो समस्या परेको पाइन्छ । यद्यपी तल्लो तहको सरकारलाई खर्चको अभाव हुनु भन्दा उनीहरुले जथाभावी खर्च गर्नु वा खर्च नगरि बस्नु बढी नराम्रो हो भन्ने मान्यता अनुसार अन्तर-सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को परिच्छेद ८ को दफा २५ देखि ३२ सम्म वित्तीय अनुशासन सम्बन्धि कानूनी व्यवस्था गरिएको छ । वित्तीय अनुशासन स्थानीय सरकारको सम्पूर्ण काम, कर्तव्य र अधिकारको कार्यान्वयन गर्दा परिपालना गर्नु पर्ने कानूनी व्यवस्था हो । उक्त सन्दर्भमा यस नगरपालिकाको स्वच्छ, दुरुस्त, अनुशासीत वित्तीय प्रशासन भएमा नागरीक स्वयं पनि जिम्मेवार भई दिगो आर्थिक विकासको महत्वपूर्ण आधार बन्न सक्दछ ।

**२. प्रमुख समस्याः**

क. राजस्व परिचालन सम्बन्धि स्पष्ट संरचना नहुनु ।

ख. राजस्व शाखामा पर्याप्त जनशक्तिको व्यवस्था गर्न नसक्नु ।

ग. करदातामा कर तिर्ने बानीको विकास नहुनु ।

**३. चुनौतिः**

क. राजस्व सम्बन्धि संगठनात्मक संरचनाको निर्माण गर्नु ।

ख. जनशक्तिको व्यवस्था गर्नु ।

ग. करदाताको कर तिर्ने बानीको विकास गर्नु ।

**अवसरः**

क. नगरपालिकाले आफै कर कानून बनाउन पाउने अधिकार ।

ख. जनचेतनाको विकास ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

वित्तिय अनुशासन नगरपालिकाको सान ।

### ४.२ लक्ष्यः

दक्ष र प्रभावकारी राजस्व परिचालन गरी नगरपालिकालाई स्वायत्त बनाउने ।

### ४.३ उद्देश्यः

आन्तरिक राजस्व परिचालनको अंश बढाउनु ।

खर्चमा मितव्ययीता अपनाउनु ।

कर प्रशासनलाई डिजिटाइजेशन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीतिः

**तलिका नं. ७.१०**

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| क. आन्तरिक राजस्वको अंश बढाउने । | क. कर तथा गैर कर राजस्वको दायरा बढाई आन्तरिक राजस्वको आकार बढाइनेछ । |
| ख. स्थायी साधनको विकास र विस्तारमा जोड दिने । | ख. स्थायी साधनको विकास र विस्तारमा जोड दिई करदाताको कर तिर्ने चाहनामा अभिबृद्धि गरिनेछ । |
| ग. राजस्व परिचालन पद्दतीलाई डिजिटाइजेशन गर्ने । | ग. सबै करदाताले अनलाइन विधिबाट कर तिर्न सक्ने व्यवस्था मिलाइनेछ । |

### ७.१३ मानव बेचविखन तथा ओसारपसार नियन्त्रण

# परिच्छेद ८

## अन्तर सम्बन्धित विषय

विश्वमा तहगत सरकारको अन्तरसम्बन्ध जोड्ने सम्बन्धी धारणा सर्वप्रथम सन् १९३० मा अमेरीकामा प्रदुर्भाव भएको हो । तर यो विचार सन् १९५० मा मात्र विश्वव्यापी भएको थियो । वहुलवादमा अन्तरसरकारी सम्बन्ध सम्बन्धी धारणा सबै तहको सरकारको स्वायत्तता संग जोडिएको विषय हो । यसले स्वायत्तता संगै जोडिएको अन्तरसरकारी सम्बन्ध दिगो र उर्वरशील हुन्छ भन्ने मान्यता राखेको छ । यसको मुख्य उद्देश्य सार्वजनिक विकास र सेवाप्रवाहलाई दक्ष र प्रभावकारी बनाउनु रहेको हुन्छ । अन्तरसरकारी सम्बन्धले तहगत सरकारहरुबीच उत्पन्न हुनसक्ने विवाद र गलत प्रतिस्पर्धालाई हटाई अन्तरनिर्भरताबाट प्राप्त गर्न सकिने लाभका आधारमा साझा लक्ष्य प्राप्त गर्न सघाउ पुग्दछ । यसबाट तुलनात्मक लाभको सिद्धान्तका आधारमा उपलब्ध साधनहरुलाई संगसंगै उच्चतम परिचालन गरी आर्थिक तथा सामाजिक विकास गर्न सकिन्छ । साधनहरुको उच्चतम परिचालन गर्न अन्तरसरकारी सम्बन्धलाई प्रजातान्त्रिक, संवैधानिक, वित्तीय र आदर्श दृष्टिकोण (approach) बाट जोड्न सकिने अवधारणा रहेको पाइन्छ । प्रजातान्त्रीक दृष्टिकोणमा मन नपरेको अबस्थामा बाहीरिन सकिने अवसर हुन्छ । संवैधानिक प्रकृयामा तहगत सरकारहरुको सम्बन्धलाई जोड्ने औजार संविधान तथा कानूनहरुमा उल्लेख गरिएको व्यवस्था हो । वित्तीय प्रकृयामा वित्तीय दृष्टिबाट हेरिन्छ र कुन सरकार संग के वित्तीय उत्तरदायीन्व र स्रोत छ सोही आधारमा हेरिन्छ । यस आवधिक योजना निर्माण प्रकृयामा विषयगत क्षेत्रको भौतिक, सामाजिक, सांस्कृतिक, संस्थागत, राजनीतिक मुल्यका अलावा प्राविधिक सीमा र भौगोलिक कारणबाट सरकारहरुबीच सम्बन्ध जोड्ने आधार खोजिएको छ ।

संघ, प्रदेश र स्थानीय सरकारले कानून बमोजिम अधिकार क्षेत्रको आधारमा देश विकासको सोच/सपना अनुसार निर्दिष्ट गरिएको लक्ष्य प्राप्तीलाई ध्यानमा राखी योजना तर्जुमा गरेको हुन्छ । देशको समष्टिगत लक्ष्य समय सीमा भित्र हासील गर्नका लागि तहगत सरकारले समन्वयात्मक रुपमा स्रोतको आधारमा उद्देश्य, नीति, रणनीति, कार्यनीति निर्धारण गर्नु पर्दछ । यसरी समन्वय गर्न विकेन्द्रीकरणको स्वरुप अनुसार अधिकार तल्लो तहमा हस्तान्तरण गर्ने र सन्नीकटताको सिद्धान्त अनुसार तल्लो तहको सरकारको क्षमता अनुसार आफुले नसक्ने काम माथील्लो तहमा पठाउन

सकिन्छ । यस अनुसार कार्यान्वयनको अधिकार हस्तान्तरण गर्दा एकातर्फ दक्षतापूर्ण कार्यान्वय हुन्छ भने अर्कोतर्फ कार्यान्वयनमा संलग्न अधिकारीहरु सन्तुष्ट भई अपनत्वको आधारमा काम गर्दा कामको प्रतिफल प्रभावकारी हुन्छ । तसर्थ, अधिकार र जिम्मेवारी हस्तान्तरणको लागि यहि सिद्धान्त नै दुई संगठनको कामलाई समन्वय गर्ने मुल सैद्धान्तीक आधार हो ।

नेपालको संविधानको धारा ५६ अनुसार गठन भएको संघ, प्रदेश र स्थानीय तहको सरकारको सम्बन्ध जोड्ने मुल आधार संविधानको धारा २३२ मा व्यवस्था गरिएको सहकारिता, सहअस्तित्व र समन्वय हो । संविधानमा यी तीनै तहको सरकारको काम साझा र स्वतन्त्र रुपमा सम्पन्न गर्ने गरी अनुसूची ५ देखि ९ सम्म अधिकारहरु निर्दिष्ट गरिएको छ । नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ जारी गरी लागु भएको छ । संविधानमा व्यवस्था भएको अधिकार क्षेत्रहरु भित्र रही नीति र योजना बनाउँदा एउटा तहको सरकारले अर्को तहको सरकारको अधिकार क्षेत्रलाई ध्यान दिनु पर्ने कुरा यस ऐनको परिच्छेद ३ मा उल्लेख गरिएको छ । ऐनको दफा २ (छ) मा लोकतान्त्रिक मुल्य र मान्यतामा आधारीत समाजवाद उन्मुख अर्थतन्त्र निर्माणलाई अन्तरसम्बन्धको एउटा आधार मानिएको छ । यसका अलावा एकल अधिकारको क्षेत्रमा कानून बनाउँदा संविधान बमोजिम शर्त वा मापदण्ड पालना गर्नुपर्ने दफा ५ (२) र दफा ७ (ख) मा संघले बनाएको नीति वा मापदण्ड बमोजिम हुने व्यवस्था उल्लेख गरिएको छ । दफा १५ मा संघ, प्रदेश र स्थानीय तहले सहकार्य र सूचना आदान-प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ ।

## ८.१ तथ्यांक प्रणाली

### १. पृष्ठभूमीः

नेपालको संविधानमा तथ्यांकीय अधिकार संबन्धि व्यवस्था गरिएको छ । स्थानीय सरकार अन्तरगतका कार्यालयहरुले आ–आफ्नो कार्यालयको तथ्यांक उत्पादन गरेको हुन्छ । ती कार्यालयहरुबाट उत्पादीत तथ्यांक स्थानीय सरकारको नीति तथा कार्यक्रम, अनुगमन र मुल्यांकनका साथै दिर्घकालीन सोच, दिगो विकास लक्ष्य तथा अन्य संबैधानीक तथा कानूनी रुपमा काम, कर्तव्य र अधिकार अनुसार कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्नका लागि वस्त्गत आधार बन्न सक्नेछन् । यसका लागि स्थानीय सरकारले वस्तुगत विवरण -(पार्श्व चित्र) बनाउने परम्परा

स्थापीत भई सकेको अबस्था छ । कुनै पनि योजना जनताको आर्थिक तथा सामाजिक विकासको लागि तर्जुमा गरिनछ । स्थानीय जनता त्यस ठाउँको विकासको साधन र साध्य दुबै हो । यस अर्थमा स्थानीय जनताको तथ्यांक योजना तर्जुमा गर्नका लागि महत्वपूर्ण हुन्छ । तसर्थ, जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद जस्ता मानिसका व्यक्तिगत घटनाहरुको दर्ता स्थानीय निकायले गर्ने गर्दछ । यस सम्बन्धी दर्ता प्रक्रियाबाट स्थानीय स्तरमा जनसंख्याको आकार, बनोट आदिको तथ्याङ्क तत्काल उपलव्ध हुने हुनाले स्थानीय निकायलाई योजना तर्जुमा तथा कार्यान्वयनमा सघाउ पुऱ्याउँदछ ।

तथ्यांक आफैमा एकातर्फ सुक्ष्म एकाइबाट तयार पारिएको समष्टिगत एकाई हो भने अर्को तर्फ समष्टिगत एकाईको आधारमा सुक्ष्म एकाईको स्थिति हेर्ने एक ऐना हो । यसबाट देशको आर्थिक तथा सामाजिक स्थितिको वास्तविक चित्र सजिलै संग देख्न सकिन्छ । यो एक ऐना हो, ऐनाको प्रतिविम्वमा ऐनाको गुणस्तरमा प्रभाव परेको जस्तै तथ्यांकको गुणस्तरले देश विकास योजनाको तर्जुमामा पनि प्रभाव पर्दछ । यसलाई विशवसनीय र वैज्ञानीक बनाउन राष्ट्रिय स्तरको तथ्यांक प्रणाली लागु गरिनु पर्दछ । यसका मापन विधिलाई वैज्ञानीक आधारमा समरुप बनाइनु पर्दछ । तथ्यांकका कतिपय चरहरु समय अनुसार परिवर्तन हुदै जाने भएकोले त्यस्ता चरहरुलाई समय सापेक्ष बनाइनु पर्दछ । पर्याप्त र भरपर्दो तथ्यांक विकास योजना तर्जुमाका अनिवार्य शर्त हुन । समय सापेक्ष तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन सकेको छैन । कतिपय राजनीतिक नेतृत्व आफ्नो अनुकुल योजना तर्जुमा र कार्यान्वयनका लागि पनि तथ्यांक अध्यावधिक नगर्ने गरेको पाइन्छ जस्ले गर्दा तथ्यांक संस्थागत हुन सकेको छैन । यसलाई संस्थागत गर्न अनिवार्य रुपमा संघ, प्रदेश र स्थानीय तहले परिपालना गर्न गराउन यी दुबै संस्थाले आबस्यकता अनुसार समन्वय गर्नु पर्दछ ।

**२. प्रमुख समस्याः**

क. एकिकृत तथ्यांक प्रणालीको विकास नहुनु ।

ख. तथ्यांकको पर्याप्त सूचक निर्धारण नहुनु ।

ग. विकास योजना तथा कार्यान्वयन तथ्यांकमा आधारीत हुने परिपाटी नहुनु ।

**३. चुनौतिः**

क. एकिकृत तथ्यांक प्रणाली निर्माण गर्नु ।

ख. जनशक्तिको व्यवस्था गर्नु ।

ग. तथ्यांकको अद्यावधिक गर्नु ।

**अवसरः**

क. नयाँ प्रविधिको विकास हुनु ।

ख. तथ्यांकको सूचकहरु परिमार्जित हुदैजानु ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

विश्वसनीय अद्यावधिक तथ्यांक संकलन, दिगो नगरविकासको आधार ।

### ४.२ लक्ष्यः

नियमीत रुपमा तथ्यांक संकलन गरी सबै तथ्यांक अद्यावधिक गर्ने ।

### ४.३ उद्देश्यः

तथ्यांकको आधारमा विकास योजना तर्जुमा, कार्यान्वयन गर्ने परिपाटीको विकास गर्नु ।

प्रविधिमा आधारीत तथ्यांक प्रणालीको विकास गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीतिः

**तलिका नं. ७.१०**

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| क. नगरको तथ्यांक अद्यावधिक गर्ने । | क. सबै कार्यालयको तथ्यांक एकिकृत प्रणालीमा जोडि अद्यावधिक गरिनेछ । |
| ख. प्रविधिमा आधारीत तथ्यांक प्रणालीको विकास गर्ने । | ख. सबै तथ्यांकलाई कम्प्युटरमा प्रविष्ट गरिनेछ । |
| | |

## ८.२ गरिबी निवारण

**१. पृष्ठभूमीः**

नेपालको चौधौं योजनाको उद्देश्य पनि गरिबी घटाउने रहेको छ। यस सम्बन्धमा राष्ट्रिय योजना आयोगलने लक्षित वर्ष २०१५, २०१९, २०२२, २०२५ र २०३० कायम गरि प्रतिव्यक्ति १.२५ डलर भन्दा कम भएको जनसंख्या सन् २०३० सम्ममा ४.९ प्रतिशतमा झार्ने लक्ष राखेको छ। उक्त लक्ष्य प्राप्तिका लागि कार्यान्वयनको अधिकार नेपालको संविधानको अनुसूचीहरुमा संघ र स्थानीयतहको अधिकार सूचीमा सामाजिक सुरक्षा र गरिबी निवारण भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ३(क) मा सो सम्बन्धि व्यबस्था गरिएको छ। तर प्रदेश तहका सम्बन्धमा साझा अधिकार सूचीमा मात्र उल्लेख भएको अबस्था देखिन्छ। अर्कोतर्फ दफा २४(२) मा योजनाको लक्ष तथा उद्देश्यहरु माथीबाट तलको प्रकृया संग मेलखाने गरी बनाउनु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ।

प्राप्त विवरण अनुसार संन्धिखर्क नगरपालिकाका मानिसहरुले मासिक रुपमा औषत रु १०००० भन्दा कम कमाउनेको परिवार संख्या ३९५३ रहेको देखिन्छ।

**२. प्रमुख समस्याः**

मासिक रुपमा कमाउने परिवार ठूलो संख्यामा हुनु, रोजगारीको अवसर कम हुनु,

**३. चुनौति तथा अवसरः**

गरिबी निवारण चलायमान समस्या भएकोले चुनौतिपूर्ण हुन्छ । किनकी यस सम्बन्धि कार्यक्रमले मानिसहरु काम नगर्ने, अर्को स्थानबाट बसाइ सराइ हुने आदी चुनौति हुन्छन् ।

वर्तमान विश्वले स्वीकारेको दिगो विकास लक्ष्यमा गरिबी निवारण सरकारको पहिलो प्राथमीकताको विषय भएको छ । नेपालले मुलतः दशौं योजना देखी गरिबी निवारणलाई प्राथमीकता राखी योजना बनाउने गरेको पाइन्छ । यस सन्दर्भमा यसका लागि विभिन्न अनुदान कार्यक्रम सञ्चालन हुने, प्रविधिको विकासले मानिसमा ज्ञानको विकास भएकोले यो एक अवसर हो ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोचः

नगरपालिका भित्र गरिबीको अन्त्य, सन्धिखर्क नगरपालिकाको रहर ।

### ४.२ लक्ष्यः

श्रम गर्न चाहने सबै नागरिकलाई रोजगारीको अवसार प्रदान गर्ने ।

### ४.३ उद्देश्यः

उद्यमशीलताको विकास गरी स्थानीय श्रमीकलाई रोजगारीको अवसर प्रदान गर्नु ।

उत्पादन र बजारको सम्बन्ध जोड्न आबस्यक सहजीकरण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

**तलिका नं. ८.१**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय श्रमीकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमीकता दिने । | स्थानीय श्रमीकको श्रम र सीपमा आधारीत रोजगारी दिन सक्ने उद्योगलाई नियमानुसार अनुदान प्रदान गरिनेछ । |

| | |
|---|---|
| उत्पादकलाई प्रोत्साहीत गर्न बजारको विकास र विस्तार गर्ने । | उत्पादीत वस्तुको विक्रीको सुनिश्चितता गर्न तराई मधेस सम्म बजारको विकास र विस्तार गर्न अधिकतम पहल गरिनेछ । |

## ८.३ श्रम तथा रोजगारी

**१. पृष्ठभूमीः**

गरिबी निवारण र आर्थिक विकासमा श्रम तथा रोजगारीको महत्वपूर्ण स्थान हुन्छ । यसका लागि श्रम बजारको आबस्यकता अनुसार सीपमूलक श्रमशक्तिको विकास गर्नु पर्दछ ।

**२. प्रमुख समस्याः**

बजारको माग अनुसारको श्रमशक्ति स्थानीय तहमा उपलब्ध नहुनु, श्रम, सीप र उत्पादन बीच सम्बन्ध नहुनु, श्रम प्रतिको सम्मानको कमी, उद्यमशीलता विकास नहुनु आदि मुख्य समस्या हुन् ।

**३. चुनौति तथा अवसरः**

श्रम तथा रोजगारीको हक कायम गर्नु, श्रमीकलाई उत्पादन क्षेत्र संग जोड्नु चुनौतिपूर्ण कार्य हुन् ।

विश्व बजारबाट घर फर्केका मानिसको ज्ञान, आफ्नो घर आगनमा काम गर्ने लालसा बढ्नु, श्रमको न्युनतम ज्याला निर्धारण हुनु आदि अवसर हुन् ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोचः**

सबै नगरबासीलाई रोजगारीको अवसर, सन्धिखर्क नगरपालिकाको रहर ।

**४.२ लक्ष्यः**

श्रम गर्न चाहने सबै नागरिकलाई रोजगारीको अवसार प्रदान गर्ने ।

### ४.३ उद्देश्यः

उद्यमशीलताको विकास गरी स्थानीय श्रमीकलाई रोजगारीको अवसर प्रदान गर्नु ।

उत्पादन र बजारको सम्बन्ध जोड्न आबस्यक सहजीकरण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

**तलिका नं. ८.२**

| रणनीति | कार्यनीति |
| --- | --- |
| स्थानीय श्रमीकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमिकता दिने । | स्थानीय श्रमीकको श्रम र सीपमा आधारीत रोजगारी दिन सक्ने उद्योगलाई नियमानुसार अनुदान प्रदान गरिनेछ । |
| उत्पादकलाई प्रोत्साहीत गर्न बजारको विकास र विस्तार गर्ने । | उत्पादीत वस्तुको विक्रीको सुनिश्चितता गर्न तराई मधेस सम्म बजारको विकास र विस्तार गर्न अधिकतम पहल गरिनेछ । |

## ८.४ वातावरण

वातावरण भन्नाले पृथ्वीको आवरण अर्थात पृथ्वीमा रहेका हावा, पानी, माटो, वन जंगल, पुशपंक्षी तथा मानिसबीचको सम्बन्ध वा अवस्था भन्ने बुझिन्छ । वातावरणले मानिसको सामाजिक, आर्थिक, भौतिक तथा मनोवैज्ञानिक रुपमा स्वस्थ राख्न महत्वपूर्ण भूमिका खेल्दछ । वातावरणीय सन्तुलन भनेको चर अचर जगतमा रहेका वा निर्माण भएका ध्वनि, हावा, पानी आदि ठिक्क अबस्थामा रहि रहनु हो । वन तथा वातावरण एक आपसका परिपूरक छन् भन्न सकिन्छ किनकी एकको अभावमा अर्कोको अस्तित्व लोप हुँदै जान्छ । यी दुवैको समुचित व्यवस्थापन विना मानव तथा अन्य जीव जन्तुको अस्तित्वमा समेत नकारात्मक असर पर्दछ । तसर्थ वन तथा वातावरणको उचित व्यवस्थापन विना मानिसको सामाजिक तथा आर्थिक विकास कठिन र अपुर्ण हुन जान्छ ।

**शहरी वातावरण स्थिति**

सामान्यतया अधिकांश शहरी क्षेत्रमा वन तथा वातावरणीय प्रभाव नकारात्मक भएको देख्न सकिन्छ । यसो हुनुमा शहरी क्षेत्रमा वन जङ्गलको क्षेत्रफल जन घनत्वको तुलनामा कम र औद्योगिक प्रतिष्ठानहरु बढी हुनुले हो भन्न सकिन्छ । जसको प्रभावले वायु तथा जलीय प्रदुषण, ध्वधि प्रदुषण, ढल निकास र फोहरमैलाबाट उत्पन्न प्रदुषण लगायतका समस्याहरु शहरी क्षेत्रमा परेको हुन्छ ।

**वायु तथा जलीय प्रदुषण**

उद्योग कलकारखाना तथा शहरको बस्तीबाट निस्कने फोहरमैलाको उचित व्यवस्थापन हुन नसकेको खण्डमा जलीय दृष्टिले गौर नगरपालिका नजिक बहने नदीमा हुन सक्ने जलीय प्रदुषण प्रभाव नियन्त्रण गर्नु पर्ने हुन्छ ।

**ध्वनि प्रदुषण**

ध्वनि प्रदुषणको दृष्टिले यस नगरपालिकाको बसहरुको ध्वनि प्रदुषण प्रभाव पर्दछ ।

**ढल निकास र फोहरमैला प्रदुषण**

**अन्य प्रभाव**

अन्य वातावरणीय समस्याहरुमा जनसमुदायभित्र वातावरण प्रदुषण हुने खालको उद्योग खोल्नु, सडकमा यातायातको चाप बढ्नु, पुराना यातायातका साधनहरु सञ्चालन गरिनु, मिसावट तेल प्रयोग भएका यातायात सञ्चालनमा आउनु, अत्यधिक मात्रामा वन फँडानी हुनु, कलकारखानाबाट निस्केको फोहर सीधै नदीमा मिसाउनु, घर घरमा शौचालयको निर्माण नहुनु आदि पर्दछन् ।

**डढेलो**

गर्मी मौसममा हुने आगलागी तथा डढेलो पनि एक प्रमुख वातावरणीय समस्या हो । नेपाल ग्रामीण जनताको चेतनाको कमी तथा हेलचेक्राईबाट आगो लागेर वर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ । गर्मी मौसममा हावाहुरी चल्ने भएकोले आगोको सानो झिल्कोले पनि ठूलो विनाश गर्दछ । धुम्रपान गर्न बालेको सलाईको काँटी वा चुरोट विडी राम्रोसँग ननिभाई वन जंगलको सुकेको पात पतिंगरतिर जथाभावी फाल्नाले त्यसैबाट जंगलमा आगलागी वा ढडेलो लाग्ने गर्दछ ।

## ८.५ जलवायु परिवर्तन

**भू-क्षय तथा बाढीपहिरो**

नेपालको ग्रामीण भेगमा भूक्षय तथा बाढीपहिरो पनि प्रमुख समस्याको रुपमा रहेका छन् । यसबाट ग्रामीण जनताको जनजीवन मात्र नभई राष्ट्रकै आर्थिक तथा सामाजिक अवस्थामा प्रश्न चिन्ह खडा हुने गर्दछ । ग्रामीण भेगमा जथाभावी कृषि सडक खन्नु, बन/खोरिया फँडानी हुनु, आचारसंहिता विपरीत पूर्वाधार निर्माण हुनु, नदी खोला वरिपरिका जग्गाहरु मिचेर घर बनाउनु आदि यसका प्रमुख कारणहरु हुन् । यसको कारण नेपालको ग्रामीण भेगमा वर्षेनी अत्यधिक धनजनको क्षति हुने गरेको प्राप्त तथ्याङ्कले देखाएको छ ।

## ८.६ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरु

# परिच्छेद ९

# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

## ९.१ योजना तर्जुमा

सन्धिखर्क नगरपालिकाले आवधिक योजना तर्जुमा गर्नका लागि नगरपालिकाको कार्यसमिति, कार्यालय प्रमुख, प्रदेश सभा सांसद तथा अन्य व्यक्तित्वको उपस्थितिमा आवधिक योजना बनाउने सहमतिय कार्यशाला गोष्ठि गरिएको थियो । गोष्ठिमा अभिव्यक्त सहमति अनुसार योजना तर्जुमा गर्दा वस्ती स्तरबाट स्थानीय जनताको आबस्यकता र चाहना अनुसार आबस्यक सहभागीतात्मक विधि पूरा गरी आयोजनाहरुको संकलन गरिएको थियो । तीय योजनालाई वडा समितिले अनुमोदन गरी विषयगत समितिमा पठाएका थिए । सम्बन्धित विषयगत समितिले आयोजनाको सबै पक्षको विश्लेषण गरेको थियो । विषयगत कार्यालयहरुले आफूसंग सम्बन्धित शाखाका आयोजनाको सबै पक्षयको विश्लेषण गरी विषयगत समितिमा प्रस्तुत गरेको थियो । विषयगत समितिले संकलित आयोजनाका बारेमा व्यापक छलफल गरी प्राथमीकीकरण गरेको थियो । प्रत्येक विषयगत समितिको प्राथमीकीकरण गरेको आयोजनालाई सामुहिक कार्यशालामा राखी व्यापक छलफल पश्चात अनुमोदन गरिएको थियो ।

योजना तर्जुमाका महत्वपूर्ण विषय आयोजना तर्जुमा गर्दा आयोजनाका सबै आयामको विश्लेषण गर्ने परिपाटीको विकास गर्नु हो । यसकालागि कार्याशालाहरुमा प्राविधिक सम्भव्यता, आर्थिक तथा समाजिक लाभ, वित्तिय फाइदा, प्रशासनीक क्षमता, जनसहभागीता, बजार सम्भाव्यता आदी बारे सहजीकरण गरिएको थियो । आयोजना तर्जुमा गर्दा ऐन, नियम, निर्देशिकाको परिपालना गर्न सहजीकरण गरिएको थियो । यसका लागि स्थानीय लाभान्वित जनताले थाहापाउने गरी आयोजनाको समय, लागत र प्रतिफल खुलाउन सम्बन्धित पक्षलाई सहजीकरण गरिएको थियो । सार्वजनिक, निजी, सहकारी तथा सामुदायीक क्षेत्रहरुको सहभागीता हुने आयोजनाको तर्जुमा गर्न प्रोत्साहीत गरिएको थियो ।

स्थानीय तहको आवधिक योजना तर्जुमाको कानूनी आधार नेपालको संविधान, अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन–२०७४, स्थानीय सरकार सञ्चालन ऐन–२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन–२०७४, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन–२०७७ हो । आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन–२०७५ लाई महत्वपूर्ण सन्दर्भ सामाग्रीको रुपमा लिइएको छ

। विषयगत कार्यक्षेत्रको कार्यप्रकृयाको मापनको लागि संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड–२०७६ लाई पनि ध्यान दिइएको छ ।

संविधान, ऐन, नियम, निर्देशिकालाई आधारमानी सहभागीताको आधारमा योजना तर्जुमा गरिएकोछ । आवधिक योजनामा समावेश गरिएका योजनाको कार्यान्वयनको आधार वार्षिक योजना हो । वार्षिक योजनामा कार्यान्वयन गरिएका योजनाको अनुगमन र मुल्यांकन तिल उल्लेखीत ढाँचामा उल्लेख गरिएकोछ ।

## ९.२ आयोजना बैंक

राष्ट्रिय आयोजना बैंक र प्रादेशिक आयोजना बैंकमा संकलित आयोजनाहरुलाई कार्यान्वयनका लागि प्राथमीकीकरण गरेको पाइएन । यस नगरपालिकाले आयोजना छनौट गर्दा प्रावीधीक रुपमा अपनाइनु पर्ने आयोजना छनौटका आधारहरुलाई महत्वका साथ प्राथमीकता दिनु पर्ने देखिन्छ । जस्तै:

- राष्ट्रिय लक्ष्य अनुसारका क्षेत्रगत कार्यक्रममा परेको योजना ।
- निश्चित समयमा सम्पन्न गर्न सकिने ।
- बजेटको सुनिश्चितता भएको ।
- सरकारको प्राथमिकता प्राप्त रणनीतिक महत्वका योजना ।
- लगत लाभका दृष्टिले फाइदाजनक ।
- कार्यान्वयनमा संस्थागत क्षमता भएको ।
- राजस्व बृद्धिमा योगदान पुर्‍याउने ।
- तुलनात्मक रुपमा जनतालाई सेवा प्रवाहको दायरा बढी भएको ।

## ९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था

आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आबस्यक व्यवस्था मिलाइनु पर्दछ । वास्तवमा आवधिक योजना विषयगत समिति अन्तर्गतका शाखामा संस्थागत रुपमा राखी प्रत्येक वार्षिक योजनाबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइनु पर्दछ । योजनाको कार्यान्वयन विधि, कार्यतालिका जिम्मेवार संस्था, व्यक्ति निर्धारण गरिनु पर्दछ ।नगरपालिकाको स्मार्ट सहर बनाउने सोच अनुसार यस आवधिक योजनामा नगरपालिकाको संस्थागत विकास र कार्यान्वयन प्रकृयालाई स्मार्ट बनाउन सूचना तथा प्रविधि मैत्री नगरपालिका बनाउन आबस्यक पर्दछ ।

विगत देखि वर्तमान सम्म नगरपालिकामा भए गरेका कामको व्यवस्थित रुपमा रेकर्ड राख्ने व्यवस्था गर्न सूचना प्रविधिको महत्वपूर्ण स्थान रहेको हुन्छ । योजनाहरुको कार्यान्वयन स्थिति, नगरपालिकाबाट हुने सेवा प्रवाह सम्बन्धमा पनि सर्वसाधरणले थाहापाउने गरी सूचना प्रवाह गर्न प्रभावकारी सूचना प्रविधि हुन आबस्यक छ । नगरपालिकाले कानून अनुसार काम गर्न प्रशासन व्यवस्थालाई सूचना प्रविधि मैत्री बनाउनु पर्ने हुन्छ ।

**विषय क्षेत्रगत समिति र सो अन्तर्गतका कार्यालयहरु**

**तालिका नं. ९.१**

| क्र.सं. | विषयगत उद्देश्य | समन्वयकर्ता/ संयोजक | मुख्य कार्यान्वयनकर्ता | सहयोगी संस्था |
|---|---|---|---|---|
| १ | आर्थिक समिति | | | |
| आर्थिक विकास | कृषि | कृषि शाखा | नगरपालिका, कृषि शाखा | बैंक तथा वित्तीय संस्था, गैसस, कृषक समूह, महिला समूह, सिँचाई कार्यालय, निजी क्षेत्र, प्रदेश तथा नेपाल सरकार । |

| | | | | |
|---|---|---|---|---|
| | पशु | पशु सेवा शाखा | नगरपालिका, पशु सेवा शाखा | बैंक गैसस, कृषक समूह, महिला समूह, महिला विकास शाखा, निजी क्षेत्र, दुग्ध उत्पादक संघ, प्रदेश तथा नेपाल सरकार । |
| | उद्योग, वाणिज्य र पर्यटन | घरेलु तथा साना उद्योग, वित्तीय संस्थाहरु | नगरपालिका, घरेलु तथा साना उद्योग, वित्तीय संस्थाहरु | उद्योग वाणिज्य संघ, निजी क्षेत्र, गैसस, प्रदेश सरकार, नेपाल सरकार |
| २ | सामाजिक समिति | | | |
| | शिक्षा | शिक्षा शाखा | शिक्षा शाखा,, गैसस, विद्यालय, शिक्षक सेवा आयोग, उमाशिप | स्थानीय, प्रदेश सरकार, नेपाल सरकार, विद्यालय, शिक्षा विभाग, मन्त्रालय, |
| | स्वास्थ्य | स्वास्थ्य शाखा | नगरपालिका, आयुर्वेदिक औषधालयहरु, निजी क्षेत्र, गैसस, स्वास्थ्य मन्त्रालय, | स्वास्थ्य संस्थाहरु, स्वास्थ्य मन्त्रालय, रेडक्रस, गैसस, |
| | खानेपानी तथा सरसफाई | खानेपानी शाख | खानेपानी शाखा, उपभोक्ता समिति, नगरपालिका, प्रदेश सरकार, | उपभोक्ता समिति, नगरपालिका सामुदायिक संस्था, गैसस, मन्त्रालय, |
| | संस्कृति प्रवर्धन | | | |

| | | | | |
|---|---|---|---|---|
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | महिला विकास शाखा, बाल कल्याण समिति | स्थानीय निकाय, महिला विकास शाखा, बाल कल्याण समिति, गैसस | गैसस, मन्त्रालय, बाल कल्याण समिति, महिला विकास शाखा, घरेलु तथा साना उद्योग कार्यालय, |
| ३ | पूर्वाधार समिति | | | |
| | सडक | नपा, सडक कार्यालय | नपा, सडक कार्यालय | स्थानीय निकाय, उपभोक्ता समिति, प्रदेश सरकार, नेपाल सरकार |
| | सिचाई | सिँचाई शाखा | नपा, सिँचाई शाखा, बैंक, कृषि शाखा, | उपभोक्ता समिति, कृषक समूह, बैंक, गैसस, प्रदेश सरकार, नेपाल सरकार |
| | बिद्युत | बिद्युत प्राधिकरण | बिद्युत प्राधिकरण | बिद्युत प्राधिकरण, नेपाल सरकार, |
| | सञ्चार | नेपाल टेलिकम | नेपाल सरकार, नेपाल टेलिकम | नेपाल सरकार, नपा, पत्रकार |
| | भवन, आवास तथा शहरी विकास | नगरपालिका | मालपोत कार्यालय, आवास तथा शहरी विकास शाखा । | नपा, विषयगत कार्यालयहरु, प्रदेश सरकार, नेपाल सरकार |

| | | | | |
|---|---|---|---|---|
| ४ | वातावरणीय व्यवस्थापन समिति | | | |
| | वन | वन कार्यालय, | वन कार्यालय, नपा, भूसंरक्षण कार्यालय, खानी तथा भूगर्भ विभाग | नेपाल सरकार, प्रदेश सरकार, नपा, गैसस |
| | भूसंरक्षण | वन कार्यालय, भूसंरक्षण कार्यालय | वन कार्यालय, नपा, नापी शाखा, भूसंरक्षण कार्यालय, खानी तथा भूगर्भ विभाग | प्रदेश सरकार, नेपाल सरकार, गैसस |
| | वातावरण | वन कार्यालय, भूसंरक्षण कार्यालय, खानेपानी कार्यालय | वन कार्यालय, नापी शाखा, भूसंरक्षण कार्यालय, खानी तथा भूगर्भ विभाग, खानेपानी कार्यालय | नेपाल सरकार, प्रदेश सरकार, नपा, गैसस, रेडक्रस, खानेपानी कार्यालय |
| ५ वित्तीय तथा संस्थागत स्रोत, क्षमता | वित्तीय तथा संस्थागत स्रोत, क्षमता तथा व्यवस्थापन समिति | विषयगत कार्यालयहरु | नपा, अनुगमन तथा सुपरीवेक्षण उपसमितिहरु, सूचना केन्द्र, रायोआ, वित्तआयोग, सरकारी कार्यालय | गैसस, विषयगत कार्यालयहरु, नपा, सूचना केन्द्र, प्रदेश सरकार, नेपाल सरकार, |

| | | | | |
|---|---|---|---|---|
| तथा व्यवस्थापन समिति | | | | |

## ९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय

### १. पृष्ठभूमी

नेपालमा राज्य शक्तिको प्रयोग गर्न संविधान तथा कानूनबाट संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र निर्धारण गरी कार्यक्षेत्र निर्धारण गरिएको छ। ती अधिकारको प्रयोग गर्दा एक आपसमा समन्वय गर्नु पर्ने संवैधानीक व्यवस्था छ। नेपालको संविधानको धारा ५६ अनुसार गठन भएको संघ, प्रदेश र स्थानीय तहको सरकारको सम्बन्ध जोड्ने मुल आधार संविधानको धारा २३२ मा व्यवस्था गरिएको सहकारिता, सहअस्तित्व र समन्वय हो। संविधानमा यी तीनै तहको सरकारको काम साझा र स्वतन्त्र रुपमा सम्पन्न गर्ने गरी अनुसूची ५ देखि ९ सम्म अधिकारहरु निर्दिष्ट गरिएको छ। नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ जारी गरी लागु भएको छ। संविधानमा व्यवस्था भएको अधिकार क्षेत्रहरु भित्र रही नीति र योजना बनाउँदा एउटा तहको सरकारले अर्को तहको सरकारको अधिकार क्षेत्रलाई ध्यान दिनु पर्ने कुरा यस ऐनको परिच्छेद ३ मा उल्लेख गरिएको छ। ऐनको दफा २ (छ) मा लोकतान्त्रिक मुल्य र मान्यतामा आधारीत समाजवाद उन्मुख अर्थतन्त्र निर्माणलाई अन्तरसम्बन्धको एउटा आधार मानिएको छ। यसका अलावा एकल अधिकारको क्षेत्रमा कानून बनाउँदा संविधान बमोजिम शर्त वा मापदण्ड पालना गर्नुपर्ने दफा ५ (२) र दफा ७ (ख) मा संघले बनाएको नीति वा मापदण्ड बमोजिम हुने व्यवस्था उल्लेख गरिएको छ। दफा १५ मा संघ, प्रदेश र स्थानीय तहले सहकार्य र सूचना आदान-प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ।

## २. प्रमुख समस्याः

तहगत सरकारको काममा दोहोरोपन आउन मुख्य समस्या हो । अन्तरसम्बन्धको आधारमा योजनाहरुमा दोहोरोपन हुन नदिन आबस्यक कानूनी तथा व्यवहारीक उपाय अवलम्बन गर्न सकिएको छैन ।

## ३. चुनौति तथा अवसर :

संविधान तथा कानूनमा उल्लेख भएका कामको कार्य विस्तृतिकरण गर्नु चुनौतिपूर्ण कार्य हो । यद्यपी, तहगत समन्वय ऐन, २०७७ लागु भएकोले योजनाहरुमा दोहोरोपन हुन नदिन अवसर को रुपमा लिन सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१. सोचः

योजना तथा कार्यान्वयनमा तादत्म्यता, तहगत सरकारको अभिष्ठता ।

### ४.२. लक्ष्यः

सन्धिखर्क नगरपालिकाको जिम्मेवारी अनुसारको काम गर्दा काममा दोहोरोपन हुन नदिने ।

### ४.३. उद्देश्यः

क. अधिकार अनुसारको योजना कार्यान्वयन गर्नु ।

ख. योजना कार्यान्वयनमा दोहोरोपन हुन नदिनु ।

### ४.४ रणनीति तथा कार्यनीति

**तालिका नं. ९.२**

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| सबै विषयगत कार्यालयको योजना नदोहोरिने गरी छनौट गर्ने । | सबै शाखाहरुको योजनासंघ र प्रदेशको योजना संग नदोहोरिने गरी छनौट गरिनेछ । |

## ९.५ जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन नगरपालिकाको अप्रत्यासीत रुपमा सम्पादन गर्नु पर्ने कार्य हो । यो व्यवस्थापकीय अनुशासन कार्य पद्दती हो यसमा योजना, संगठन, निर्देशन, समन्वय र नियन्त्रणको व्यवस्था मिलाइएको हुनु पर्दछ । नगरपालिका घर दैलोको सरकार हुनाले स्थानीय जनताले अप्रत्यासीत रुपमा भोग्नु पर्ने समस्यामा तुरुन्त संलग्न हुनु पर्दछ । आयोजना व्यवस्थापनको सन्दर्भमा आउने जोखीमका लागि आयोजना कार्यान्वयनको रणनीति, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन पद्दती र आयोजना कार्यान्वयन स्थलमा सौहार्दपूर्ण वातावरण पर्दछन् (Shrestha, 2018)।

**१. पृष्ठभूमी**

**२. प्रमुख समस्याः**

यस नगरपालिका पहाडी भूमागले घेरिएको हुँदा बाढी पहिरो जस्ता जोखिमहरु छन् । यसका अलावा भूकम्प, आगालागि, रोग महामारी जस्ता समस्याहरु छन् ।

**३. चुनौति तथा अवसर :**जोखिम व्यवस्थापन नगरपालिकाको लागि एक चुनौतिपूर्ण कार्य हो । नगरपालिकाले जोखिम सम्बोधनका लागि आबस्यक पर्ने भौतिक पूर्वाधार जुटाउन कठिन भएको हुँदा जोखिम व्यवस्थापन गर्नु चुनौतिपूर्ण कार्य हो ।

वर्तमानमा जनतामा चेतनाको विकास, नयाँ प्रविधिहरुको उपलब्धता, पूर्वसतर्कतामा बृद्धि जस्ता कारणले जोखिम व्यवस्थापनमा केही सहजता हुने देखिन्छ ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१. सोचः**

नगरपालिकाको प्रतिबद्धता, जनतालाई तत्काल आइपर्ने जोखिम संग आबद्धता ।

**४.२. लक्ष्य:**

सन्धिखर्क नगरपालिकाको जनतालाई तत्काल आइपर्ने जोखिमको तुरुन्त संबोधन गर्ने ।

**४.३. उद्देश्य:**

क. जोखिम सम्बोधन गर्ने सामाग्रीको व्यवस्था गर्नु ।

ख. जोखिममा काम गर्ने जनशक्तिको विकास गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

**तालिका नं. ९.४**

| रणनीति | कार्यनीति |
|---|---|
| दमकल, सार्वजनीक भवनलाई जोखिमको समयमा प्रयोग गर्न सक्ने गरी व्यवस्था गर्ने । | नगरपालिका भित्र दमकलको व्यवस्था गरिनेछ । |
| आगालागि नियन्त्रण गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । | आगालागि हुन नदिन आबस्यक सचेतामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |

## ९.६ अनुगमन तथा मूल्यांकन

योजनाको अनुगमन तथा मुल्यांकन पद्दती योजना तर्जुमा तथा कार्यान्वयनको महत्वपूर्ण पक्ष हो । योजना अनुगमन प्रणालीबाट नियमीत र निरन्तर रुपमा आवधिक योजनाले परिलक्षित गरेको योजनाको कामको प्रगती तथा प्रतिफलको सम्भावनाको अधिकारप्राप्त अधिकारीबाट जाँच गर्ने व्यवस्था गरिएको छ। यस्तो अनुगमन योजना कार्यान्वयन स्थलको भ्रमण, योजनाको प्रगती पुस्तीकाको अवलोकनबाट गर्न सकिन्छ। यसबाट योजनाको उपादेयता, दक्षता, प्रभावकारीता र कार्यसम्पादनमा प्रभाव मापन गरिन्छ ।

मुल्यांकन भन्नाले कार्यान्वयनको चरणमा रहेका वा सम्पन्न भएका आयोजना कति राम्रो संग कार्यान्वयन भइरहेको छ वा भयो र त्यस आयोजनाबाट के प्राप्ती भयो भन्ने कुराको लेखाजोखा भन्ने बुझिन्छ । आयोजना एक पटक गरिने कृयाकलाप हो यसको जन्म कुनैपनि देश वा संस्थाको लक्ष्य प्राप्तीको लागि बनेको नीति, योजना, कार्यक्रमका आधारमा भएको हुन्छ । It is the process of examining a program or process to determine the working performance such as what's working, what's not, and why (Shrestha, 2018:147). आयोजनाको नतिजा, प्रभाव, कामको कार्यसम्पादन स्थिति कस्तो छ भनी थाहापाउन मुल्यांकन गरिन्छ ।

विकास आयोजनाको प्रभावकारी कार्यान्वयनमा आयोजना मुल्यांकनको महत्वपूर्ण स्थान हुन्छ । आयोजना मुल्यांकनले लगानीको स्थिति के छ र कति उपलब्धीमुलक हुन सक्दछ भन्ने कुरा थाहा पाउन सघाउ पुग्दछ । आयोजना मुल्यांकनको मुख्य उद्देश्य कार्यान्वयनको क्रममा भएका सबल र दुर्बल पक्षहरुबाट पाठसिकी भावी कामलाई व्यवस्थित गर्नु, आबस्यक सुधार गर्नु तथा सम्बन्धित पक्षलाई योजना कार्यान्वयन र नतिजाप्रति जवाफदेही बनाउनु हो । आयोजनाको लक्ष्य प्राप्तीको स्थिति थाहा पाउन कार्यान्वयनको क्रममा रहेको आयोजना कति राम्रो संग भइ रहेको छ र के कति उपलब्धि भएको छ भन्ने बारे समय समयमा मुल्यांकन गर्न जरुरी हुन्छ । यस्तो मुल्यांकन आन्तरिक तथा वाह्य व्यक्तिबाट एक भन्दा बढी समय गर्न सकिन्छ (Dale, 2009:33) । सारांश मुल्यांकन काम सम्पन्न भएपछि गरिन्छ । यसको उद्देश्य आयोजनाको जाँच गर्नुको साथै डिजाइन र व्यवस्थापनको जाँच गर्नु हो । प्रत्येक कार्यक्रमको अनुगमन गर्ने निकाय, अनुगमन विधि र अनुगमनको पटक आदि खुलाइएको अनुगमन तालिका तल दिइएको छ ।

**(क) आर्थिक विकास**

| क्र.सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि* | अनुगमन पटक( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक तरकारी बाली उत्पादन कार्यक्रम | नपा | १,३,४,५,६,७ | ४ पटक | नपा | कृविशा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | कृषि पूर्वाधार | नपा | ३,४ | ४ पटक | नपा | नपा |
| ३ | टिम्मुर, कफी क्षेत्र विस्तार | कृषि शाखा | १,३,७ | २ पटक | कृषि शाखा | नपा |
| ४ | खाद्यान्न बिज वृद्धि कार्यक्रम | कृषि शाखा | ३,७ | २ पटक | कृषि शाखा | नपा |
| ५ | बजार व्यवस्थापन कार्यक्रम | कृषि शाखा | १,३,७ | २ पटक | कृषि शाखा | नपा |
| ६ | फलफूल उत्पादन कार्यक्रम | कृषि शाखा | ३ | २ पटक | कृषि शाखा | नपा |
| ७ | पशुपंक्षी स्वास्थ्य तथा नश्ल सुधार कार्यक्रम | कृषि शाखा | १,३,७ | २ पटक | कृषि शाखा | नपा |
| ८ | डेरी उद्योग कार्यक्रम | नपा | १,३,७ | २ पटक | नपा | नपा |
| ९ | मासु उत्पादन कार्यक्रम | नपा | १,३,७ | २ पटक | नपा | नपा |
| १० | समन्वयात्मक कृषि कार्यक्रम | नपा, कृषि शाखा | १,२,३ | २ पटक | नपा, कृषि शाखा | नपा, कृषि शाखा |
| ११ | पर्यटन विकास कार्यक्रम | नपा | १,२ | २ पटक | नपा | नपा |
| १२ | सहकारी | नपा | | १ | सहकारी संस्था | सहकारी शाखा |

*अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

**(ख) सामाजिक समिति**

**शिक्षा र खेलकूद**

| क.सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि* | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | शिक्षक/शिक्षिका तालिम | नपा, शिक्षा शाखा | १,३,५ | ३ | नपा, शिशा | शिशा |
| २ | अनौपचारीक शिक्षा तथा चेतना कार्यक्रम | नपा | २,३,५ | ३ | नपा, शिशा | शिशा |
| ३ | खाजा कार्यक्रम | नपा | ३,७ | ६ | नपा, शिशा | शिशा |
| ४ | विद्यालय भौतिक पूर्वाधार निर्माण | नपा | १,३,४,५ | २ | नपा, शिशा | शिशा |
| ५ | विद्यालय आइसिटि पूर्वाधार निर्माण | नपा, शिक्षा शाखा | १,३,४,५ | २ | नपा, शिशा | शिशा |
| ६ | इसिडि कार्यक्रम | | | | | |
| ७ | छात्रवृत्ति वितरण | नपा | १,३,५ | ४ | नपा, शिशा | शिशा |
| ८ | शिक्षण सामग्री वितरण | नपा | २,५,६ | २ | नपा, शिशा | शिशा |
| ९ | खेल संचालन | नपा | १,३ | २ | नपा, शिशा | शिशा |

*अनुगमन विधिहरु :  १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

स्वस्थ्य

| **क.सं.** | **कार्यक्रम** | **अनुगमन गर्ने निकाय** | **अनुगमन विधि*** | **अनुगमन पटक (वार्षिक)** | **प्रतिवेदन पेश हुने निकाय** | **प्रतिवेदन कार्यान्वयन गर्ने निकाय** |
|---|---|---|---|---|---|---|
| १ | घरमा शून्य सुत्केरी | नपा, स्वास्थ्य शाखा | ३,५,६ | ३ | नपा, स्वाशा | स्वाशा |
| २ | शुन्य मातृ नवशिशु र बालबालिका अभियान | नपा | २,३,५ | ३ | नपा, स्वाशा | स्वाशा |
| ३ | स्वास्थ्य भौतिक पूर्वाधार निर्माण | नपा | ३,७ | २ | नपा, स्वाशा | स्वाशा |
| ४ | पोषण विशेष कार्यक्रम | नपा | १,३,४,५ | ३ | नपा, स्वाशा | स्वाशा |
| ५ | किशोर किशोरी विशेष | नपा, शिक्षा शाखा | १,३,४,५ | २ | नपा, स्वाशा | स्वाशा |
| ६ | प्रजनन् स्वास्थ्य कार्यक्रम | | | २ | नपा, स्वाशा | स्वाशा |
| ७ | पूर्ण सरसफाई युक्त नगरपालिका | नपा | १,३,५ | ४ | नपा, स्वाशा | स्वाशा |
| ८ | खोप केन्द्र भवन | नपा | २,५,६ | २ | नपा, स्वाशा | स्वाशा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | औजार, औषधि उपकरणको व्यवस्थापन | नपा | १,३ | २ | नपा, स्वाशा | स्वाशा |
| *अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

| **क.सं.** | **कार्यक्रम** | **अनुगमन गर्ने निकाय** | **अनुगमन विधि*** | **अनुगमन पटक (वार्षिक)** | **प्रतिवेदन पेश हुने निकाय** | **प्रतिवेदन कार्यान्वयन गर्ने निकाय** |
|---|---|---|---|---|---|---|
| १ | **खानेपानी** | नपा, स्वास्थ्य शाखा | ३,५,६ | ३ | नपा, स्वाशा | स्वाशा |
| २ | स्वच्छ खानेपानी कार्यक्रम | नपा | २,३,५, | ३ | नपा | खापा |
| ३ | फोहोरमैला व्यवस्थापन कार्यकक | नपा | ३,७ | २ | नपा | खापा |
| ४ | मासिक सरसफाई अभियान कार्यक्रम | नपा | २,३,६ | १२ | नपा | खापा |
| *अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

(ग) भौतिक पूर्वाधार

**(क)**
**सडक**

| **क.सं.** | **कार्यक्रम** | **अनुगमन गर्ने निकाय** | **अनुगमन विधि*** | **अनुगमन पटक (वार्षिक)** | **प्रतिवेदन पेश हुने निकाय** | **प्रतिवेदन कार्यान्वयन गर्ने निकाय** |
|---|---|---|---|---|---|---|
| १ | सडक निर्माण | नपा | ३,४,७ | ४ | नपा | नपा सडक शाखा |
| | सिँचाई कार्यालय | नपा | ३,४,७ | ४ | नपा | |
| | भवन तथा शहरी विकास | नपा | ३,४,७ | ४ | नपा | |
| | ऊर्जा | नपा | ३,४,७ | ४ | नपा | |
| | लघु तथा साना जल विद्युत | नपा | ३,४,७ | ४ | नपा | |
| | वैकल्पिक ऊर्जा | नपा | ३,४,७ | ४ | नपा | |
| | सञ्चार | नपा | ३,४,७ | ४ | नपा | |
| | *अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | |
| | **वातावरण समिति** | | | | | |

| क.सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि* | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वनलाई उत्पादनसँग जोडि फलफुल खेती गर्ने | | | | | |
| २ | जैवीक विविधताको संरक्षण | | | | | |
| ३ | जलाधार संरक्षण | | | | | |
| ४ | जलवायु परिवर्तन | | | | | |
| ५ | फोहोरमैला | | | | | |
| ६ | जल उत्पन्न प्रकोप | | | | | |
| ७ | विपद् व्यवस्थापन | | | | | |
| *अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |
| | | | | | | |

| संस्थागत विकास, सेवा प्रवाह तथा सु-शासन | | | | | | |
|---|---|---|---|---|---|---|
| **क.सं.** | **कार्यक्रम** | **अनुगमन गर्ने निकाय** | **अनुगमन विधि*** | **अनुगमन पटक ( वार्षिक)** | **प्रतिवेदन पेश हुने निकाय** | **प्रतिवेदन कार्यान्वयन गर्ने निकाय** |
| १ | मानव संसाधन विकास | | | | | |
| २ | संस्थागत क्षमता विकास | | | | | |
| ३ | सूचना प्रविधि | | | | | |
| ४ | लेखांकन | | | | | |
| ५ | राजस्व | | | | | |

*अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

# अनूसूची

## प्रथम आवधिक योजनामा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजना

योजनामा उल्लेख गरिएका रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गरी दीर्घकालीन सोच र विषय क्षेत्रगत लक्ष्य हासिल गर्न प्रमुख कार्यक्रमको पहिचान निम्न तालिकाहरु बमोजिम गरिएको छ ।

### (क) आर्थिक विकास

| क.सं. | **कार्यक्रम** | लक्ष्य | आयोजना अवधि | कुल लागत (लाख) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | व्यवसायिक तरकारी बाली उत्पादन कार्यक्रम | | २०७८/७९ २०८२/८३ | | नगरपालिका तरकारीमा आत्मनिर्भर भई निकासी भएको हुनेछ । अर्गानिक तरकारी उत्पादन भएको हुनेछ । |
| २ | कृषि पूर्वाधार | | २०७८/७९ २०८२/८३ | | कृषि मल, सामाग्री उपलब्ध भएको हुनेछ । |
| ३ | टिम्मुर, कफी क्षेत्र विस्तार | | २०७८/७९ २०८२/८३ | | टिम्मुर, कफी स्वदेश तथा विदेशमा निर्यात भएको हुनेछ । |
| ४ | खाद्यान्न बिज वृद्धि कार्यक्रम | | २०७८/७९ २०८२/८३ | | स्थानीय तहमा उत्पादन हुने धान, मकै, लगायतका वीउ वितरण भएको हुनेछ । |
| ५ | बजार व्यवस्थापन कार्यक्रम | | २०७८/७९ २०८२/८३ | | नगरपालिका, बुटवल, भैरहवा तथा स्वदेश तथा विदेशमा नपा भित्र उत्पादीत वस्तु बजार उपलब्ध भएको हुनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | फलफूल उत्पादन कार्यक्रम | | २०७८/७९ २०८२/८३ | | सबै किसानलाई फलफुलका विरुवा आबस्यकता अनुसार उपलब्ध भएको हुनेछ । |
| ७ | पशुपंक्षी स्वास्थ्य तथा नश्ल सुधार कार्यक्रम | | २०७८/७९ २०८२/८३ | | नयाँ जातका बाखा, बोका लगायतका पशुपंक्षी उपलब्ध भएको हुनेछ । |
| ८ | डेरी उद्योग कार्यक्रम | | २०७८/७९ २०८२/८३ | | दुधमा आत्मनिर्भर भई निर्यात भएको हुनेछ । |
| ९ | मासु उत्पादन कार्यक्रम | | २०७८/७९ २०८२/८३ | | मासुमा आत्मनिर्भर भई निर्यात भएको हुनेछ । |
| १० | समन्वयात्मक कृषि कार्यक्रम | | २०७८/७९ २०८२/८३ | | मल, बीउ, उत्पादन, बजार बीच अन्तर सम्बन्ध भई उत्पादन र बजार व्यवस्थित भएको हुनेछ । |
| ११ | पर्यटन विकास कार्यक्रम | | २०७८/७९ २०८२/८३ | | पर्यटक संख्या र बासाइ अबधि बढेको हुनेछ । |
| १२ | सहकारी | | २०७८/७९ २०८२/८३ | | उत्पादक र लगानी क्षेत्रको विकास भएको हुनेछ । |
| | जम्मा | | | ६७८३ | |

### (ख) सामाजिक समिति

### शिक्षा र खेलकूद

| क.सं. | कार्यक्रम | लक्ष्य | आयोजना अवधि | कुल लागत (लाख) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
